# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

विश्व परिवेशलाई हेर्दा महिलाको अवस्था र स्थान परिवार भित्र होस् या बाहिर दुनियामा निम्न अवस्थाको रहेको छ । नेपालको परिवेशमा हेर्दा समग्र जनसंख्याको आधा भन्दा बढि संख्या महिलाको रहेता पनि हरेक काममा पुरुषको सहयोगीको रूपमा रहेको छ । नेपाल एक पुरुषको वर्चश्व रहेको समाज हो । नेपालमा महिला र पुरुषको स्थितिमा ठूलो अन्तर पाइन्छ । घरबाहिरका कामहरूमा पुरुषको संलग्नता र समन्वय रहन्छ नकि महिलाको । जसको बढी संलग्नता घरायसी काममा रहन्छ । यदि विकाससँग सम्बन्धीत क्रियाकलापहरू ग्रामीण गरिब मानिसहरू बिचमा पठाईन्छ भने त्यसमा पुरुष वर्गहरूको सहभागीता रहन्छ ।

Acharya (१९९७) को भनाइ अनुसार आर्थिक विकासमा महिलाहरू पूर्ण सहभागीताबाट बन्चीत हुनुको पछाडिको मूख्य कारण मध्ये सामाजिक संस्कार पनि हो । जुन नतिजाको कारण महिलाको हातमा निर्णायक शक्ति कम हुन्छ । आर्थिक विकासको निम्ती जति धेरै महिला सहभागीता हुन्छ त्यति नै महिलाको निर्णायक भूमीका बढी हुनेछ । महिलाहरू केवल बच्चा जन्माउने, उनीहरूलाइ हुर्काउने काममा मात्र उत्तरदायी हुन्छन् र समाजको बराबरी सदस्यको रुपमा विकास प्रकृयामा सहभागी बन्न महिलाको निम्ती धेरै अप्ठेरो हुन्छ भन्ने खालको सामाजिक मान्यता रही आएको छ । यिनै माथि उल्लेखित सबै कारणहरूको आधारमा महिलाहरूको स्थितीलाई पुरुषसँग तुलना गर्दा एकदमै कमजोर देखिन्छ । जब कि राजनैतिक, सामाजिक, साँस्कृतिक विकासले कुनै पनि देश भित्र आर्थिक विकासलाई पछ्याई रहेको हुन्छ । यो सन्दर्भमा संयुक्त राष्ट्र संघद्वारा औपचारिक रुपमा कानुन सम्बन्ध महिलाहरूको स्थिती माथि आधारित भएर नियमहरू बनेका थिए । जसले महिलाहरूलाई उनीहरूको सामाजिक, आर्थिक जीवनमा समान अधिकार दिनलार्य प्रयास गरेको छ । साथै कानुनी रुपमानै आर्थिक, सामाजिक, शैक्षिक रुपमा देखिएका लैंगिक असमानतालाई हटाउनको निम्ती सुझाव प्रस्तुत गरेको छ ।

नेपाल विश्वको दोस्रो मुलुक हो जहाँ पुरुषको भन्दा महिलाको औषत आयू कम छ। जसमा महिलाको ५२.६ वर्ष र पुरुषको ५५.४ बर्ष रहेको छ। महिलाको साक्षरता प्रतिशत नेपालमा २५ प्रतिशत र पुरुषको ५४ प्रतिशत रहेको छ (CBS 1991)। विशेष गरेर ग्रामीण क्षेत्रमा नेपाली महिला केटाहरू भन्दा बढि काम गर्छन। ३५ प्रतिशत देखि ५० प्रतिशत सम्म घरायसी काम, आर्थिक तथा कृषि पेशामा बिताउँछन्। (Dhakal and \Sheikh, 1997)।

हिन्दु धारणा अनुसार महिलालाई देविको रूपमा पुजीने चलन देखिन्छ। परापूर्वकालमा नारीको स्थान ज्यादै महत्वपूर्ण र मर्यादित थियो। 'नारी' या महिला शब्दले घरको परिचय गराउँथ्यो। तापनि उनीहरूले समेत आफ्नो जिम्मेवारीको हिस्सा राख्दथे। पत्नीलाई पतिको आधा अंग मानिन्थ्यो भने अर्थात पुरुषलाई पनि पत्नी बिनापूर्ण मानिदैनथ्यो। पत्नीको अनुपस्थितीमा पतिबाट गरिएको धार्मीक कार्य समेत निष्फल हुन्छ भन्ने अवधारणा समेत रहेको कुरा राजा रामले अश्वमेघ यज्ञ गर्न लाग्दा सुनको सीता बनाई आफुसँगै राखी यज्ञ गरेकोबाट पुष्टी हुन्छ। यसरी प्राचीनकाल देखिनै मर्यादित र सम्माननिय स्थान ओगड्दै आएको महिलाहरूको स्थितीमा बिस्तारै बिस्तारै कुठाराघात हुँदै जान थाल्यो र महिलाहरूले घर बाहिर जानु हुँदैन भन्ने जस्ता कुविचारहरूका जन्म हुन पुग्यो। फलस्वरूप पुरुषहरूको अहम् भावनाले महिलाहरूलाई घरको चार दिवार भित्र गुम्सन बाध्य बनायो साथै पुरुष प्रधान समाजको निर्माण हुन पुग्यो तर पनि परिवार र समाजमा महिलाको योगदान ज्यादै बढि देखिन्छ। घरायसी र अन्य काम गर्ने कुरालाई समेत दृष्गिोचर गरि हेर्ने हो भने प्रतिण्दिन महिलाले पुरुषको तुलनामा झण्डै दोब्बर काम गर्दछन तर उनीहरूको काम र योगदानण्को कुनै मूल्याकन गरिदैन (राय, १९७६)।

जनसंख्याको हिसाबले हेर्दा २०४८ सालमा कुल जनसंख्या १,८४,९१,०९६ रहेको थियो। त्यस मध्ये महिलाको ३२,७०,१२३ रहेको थियो। २०५८ सालको जनगणना अनुसार कुल जनसंख्या २,३१,५१,४२३ र त्यसमा महिलाकोसंख्या १,१३,८७,५०२ र पुरुषको १,१३,६३,९२१ रहेको छ। यसमा पनि हिमाली भेगमा सबभन्दा कम अर्थात कुल ८,५२,७०५ अर्थात ७.३० प्रतिशत र सबभन्दा बढि तराई भागमा कुल महिला ५५,२७,६११ अर्थात ४७.५० प्रतिशत महिलाहरू छन् (राष्ट्रीय जनगणना २०५८)।

महिलाहरू दिनमा ११ घण्टा काम गर्छन भने पुरुषहरू ७ घण्टा काम गर्छन्। महिलाहरूको समाजमा तिन किसीमको भूमीका ण्उत्पादन, पुनरउत्पादन तथा समुदायको

व्यवस्थपनमा आफ्नो समय खर्चेका छन् । तर सबैकामको आर्थिक मूल्य नहुँदा उनीहरूको परिवारमा न्यून स्थान छ । महिलाको आर्थिक सामाजिक अवस्था कमजोर हुँदा त्यसको प्रत्यक्ष असर महिलाले गर्ने घरायसी निर्णय अधिकारमा पर्दछ । पुनरउत्पादन भूमीकालाई कामको रुपमा तथा घरायसी क्रियाकलापलाई उत्पादक मूलक कामको रुपमा सरकारि प्रणालीले समेत लेखाजोखा गरेको पाईदैन । शिक्षाप्राप्त गर्ने मौका तथा व्यक्तीगत गतिशिलता मा प्रायजसो महिलाहरू समाजमा प्रथाको नाममा गरीने विभेदकारी अभ्यासबाट दमित हुन पूगेका छन् । जसको प्रत्यक्ष प्रभाव उनीहरूले गर्ने स्वतन्त्र निर्णयमा पर्दछ । (UNDP : 1995)।

नेपाली समाजमा विगत देखि नै लैङ्गिक असमानता हुँदै आएको पाइन्छ । दशौ योजनाको अनुसार महिलाहरू आफ्नो पुरुष समकक्षी भन्दा प्रतिदिन औषत ११ घण्टा बढि कार्य गर्दछन् । (दशौ योजना २०५९-२०६४) । त्यस्तै गरि स्त्री शक्ति नेपालको सन् १९९३ मा गरेको अध्ययन अनुसार ग्रामीण क्षेत्रका महिलाहरूले प्रतिदिन १० घण्टा ३३ मिनेट काम गर्ने गर्दछन् । जबकि पुरुषले जम्मा प्रतिदिन ७ घण्टा १७ मिनेट मात्र काम गर्दछन् । शहरी क्षेत्रका महिलाहरूले ७ घण्टा ५५ मिनेट काम गर्दछन् । जब कि पुरुषले प्रतिदिन जम्मा ६ घण्टा काम गर्दछन् । चाहे शहरी होस् या ग्रामीण क्षेत्रका पुरुषले आफ्नो काम गर्ने समय मध्ये २०% भन्दा कम मात्रै समय घरेलु काम धन्दा र बिस्तारित आर्थिक क्रियाकलापमा बिताउने गर्दछन् भने शहरी तथा ग्रामीण क्षेत्रमा महिलाहरू ६०.४२% समय घरेलु कामधन्दामा खर्च गर्दछन् भनिएको छ । त्यसैले हाल कुनै पनि विकासका योजना गर्दा होस् या विकासका प्रयासहरूमा समाहित गर्ने मान्यताको विकास हुँदै आएको भएतापनि अपेक्षित उपलब्धीबाट भने हरेक विकास प्रयासहरू टाढै रहने गरेका छन् । महिला सशक्तिकरणका लागि पनि विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट पनि विभिन्न प्रयासहरू भएता पनि लैङ्गिक विभेदपूर्ण स्थितिमा भने सुधार आएको छैन । किनभने निती निर्माण तहमै पुरुषको बाहुल्यता छ । यदि न्यून महिलाहरूको प्रतिनिधित्व भैहाले तापनि हुनेखाने वर्गका महिलाहरूको सहभागिता हुने भएकोले वास्तविक कठिन जीवन व्यतित गर्ने महिलाहरू भने उक्त निती तथा कार्यक्रमबाट बन्चित हुन बाध्य छन् । यसरी हेर्दा नेपाली महिलाहरूको स्तर माथि उठ्न नसक्नुमा समाजका रितीरिवाज, परम्परा, मूल्य, मान्यता, प्रथा आदि प्रमुख जिम्मेवार देखिन्छन् (श्रेष्ठ र अन्य साथिहरू, २०६६) ।

त्यस्तै गरि विश्वका महान् विचारक देखि लिएर प्रमुख धर्मशास्त्रहरू समेत महिलाहरू प्रति पूर्वाग्रही देखिन्छन् । अरस्तु भन्दछण्न् “पोथिको आत्मा हुँदैन” महिलाहरूको शरीर कमजोर भएकोले नै उनीहरूको योग्यता पनि कमजोर भएको हो । त्यसै गरि सिग्मण्ड फ्रायड भन्दछन् “महिलाहरूका शरीर नै भाग्य हो ” । त्यस्तै गरि धार्मीक दृष्टिकोणमा हेर्ने हो भने हिन्दु, बौद्ध, इश्लाम, क्रिश्चियन आदि धर्मशास्त्रले पनि लैङ्गिक विभेदलाई प्रोत्साहन दिइरहेको छ । प्रशिद्ध धार्मिक ग्रन्थ बाइबलका अनुसार “केटी र आइमाईलाई समान दयाभाव राख्नु पर्दछ ।” त्यस्तै गरि हिन्दु धर्मशास्त्र मनु भन्दछन् “आइमाईलाई बाल्यकालमा बाबुले, यौवन कालमा लोग्नेले, बुढेसकालमा छोराले नियन्त्रणमा राख्नुपर्दछ” । यि कुराहरूका आधारमा हामी के भन्न सक्छौ भने विश्वका महान विचारक देखि प्रमुख धर्मशास्त्र पनि समानताको पक्षमा देखिदैनन् । विश्वका अधिकांश समाजमा पुरुषको तुलनामा महिलाहरूको भूमीका बढि देखिन्छ । पुरुषहरू खासगरि उत्पादन तथा सामाजिक भूमीकामा संलग्न हुन्छन् भने महिलाहरू यि दुबै भूमिकाको साथसाथै जैविक रूपमा पनि पुनर उत्पादक भूमीकामा संलग्न हुन्छन् । साथै भ्रुण अवस्था देखि नै विभिन्न यातना, अपमान, घृणा आदि भोग्नु पर्ने स्थिति देखिन्छ । यसबाट महिलाहरूको मानव अधिकारको अवहेलना भैरहेको स्थितिलाई स्वीकार्न हामी बाध्य छौ । हुनत महिलाका पक्षमा विभिन्न सन्धि सम्झौता नभएका पनि होइनन् । जस्तै संयुक्त राष्ट्र संघको वडा पत्र १९४५, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, महिला विरुद्ध भेदभावका सबै स्वरूपहरूको उन्मुलन विषयक संयुक्त राष्टण संघीय सन्धी १९७९, शैक्षिक भेदभाव विरुद्धको युनेस्को सन्धी १९६२ लगायत विभिन्न सन्धी सम्झौता भेला निकै अगाडि देखि भएता पनि समस्या यथावत नै छ (श्रेष्ठ र अन्य साथीहरू, २०६६) ।

विकास प्रकृयामा महिलालाई संलग्न गराएमा आर्थिक क्षेत्रमा योगदान हुन्छ भन्ने कुरामा पञ्चायत काल देखि नै जोड दिन सुरु गरियो र अहिले सम्म यो जोड निरन्तर भई आएकोमा आश्चर्य मान्नु पर्दैन् । उदाहरणका लागि सन् १९७९ मा नेपालको सरकारी नीति मुल रूपमा राष्ट्रिय उत्पादकत्व बढाउनका लागि महिलाहरूको योगदान वृद्धी गर्न प्रयासरत थियो । (अर्याल १९७९) यसै गरि नेपालको जनसंख्याको ४८.८ प्रतिशत भाग महिलाले ओगटेका छन् तथा उनीहरू देशका सम्भावित श्रम शक्तिलाई पनि हुन् । त्यसैले यो उत्पादनशिल श्रमशक्तिलाई परिचालित गरियो भने उत्पादनको निरन्तर वृद्धिसँगै विकासको दर पनि बढाउन सकिन्छ । सातौं योजनामा यो तर्कसहित महिलाका लागि राष्ट्रिय नीति

तयार गरियो । साथै हालसालै गरीएका धेरै स्वतन्त्र अनुसन्धानहरूले पनि मानव संसाधनको उच्चतम उपयोगका लागि स्रोत तथा अवसरहरूको समतामुलक वितरण हुनु पर्दछ भन्ने कुरा औल्याएका छन् (आचार्य १९९५) । यो सोच अहिले सम्म पनि अरु नारीवादी सोचहरू भन्दा दह्रो गरी जमेर बसेको छ । सन् सत्तरी तथा असी को दशकमा महिलाहरूको आयमाण हुने योगदान र उक्त योगदान तथा घर भित्र आय आर्जन सम्बन्धी निर्णय प्रक्रियामा उनिहरूको सहभागिताका सम्बन्धमा गरिएका विश्लेषण तथा त्यस्ता विश्लेषणका लागि अपनाइएका विधिहरू नै अहिलेका महिला सम्बन्धी अनुसन्धानमा पनि हावी भएकाछन् भन्ने कुराले उदार नारीवादी सिद्धान्तको प्रभूत्वलाई प्रष्ट्याउँछ (Shtri Shakti 1995)।

वास्तवमा नेपाली महिलाहरू स्वतन्त्र पूर्वक बाँच्न पाउनु पर्ने आधारभूत मानव अधिकारबाट समेत बञ्चित छन् । अर्थात सामाजिक, सांस्कृतिक रूपमानै परिवारको एउटा दासको रूपमा बाँच्न वाध्य छन् । दिनानुदिन महिलाहरू माथि हुने दमन, शोषण, हिंशा आदिका घटनाहरू बढिराखेका छन । सामाजिक, सास्कृतिक, आर्थिक तथा शैक्षिक स्थिति कमजोर हुनाले पनि अधिकांश काममा महिलाको सहभागिता भएतापनि सम्पती, आर्थिक हिसाबकिताब, सामाजीक तथा पारिवारीक समस्याको त्यससँग सम्बन्धीत पक्षको निर्णयमा महिलाको भूमिका न्यून हुन्छ । अरुको निर्णयमा चल्नुपर्ने हुन्छ । घरायसी निर्णय प्रकृयामा महिलाको सहभागीता उनीहरूको विचारको कदर न्यून हुन्छ । जसमा प्रभाव पार्ने तत्व सामाजिक, आर्थिक, साँस्कृतिक आदि रहेका हुन्छन् । ती पक्षमा किन महिला कम सहभागी छन् । कति छन् र कसरी प्रभाव पार्दछ भन्ने कुराको अनुसन्धानबाट मात्रै महिलाको भूमिका एवं अबस्था थाहा हुन्छ ।

नेपालमा ८६.२३ प्रतिशत महिला ग्रामिण क्षेत्रमा बस्दछन् । घरायसी क्रियाकलापको सर्न्दभमा उनिहरूले विभिन्न प्रकारका भूमीकाहरू निभाएका हुन्छन् ।आमा, श्रीमतीको रूपमा आफ्नो समुदायमा सामाजिक, साँस्कृतिक, सेवाहरू  प्रदान गरेका हुन्छन् । यदि यस्ता काममा उनीहरू व्यस्त नहुने हो भने उनीहरू पारिवारीक व्यापार र अन्य आर्थिक क्रियाकलापमा सलग्न हुन सक्दछन् । आर्थिक अवस्थाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उनीहरूको दैनिक जीवनमा घरायसी निर्णय प्रक्रियामा प्रभाव पारेको हुन्छ । (CBS:2001)

अहिलेको समसामयिक विश्वमा सरकार, NGOS र अन्य विभिन्न क्षेत्र तथा सस्थाहरूले प्रायजसो निर्णय अधिकारको प्रक्रिया भन्ने वाक्यलाई प्रयोग गरेको पाइन्छ । प्रत्यक समय र क्रियाकलापमा प्रत्यकले निर्णय गर्दै अगाडि बढेको पाइन्छ । फरक त्यत्ति हो व्यक्तिगत भूमीका कम या बढी हुन सक्छ । अन्य समूह, संगठन तथा समुदायको तुलनामा कुन क्रियाकलापमा कस्तो ठाउँमा कस्को कति निर्णय गर्ने अधिकार छ भन्ने कुरामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सामाजिक, साँस्कृतिक मुल्य मान्यता, शिक्षा, उमेरले प्रभाव पार्दछ । निर्णय अधिकारको प्रक्रिया विभिन्न तह र पक्षसँग सम्बन्धित छ । महिला, पुरुषको निर्णय अधिकारको भूमीका कस्तो छ भन्ने कुरा निर्णय अधिकारको प्रकृया तथा निर्णय गर्ने क्षेत्रको आधारमा विश्लेषण गर्न सकिन्छ । यिनै अवस्थाबाट नै जो कसैले पनि आफ्नो सोचलाई भूमीकालाई निर्णयको रूपमा बाहिर ल्याउन सक्छ, प्रस्तत गर्न सक्छ । जुन निम्न क्षेत्रमा देख्न सकिन्छ : घरायसी क्रियाकलाप, घरायसी खर्च, घरायसी उत्पादनको बिक्रि वितरण आदि (Shtri Shakti :1995)।

नेपालको कुल जनसंख्याको आधा धर्ती महिलाले ओगटेतापनि राज्य संरचनाले सबै क्षेत्र तथा तहहरूमा महिलाको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको छ । पितृसतात्मक सामाजिक संरचनाले गर्दा देशको सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनिय योगदानकर्ताको रूपमा रहेका अधिकांश महिलाहरूले विभिन्न सामाजिक, सांस्कृतिक एवं राजनैतिक क्षेत्रमा असमानता तथा भेदभावको शिकार बन्नुपरेको कुरा नेपाली समाजको तितो यथार्थ हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिला अधिकारका विषयहरूलाई मौलिक हकको रूपमा मान्यता दिएता पनि ती व्यवस्थाहरूको उचित कार्यान्वयनको अभावमा महिला र पुरुष बीच समता र समानताको अवस्था कायम हुन नसकि समस्या यथावतै रहेको यस क्षेत्रमा गरिएका धेरै अनुसन्धानहरूले के देखाउँदछ भने महिला बालिकामा गरिने लगानिले गरिबी निवारण र राष्ट्रको समग्र समृद्धिमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्दछ । वर्ल्डइकोनोमीक फोरमले आफ्नो लैङ्गीक विभिन्नता सम्बन्धी Gender Gap प्रतिवेदनमा विभिन्न देशमा आर्थिक एवं राजनीतिक सहभागिता र शिक्षा तथा स्वास्थ्यमा पहुँचको सन्दर्भमा महिला र पुरुषबीचको विभेद झण्डै समाप्त भैसकेको देशहरू आर्थिक रूपमा अरुभन्द समृद्ध छन्भन्ने यथार्थलाई उजागर गरिसकेको छ (नेपाल महिला आयोग :२०६८) ।

## १.२ समस्याको कथन

नेपाली समाज यसमा पनि ग्रामीण क्षेत्रमा महिलाहरू घरायसी काम, उत्पादन क्षेत्रमा कृषिमा पुरुषको तुलनामा बढि समय खर्चिदा पनि उनीहरूको सामाजिक, आथिक, अवस्था कमजोर छ । शिक्षा, स्वास्थ्य, पेशा आदि पक्षमा कम पहुँच छ । आफ्नो या परिवारको विषयमा निर्णय गर्नु पर्दा महिलाका भूमिकालाई व्यवास्था गरिन्छ । त्यस अवस्थामा किन दैनिक दश घण्टा काम गर्दा पनि परिवारमा उनीहरूको निर्णय अधिकार कम छ ? यस बिषयलाई प्रत्यक्ष असर पार्ने पक्ष कारणहरूमा महिलाको स्थिति कस्तो छ ? पत्ता लगाउनु पर्ने देखिन्छ । साथै घर भित्रका क्रियाकलापमा पनि निर्णय गर्ने अधिकार कम छ । त्यसो किन भयो र त्यसमा संलग्न अन्य-तत्व जस्तो सामाजिक, आर्थिक, व्यवसाय, पेशामा कति संलग्न छन् र छैनन् भने किन छैनन् भन्ने कुरा पत्ता लगाउनु एउटा अनुसन्धानको बिषय बन्न सक्दछ ।

अहिलेसम्म जतिपनि अनुसन्धान भएका छन् ति सबै केही जनजाती महिला तथा केही बाहुन, क्षेत्री महिलाहरूसँग सम्बन्धीत छन् । क्षेत्री महिलाहरूको छुट्टै अध्ययन नगरी बाहुनसँग मिलाएर गरिएको छ । जबकि यथार्थमा यस क्षेत्रका पुरुष नै पछि परेको अवस्थामा महिला झनै पिछडिएका छन् । त्यसकारण सिमीकोटका क्षेत्री महिलाको अवस्था र भूमीकाको बारेमा जान्न उनीहरूको समस्या बुझ्न यो अनुसन्धान आवश्यक छ ।

महिलाहरूसँग सम्बन्धीत हरेक कार्यक्रमहरूको सफलता असफलतामा उक्त कार्यक्रम लागु गरिएको समाजको सामाजिक, साँस्कृतिक वातावरणले अहं भूमीका निर्वाह गर्दछ । त्यसैले सामाजिक वातावरण, मूल्यमान्यतालाई पहिचान गर्दै गलत संस्कार र सोचको अन्त्य तथा सहि संस्कृतिको सम्मान गर्दै महिला शसक्तिकरण कार्यक्रम संचालन गर्नुपर्दछ । जसबाट असफल बन्ने प्रश्न नै उठदैन । अध्ययन क्षेत्रका महिलाहरू अदृश्य घर भित्रका तथा त्यस बाहेक कृषि, बच्चाको स्याहारसुसार गर्ने, खाना बनाउने आदि काममा संलग्न छन् । तर त्यसको मौद्रिक मूल्यमा गणना हुँदैन । जसको प्रत्यक्ष असर केमा पर्दछ भन्ने कुराको गहिरो अध्ययन गर्न आवश्यक छ । यिनै प्रशङ्गहरूलाई उजागर गर्दै घरायसी निर्णय प्रकृयामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने तत्व, कारण खोज्ने प्रयासका साथ हुम्ला जिल्लाको सिमीकोट गा.वि.स. मा पर्ने तल्लो गाउँका महिलाहरूको घरायसी निर्णय प्रंकृयामा रहेको भूमीका बारेमा अध्ययन गरी एउटा लिखित दस्तावेज तयार गर्ने प्रयास

गरिएको छ । जसका निम्ती निम्न प्रश्नको उत्तर खोज्ने प्रयास यस शोध अध्ययनमा गरिएको छ ।

१. अध्ययन क्षेत्रमा क्षेत्री समुदायका महिला र पुरुष कसले बढि अवसर प्राप्त गरेका छन् ?

२. अध्ययन क्षेत्रका क्षेत्री महिलाहरूको निर्णय प्रकृयामा प्रभाव पार्ने तत्वहरू के के हुन् ?

३. क्षेत्री महिलाहरू कस्ता कस्ता घरायसी क्रियाकलापमा संलग्न छन् ?

४. अध्ययन क्षेत्रका क्षेत्री महिलाहरूले कस्ता कस्ता लैङ्गिक विभेद पूर्ण घरायसी क्रियाकलाप गर्दछन् ?

५. क्षेत्री महिलाहरूको सामाजिक, आर्थिक, अवस्था कस्तो छ ?

६. घरायसी निर्णय प्रकृयामा अध्ययन क्षेत्रका क्षेत्री महिलाको भूमीका कस्तो छ ?

७. सामाजिक भेला, विकास निर्माणका कार्यको छलफलमा उनीहरूको कतिको सहभागिता छ ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन अनुसन्धानका आफ्नै प्रकारका मौलिक उद्देश्य रहेका हुन्छन् । यस अध्ययनको मूख्य उद्देश्य घरायसी निर्णय प्रकृयामा महिलाको भूमिका बारेमा अध्ययन गरि सम्बन्धीत तथ्य बाहिर ल्याउनु हो । यस अध्ययनको उद्देश्य निम्न बुँदामा केन्द्रीत रहनेछ ।

१. अध्ययनमा समेटिएका महिलाहरूको सामाजिक तथा आर्थिक पृष्ठभुमिको वर्णन गर्ने,

२. घरायसी क्रियाकलापमा महिलाको निर्णय गर्ने भूमिकाको स्थितिको विश्लेषण गर्ने ।

३. घरायसी क्रियाकलापमा महिलाको निर्णय गर्ने भूमिकालाई प्रभावित गर्ने तत्वहरूको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपाली समाजमा समग्रमा महिलाको निर्णय अधिकार पुरुषको तुलनामा कमजोर छ । यस माथि पनि नेपाली समाज जहाँ हरेक क्रियाकलाप साँस्कृतिक परिवेश, धर्मले नियन्त्रण गरेको हुन्छ । हुम्ला जिल्ला पिछडिएको जिल्ला तथा सामाजिक सांस्कृतिक अन्धविश्वासमा जकडिएको ठाउँ हो । जहाँको सांस्कृतिक मान्यता अनुरूप महिलाहरू घरायसी काम, कृषि, गाईवस्तु हेर्ने अधिकांस काममा संलग्न छन् । यस्तो अवस्थामा यस अध्ययनले ग्रामीण पिछडिएका क्षेत्रका महिलाको घरायसी निर्णय अधिकारमा कस्तो भूमिका रहेको छ भन्ने कुरा पत्ता लगाउन मद्धत गर्नेछ । किन निर्णय गर्नुपर्ने क्रियाकलापमा महिला पछि छन् र त्यसलाई प्रभाव पार्ने मुख्य तत्वहरूको बारेमा जानकारी पाउन सकिनेछ । पिछडिएका क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक, स्थिति र त्यसबाट विकासमा पारेको प्रभाव बारे जानकारी पाउन यो अध्ययन महत्वपूर्ण हुनेछ । वर्तमान अवस्थामा लैङ्गिक विभेद कम गर्ने प्रयास स्वरूप तथा महिलालाई विकासको मूख्य खाकामा उभ्याउने सोचबाट यस्तो क्षेत्रमा NGO-INGO हरूले महिला सशक्तिकरण सम्बन्धी विभिन्न क्रियाकलाप संचालन गर्न त्यहाँका महिलाको वास्तविक अवस्था समस्या, सुधारका उपायको खोजी गर्दै सान्दर्भीक यणेजना संचालन गर्न पनि यस अध्ययनले सहयोग पु¥याउनेछ । हुन त यस प्रकृतिका णअध्ययन अन्यत्र पनि भएका हुनसक्छन् । तर समान उद्देश्यको लागि भने अवश्य भएका ण्छैनन् । फेरि विविधतायुक्त नेपाली समाजमा अन्यत्र गरिएको अध्ययनले सम्पूर्ण समाजको प्रतिनिधित्व पनि गर्न सक्दैन । त्यसकारण वास्तविक तथ्य, समस्या तथा समाधानका उपाय खोज्न मद्धत पुग्नेछ । यस बिषयमा अध्ययन गर्नु भनेको खाली महिलाको संख्या, कतिजना शिक्षित छन् भन्ने कुराको तथ्यांक मात्र पेश गर्नु नभएर उक्त तथ्यांकहरू प्राप्त हुनुका पछाडि के कस्ता जिम्मेवार सामाजिक, सांस्कृतिक तत्वहरूले निर्णायक भूमीका खेलिरहेको हुन्छन् वा उक्त तथ्यांक कसरी समाजको सामाजिक, सांस्कृतिक, आर्थिक आदि परिवेशसँग सम्बन्धित छ भनेर विश्लेषण गर्नुसँग केन्द्रीत रहन्छ र रहनुपर्दछ । जो एक समाजमा परिवारभित्र महिलाको अन्तरसम्बन्धको चिरफार गर्नु पनि हो । त्यसैले यस अध्ययनले समाजशास्त्रीय ज्ञानको उक्त अन्तराललाई परिपूर्ती गर्ने आशा लिइएको छ र यो एक समाजभित्र घट्ने घटनाको महत्वपूर्ण समाजशास्त्रीय अध्ययन हो ।

अध्ययन क्षेत्रका महिलाहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमिका सम्बन्धमा यस अध्ययनको महत्वलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

१. अन्य ठाउँका महिलासँग तुलनात्मक अध्ययन गर्न सजिलो हुनेछ ।

२. सरकारी तथा गैरसरकारी संघ संस्थाहरूलाई प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकन गर्न सजिलो हुनेछ ।

३. महिलाको निर्णय प्रकृयामा रहेको भूमिकाको अवस्थाको जानकारीले वर्तमान अवस्था बुझि आगामी दिनहरूमा अझै महिलाको सशक्तिकरणमा जोड दिन मद्धत पुग्नेछ ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको अध्ययन

नेपालमा महिलाको घरायसी निर्णय प्रकण्यामा कस्तो भूमिका रहेको छ । सहभागीता तथा महिलाको अवस्था, स्थिती, लैङ्गिक विभेण्द सम्बन्धी हाल सम्म गरिएका विभिन्न अध्ययन, अनुसन्धान तथा विभिन्न समयमा ण्प्रकासीत गरिएका कृतिबाट पत्ता लागेका तथ्यांकहरूले प्रस्तुत अध्ययनलाई सहयोग गर्ने अणशयका साथ यहाँ उल्लेख गरिएको छ ।

## २.१ सैद्धान्तिक अवधारणा

लैङ्गीक दृष्टीकोण समाजशास्त्र तथा मानवशास्त्रको एउटा वैकल्पीक दृष्किोण हो, जसले महिला र पुरुषबीचको सम्बन्धलाई व्याख्या विश्लेषण र अध्ययन गर्दछ । लैंगिकले त महिलालाई बुझाउँदछ न पुरुषलाई नै । बरु महिला र पुरुषको सामाजिक सांस्कृतिक, मनोवैज्ञानिक कामहरूको सम्बन्धलाई जोड दिन्छ । हाम्रो दृष्टिकोणमा यो अध्ययन बढी महिला केन्द्रीत रहेको भान हुन्छ तर यो दृष्टिकोणले महिला र पुरुष दुबैलाई जोड दिन्छ । विश्व लगाएत नेपालको सन्दर्भमा पुरुषको तुलनामा महिला पछि परेकोले पुरुषको स्थिती सरह पुर्याई समान गतिमा महिला र पुरुषको यात्रा अगाडी बढाउनुपर्दछ भन्ने ध्येय यस दृष्टिकोणले बोकेको हुँदा बढि महिला केन्द्रीत देखिन्छ । समाजशास्त्र तथा मानवशास्त्रमा लैंगिक दृष्टिकोण आउनु अघि जति दृष्टिकोण आएका थिए ती सबैले पुरुषलाई आफ्नो अध्ययनको केन्द्रबिन्दु बनाएका थिए । महिलालाई केवल पुरुषका सहयोगीका रूपमा व्याख्या विश्लेषण गरेका थिए । वास्तवमा महिलाहरू किन पुरुष भन्दा कमजोर देखिए त ?के महिलाहरू जैविक संरचनाका दृष्टिले गर्दा पछाडि परेका हुन ? आदि विभिन्न प्रश्नहरूलाई यस दृष्टिकोणले खोतल्ने प्रयास गरेको पाइन्छ । घरपरिवार तथा आर्थिक क्रियाकलापमा महिलाहरूलाई निर्णय गर्ने अधिकार दिइएन बरु १८।१८ घण्टा काममा लगाइयो । महिलाहरूलाई सामाजिक रूपमा निम्न रूपमा हेर्दै जाँदा महिलाहरूको अवस्था दयनिय र कमजोर बन्न पुगेको देखिन्छ । यसै सन्दर्भलाई कमला भासिन भन्छिन् : जन्ममा हरेक महिलामा पुरुषत्व र हरेक पुरुषमा नारित्व पनि हुन्छ ।जब बालबालिकाहरू सामाजिकीकरण हुँदैजान्छन् तब महिला र पुरुषलाई असमान व्यवहार गरिन्छ । महिला र पुरुषको शरिर प्राकृतिक न्यायिक दृष्टिले समान हुन्छ ।तर यहि शरिरलाई आधार मानेर फरक–फरक लैङ्गीक भूमिका निर्धारण गरिएकोले होईन सामाजिक संरचनाले गर्दा हो । त्यसैले समाजलाई

परिवर्तन गर्दै महिलाहरूको स्थानलाई माथि उठाउन पुरुष, महिला दुबैको योगदान हुन्छ भन्ने कुरा यस दृष्टिकोणले जोड दिन्छ । जेन्डर दृष्टिकोणको उदय हुनुमा महिलाहरूको विशेष योगदान पाइन्छ । सन् १९६० को महिला आन्दोलनले महिलाहरूको समानता, सामाजिक न्याय, अनि महिला अधिकार आदिलाई जोड दियो । सन् १९७५ लाई अन्तराष्ट्रीय नारी दशक घोषणा गरिनु, नैरोवी, मेक्सीको, कोपन हेगनमा, बेजिङ्गमा महिला सम्मेलनहरू हुनु अनि WID,WAD,GAD जस्ता उपागम देखा पर्दै जानु अनि दिगो र समानतामुखि विकास महिला पुरुषबाट मात्र सम्भव छ भन्ने कुरा आत्मानुभूति हुँदै जाने क्रममा लैङ्गीक दृष्टिकोण प्रतिपादन हुन पुगेको पाईन्छ (अर्याल, २०६५) ।

**महिलावाद**


महिलाहरूको विभिन्न पक्षहरूमा कुरा गर्न धेरै सिद्धान्त र वादहरूको जम्म  भयो । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुष सरह अवसर उपयोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो । (Ritzer, २०००)

मानव सभ्यताको प्रारम्भमा शुक्ष्म अवस्थामा आइसक्दा पितृसतात्मक दमन र शोषण असमान अवस्थामा रहेका छन् । पितृसत्ताले समाजका हरेक क्रियाकलाप, विकास, सिद्धान्त, कला, साहित्य आदि जस्ता क्षेत्रमा महिलाको भूमिकालाई वास्ता गरेको हुँदैन । यस्तो समाजको वैकल्पीक रूप प्राप्त गर्नका लागि महिलाहरू जागृत भएको देखिन्छ । त्यहि अवस्थाबाट नै नारिवादको उदय हुन गएको पाइन्छ । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुषसरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो । महिलावाद भन्ने अवधारणाको सुरुवात अठारौ शताब्दी देखि नारीवादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढिरहेको पाउँछौ भने सन् १९८० देखिको नारीवादलाई आधुनिकवादी अवधारणाका रूपमा हेरिएको पाइन्छ । यद्यपी महिलाहरू शोषित पिडित तथा दमीत छन् भन्ने कुरा सन् १८४८ मा पहिलो पटक न्यूयोर्कमा महिला अधिकार सम्मेलन भएको थियो । त्यसबेला नै महिला र पुरष समान रूपले यस धर्तीमा सिर्जिएका हुन् तर महिलाहरू माथि भेदभाव कायम नै छ भन्ने आधीकारिक घोषणा गरिएको थियो । जसमा महिलाहरूले समानताका लागि घोषणा पत्र समेत प्रकाशनमा ल्याएका थिए (श्रेष्ठ, २०६६) ।

लैङ्गिक असमानताका तत्वहरू लैङ्गिकको सामाजिक संरचना, लैङ्गिक श्रम विभाजन, सार्वजनिक र निजी क्षेत्रमा मुल्य र व्यवहार, पितृसतात्मक विचार धारा रहेका छन् । महिलाहरूलाई निजी क्षेत्रको उतरादायित्व बहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरूलाई सार्वजनिक क्षेत्रको कामको पहुँचमा महत्व दिइन्छ । उदार महिलावादीहरू सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा शक्ती, स्तर, प्रगतिका अवसरहरू र आत्मसन्तुष्टी पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरूबाट महिलाहरूलाई अलग गरिएका लैङ्गिक असमानताको स्थिति सृजना भएको उद्धार नारीवादको तर्क छ । उदार नारिवादले महिला र पुरुष दुबैलाई आफ्ना जीवनशैली छनोट स्वीकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ । छनोट स्वतन्त्रता, अवसरको स्वतन्त्रता आदि मुद्धाहरू उदार नारीवादीहरूले उठाएका छन् (ओझा, २०६३) ।

धेरै महिलावाद अथवा नारीवादहरू मध्ये सन् १९६० को दशकमा देखापरेको महिला आन्दोलनलाई अगाडि बढाउन सहयोग गर्ने उदारवादी नारिवाद हो । लैङ्गिक असमानता सिद्धान्तको उदाहरण उदार नारिवाद हो । यसको मूख्य जोड युक्ती संगत नैतिक संस्थाका लागि महिलाहरूले मानविय क्षमतामा आधारित भएर पुरुषसँग समानताको दावी गुर्नपर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद, पितृसत्ता र श्रम विभाजनको लिङ्गिय समानताको लागि श्रम विभाजनलाई हस्तान्तरण गर्दै कानुन, काम, परिवार, शिक्षा र संचार जस्ता मुख्य संस्थाहरूलाई पुर्नसंरचना गर्नुपर्दछ । उदारनारीवादका अनुसार सबै महिला र पुरष समान तरिकाले सृष्टि भएका हुनु । तिनीहरूलाई खास खालका अविभाज्य अधिकारहरू तिनीहरूका सृष्टिकर्ताले प्रदान गरेको छ । तिनीहरू केहि मध्य स्वतन्त्रता जीवन र समृद्धि हुन् (Ritzer, २०००) ।

समग्रमा महिलावाद भन्नाले एउटा त्यस्तो विचार हो । जुन पुरुष र स्त्रीका बिचमा असमानतालाई अस्वीकार गर्दै नारीको सबलीकरणका प्रकृयालाई वौद्धिक क्रियात्मक रूपबाट प्रस्तुत गरिन्छ । त्यस्तै नारिवाद त्यस्तो सिद्धान्त हो । जस अन्तर्गत असमानता र सबलीकरणको महिला र पुरुष बिचको प्रयाप्त समाजगत असमानतालाई नकार्नुपर्छ । यद्यपी महिलावादी सम्बन्धमा विभिन्न विभेदहरू देखा परेका छन् । ति मध्ये प्रमुख नारिवादीहरूका दर्शनहरू निम्न प्रकारका छन् ।




सन् १९७५ देखि अन्तराष्ट्रिय नारी दिवस मनाउँदै आइरहेको छ । लगभग १०००० महिला अन्तराष्ट्रिय सम्मेलनमा भाग लिएका थिए । तथापि त्यसले घोषित गरेका महिला अधिकारलाई व्यवहारमा पूर्ण रूपमा लागू गर्न सकेको देखिदैंन । उदाहरणको रूपमा लागू गर्न सकेकोदेखिदैन । उदाहरणको रूपमा हेर्ने हो भने महिलाहरूको कृषि र वातावरणका लागि दिइएको योगदानलाई बेवास्ता गरेको पाइन्छ । नारीवादी लेखनको शुरुवात फ्रान्सेली युद्ध र अठारौ शताब्दीको अन्तदेखि प्रकाशनमा आएको थियो । त्यो समयमा महिला अधिकार महिला आर्थिक कारोबारको महत्व र धर्मले महिलालाई होच्याएको बारे लेखिकाहरूले लेखेका थिए । त्यसको करिब दुई वर्ष अघि नै बुभ्मन बाइबल जस्तो सशक्त नारीवादी पुस्तक देखि महिलाहरूले बाइबलको पुरुष पक्षीय विचार धारालाई चुनौति दिएका थिए । त्यतिबेला यस्तो धार्मीक ग्रन्थमा महिलाहरू शोषीत, पिडित, दमीत छन् भन्ने कुरा सन् १८४८ मा पहिलो पटक न्यूयोर्कमा महिला अधिकार सम्मेलन भएको थियो । त्यसबेला नै महिला पुरुष यस धर्तीमा सिजिएका हुन् ।तर महिला माथि भेदभाव कायम छ भन्ने कुरा आधिकारीक घोषणा गरिएको छ । १९ औ शताब्दीमा दासत्व विरुद्धमा आन्दोलन संचालन गरे । यसै सिलसिलामा भएको आन्दोलनलाई Women's suffarae movement भन्न सकिन्छ । यसपछि Fridan को book "The feminine mystique" 1963 मा प्रकाशित भयो । यसमा लोग्ने र स्वास्नी दुवैको घरभित्रको अधिकार बराबर हो भन्ने मान्यता थियो । जसबाट केहि चेतना ल्याउने काम भयो । उक्त किताबको मान्यतालाई सबैले स्वीकार गरेर महिलाको संगठन बनाउनु पर्ने महसुस गरेर सन् १९६६ मा Metpna;l organization for woment (NOW) नामक संस्था Friden को अध्यक्षतामा Washington DC मा स्थापना भयो (तामाङ., २००७) ।

उन्नाइसौ शताब्दीको शुरुमा यूरोपमा औधोगिकरणको बिस्तारसँगै महिलाहरूले कलकारखानामा काम गर्न थाले कलकारखानामा काम गर्ने समय दिनमा १५ देखि १६ घण्टा

सम्म हुन्थ्यो । तसर्थ अमानविय असमानुपातिक तरिकाबाट काम लगाइएको विरुद्ध तथा भोट दिने अधिकार प्राप्तीका लागि महिलाहरूले संघर्ष शुरु गरे । सन् १९०८ मा सर्वप्रथम अमेरिकाको न्यूयोर्कमा कपडा मिलका महिला मजदुरहरू आफ्नो हक, हित र अधिकार प्राप्तीका लागि सडकमा उत्रिए । यो विद्रोह गरिएको दिन मार्च ८ तारिक थियो । यसको ठिक दुई वर्ष पछि डेनमार्कको राजधानी कोपनहेगनमा अन्तराष्ट्रिय महिला सम्मेलन आयोजना गरियो। सत्र बटा देशका करिब सयवटा महिलाहरूले भाग लिएको यस सम्मलेन आयोजना गरियो । सत्र वटा देशका करिब सयवटा महिलाहरूले भाग लिएको यस सम्मेलनले मार्चलाई कामदार महिलाहरूको दिवसका रूपमा मनाउने निर्णय गर्‍यो । उक्त सम्मेलनमा विश्वशान्ती आमा र बालबालिकाहरूको सुरक्षाकामगर्ने समय दिनको ८ घण्टा हुनुपर्ने आदि विषयहरूका साथै महिलाहरूको आर्थिक, सामाजिक र राजनितिक क्षेत्रमा भोग्नु परेका समस्याहरूबारे छलफल भए । महिला दिवस पहिलो पल्ट सन् १९११ मा जर्मनी, अष्ट्रिया, डेनमार्क, स्वीजरल्याण्ड र अमेरिका गरि पाँच दशकहरूमा मनाइयो । बीस वर्ष यता भने महिलाहरूको सामाजिक, आर्थिक र राजनितीक उत्थानका प्रयासहरू धेरै भएका छन् । महिलाहरूका बारेमा सर्वप्रथम महिलाहरूले नै आफ्ना कलमबाट आवाज उठाएका हुन् । महिलावादी लेखन र महिलावादी सोचको लहर धेरै समयदेखि शसक्त रूपमा अगाडि आएको छ (श्रेष्ठ र अन्य, २००६) ।

मिना आचार्य (१९९३) ले नेपालमा नारीवादको इतिहाँस बारे चर्चा गर्दा विकासे महिला संस्थाहरूका अतिरिक्त छुट्टै महिला आन्दोलन पनि चलिरहेको थियो भन्ने कुरा स्वीकार्छिन् । तर उनले वर्ग र विचारधाराको आन्दोलनको चर्चा गरेकी छिन् त्यो सरकारी महिला संस्थाहरूभ्कै राजनीतिबाट अलग्याइएको विकास क्षेत्रभित्रै फसेको थियो भन्ने कुरालाई महसुस नगरेको देखिन्छ । यद्दपी उनि आफैले के कुरालाई उल्लेख गर्छिन् भने संयूक्त राष्ट्र संघ तथा द्विपक्षीय दाता नियोगहरूले अन्तराष्ट्रीय महिला वर्ष १९७५ पछि लैङ्गीक समानता माथि दर्शाएको चासो तथा महिलासँग सम्बन्धीत क्रियाकलापहरूका लागि बनाइएको ती महिलाहरू (महिला आन्दोलनकारीहरू) लाई अगाडि ल्याउनका लागी महत्वपूर्ण थियो । डा : मिना आचार्यले नेपालको महिला आन्दोलनलाई यी चार अवधीहरूमा बाँडेकी छिन् । सन् १९१७–१९४९, १९५०–१९६०, १९६०–१९९० तथा सन् १९९० पछिका समयावधिहरू पहिलो अवधिभित्र सन् १९१७ मा स्थापित महिला समीति, सन् १९४६ को आदर्श महिला समीति तथा सन् १९४७ को नेपाल महिला संघ जस्ता सुरुका महिला

सङ्गठनहरूको स्थापना पर्दछ । सन् १९५० देखि १९६० को अवधिमा नेपालको पहिलो संसदमा महिलाहरू निर्वाचित गरिनु पर्छ भन्ने जस्ता सवालहरूका आधारमा राजनैतिक पार्टीहरूसँग सम्बन्धीत महिला संगठनहरू स्थापित भए तेस्रो अवधिमा चाही पञ्चायतको वर्गीय संगठनका रूपमा यस अवधिमा पञ्चायती सरकारले नै नेपाल महिला संगठन खडा गर्‍यो । खास गरि सन् १९७५ लाई संयूक्त राष्ट्र संघले अन्तराष्ट्रीय महिला वर्ष भनेर घोषणा गरेपछि पञ्चायतले महिलाहरूका लागी विभिन्न कार्यक्रमहरू पनि शुरु गर्‍यो । अन्तिम अवधि सन् १९९० को जनआनदोलन पछिको अवधिमा चाहि महिलाहरूको सक्रियातामा वृद्धि भएको कुरा चलनचल्तीमा स्वीकारिएको छ । यी प्रकृतिहरूको निरन्तरताले नै आचार्यले उल्लेख गरेका नेपालमा नारीवादी आन्दोलन नभई बरु विभिन्न महिला समूहहरूले एउटा–एउटा आंशिक सवाललाई मात्रै उठाएका छन् भन्ने कुराको कारण तिर सङकेत गर्दछ ।

## २.२ महिलाशसक्तीकरण

महिला शसक्तीकरण भन्नाले महिलाहरूमा अर्न्तनिहित सामर्थ्यको बोध हुन गई उनीहरू भित्र लुकेको ज्ञान, सीप र क्षमतालाई जनसमक्ष ल्याई विकास प्रकृयामा पुरष सरह समानरूपमा सहयोगी भई आफ्नो हक, हित र अधिकारका लागि समाजमा विद्यमान कुरिती र भेदभाव विरुद्ध लड्न सक्ने क्षमताको विकासनै महिला शस्क्तीकरण हो । यो आफैमा स्वसिर्जीत पनि हुन सक्छ । महिला शसक्तीकरण महिलाहरूको सामाजिक, आर्थिक, राजनितिक समस्यासँग सम्बन्धीत रहेको पाइन्छ । शसक्तीकरण प्रकृयाले गर्दा विपन्न वर्ग र महिलाहरूको सामाजिक संरचनामा रहेको शोषणका बारेमा प्रश्न उठ्न सक्छन् । यस प्रकृयाले पुरुषलाई पनि परिवारको पालनपोषणमा म मात्र जिम्मेवार छु भन्ने मानसिक बोझ हट्छ । अर्को कुरा महिला हिंसा र शोषणका विभिन्न कारणहरूमा पुरुषको जुन संलग्नता छ । त्यो महिला सक्षम भएपछि पुरुषको हकमा कम हुन्छ । महिलाहरू दबिएर रहेको स्थितिमा महिलामा बढि मात्रामा हिंसाका घटना भएका छन् । जब महिलाहरू सक्षम र सबल हुन्छन् पुरुषहरू पनि महिलाहरूमा कुटपिट र शोषण गर्न छाड्दछन् । लाञ्छनाबाट मुक्त हुन्छन् (श्रेष्ठ तथा अन्य, २०६६) ।

यसै सन्दर्भमा “महिला सशक्तीकरणको लागि संयुक्त राष्ट्र वडापत्र र दस्तावेजहरूमा जस्तै नैरोवी अग्रदर्शी कार्यनिती (१९८५), महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मुल गर्ने राष्ट्रसंघीय महासन्धी जकार्ता घोषणा (१९९४), बेजिङ्ग घोषणा

(१९९५), आदिमा पनि नेपालले हस्ताक्षर गरि आफ्नो प्रतिवद्धता दशाई सकेको छ । त्यस्तै नवौ पंचवर्षीय यो जनामा पनि महिला विकासमा जोड दिएको छ । हालै केहि समय अगाडि मात्र महिला विकासको सन्दर्भमा राष्ट्रीय महिला आयोग गठन गरिएको छ । उक्त आयोग त्यति प्रभावकारी नभएको कुरा सर्वत्र चर्चा परिचर्चा भएपनि महिला विकासको सन्दर्भमा सकारात्मक कदम हो भन्न करै लाग्छ । महिला विकास सम्बन्धी सरकारी क्षेत्रबाट पनि बिभिन्न प्रयासको थालनी भएको पाइन्छ । नेपाल सरकारको महिला विकास नितीलाई कार्यान्वयन गर्न केहि मन्त्रालयहरू तथा राष्ट्रिय योजना आयोग अन्तर्गत महिला विकास इकाई शाखा/महाशहाखाहरू स्थापना गरिएका थिए (रेग्मी, २०५८) ।

भारतीय समाजशास्त्री Kamala Bhasin अनुसार "Empowerment means the enhancement of self aspect, self dignity, self reliance and gain control over resources." महिला शसक्तीकरणको जन्म वास्तवमा महिलाहरूलाई विकास कार्यक्रममा सहभागी गराई पुरषको बराबरीमा पुऱ्याउने उद्देश्य (WID Approach) को असफलता पनि भएको हो ।

शारीरिक रूपमा विश्वका महिला एकै किसिमका भएता पनि सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक दृष्टिकणमा भने परिवेश, समय र स्थान अनुसार महिलाको अवस्था भिन्न र परिवर्तनशिल छ । सन् १९८० को दशकदेखि भने समतामुलक समाजको अवधारणासँगै लैङ्गीक समानताको विषयले मान्यता पाउँदै आएको छ ।महिलाशसक्तीकरण महिलाको उत्थानका लागी पूवर्णधारका रूपमा पहिचान भएको विषय हो । संसारका कुनै पनि देशमा जहाँ महिलाले पूरुष सरह अधिकार पाएका छैनन् अथवा पाएको भएता पनि अधिकार प्रयोग गर्नमा सामाजिक, आर्थिक वा राजनीतिक बन्धन छ । त्यसलाई पन्छाउँदै विकासको मूल प्रवाहमा ल्याउनु महिला शसक्तीकरण हो । यसै अनुरूप विभिन्न आवधिक योजनाले महिला शसक्तिकरणको नीति र कार्यक्रम तर्जुमा र कार्यान्वयन हुनुपर्ने विषयमा जागरण ल्याउँदैछ । नेपालको नवौं योजना (२०५४-५९) ले क्षेत्रगत रूपमा लैङ्गीक मुल प्रवाहीकरणको प्रकृया र धारणा प्रर्याप्त रूपमा समाहित हुन नसकेको कमीकमजोरी औंल्याएको थियो । उक्त कुरालाई ध्यानमा राखि दसौं योजना (२०५९-०६४) तर्जुमा क्रममा मूल प्रवाहिकरण शसक्तीकरणलाई आत्मसात गरी नीति तथा कार्यक्रममा जोड दिइएको थियो । संयूक्त राष्ट्रसँघको सभाले महिला माथि हुने सबै प्रकारका विभेद निराकरण गर्ने महा सन्धी (सिड) पारित गरि सकेपछि महिला शसक्तीकरण अभियानले नयाँ गति लिन

थाल्यो । महिला शसक्तीकरण को मुद्दालाई अगाडि बढाउने क्रममा सरकारी तथा गैरसरकारी क्षेत्रमा विभिन्न कार्यक्रम तर्जुमा र प्रशस्त बजेट विनियोजन हुन थालेको छ । आर्थिक वर्ष २०६८।०६९ को बजेट क्रमसः २०, ४५ र ३५ प्रतिशतको हिस्सा रहेको छ । देशमा महिला शसक्तीकरणलाई बल पुग्ने गरि छुट्टै महिला मन्त्रालय स्थापना गरिएको छ । शसक्तीकरणले व्यक्तिलाई आत्मविश्वास यूक्त बनाई सबै खालका सामाजिक अन्तरसंवाद र आर्थिक स्रोत बाँडफाँड प्रक्रिया बारे सचेत गराउदँछ (पोखरेल, २०६८) ।

त्रिवर्षीय योजना (२०६७।६८-२०६९।७०) ले महिलाको मुलभूत र समान अधिकार सुनिश्चित गर्दै समुन्नत, न्यायपूर्ण र लैङ्गीकरूपले समावेशी तथा समतामुलक नयाँ नेपालको निर्माण गर्ने दीर्घकालिन सोच राखी सोको कार्यन्वयनका लागि स्थानिय तहदेखि राष्ट्रीयतह सम्मका निति निर्माण तथा निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत सुनिश्चित गर्न नीतिगत, कानून सुधार एवं सकारात्मक कार्य गर्ने नीति अख्तियार गरेको छ । यस योजनाले लैङ्गीक विकास सुचाङ्क ०.५९२ मा पुर्‍याउने र लैङ्गीक शसक्तीकरण मापन ०.४५० मा पुर्‍याउने र नीति निर्माणमा महिला प्रतिनिधित्व कम्तीमा ३३ प्रतिशत पुर्‍याउने परिमाणात्मक लक्ष्य लिएको छ ।

राष्ट्रीय महिला आयोगमा आर्थिक वर्ष २०६७०६८ को साउनदेखि पुससम्म शारीरिक हिंसाका १७, मानसिक हिंसाका २४ र आर्थिक हिंसाका २७ गरि ६८ वटा उजुरी परेका थिए । प्रहरी प्रधान कार्यलय अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालयको तथ्यांक अनुसार नेपालमा महिला हिंसाको अवस्था भयवह देखिन्छ । तथ्यांक अनुसार आ.व २०६७०६८ मा बलात्कारमा ४सय ९७,बलात्कारको प्रयास १ सय ४५, मानवबेचबिखन १सय ६१, गर्भपतन १२, बहुविवाह २ सय ४ र घरेलु हिंसाका घटना १ हजार ३ सय ५५ दर्ता भएका थिए । यसबाट पनि महिलाको अवस्था घरमा, समाजमा र देशमा कस्तो छ भन्ने प्रष्ट हुन्छ (कुँवर, २०६८) ।

महिलावादीका अनुसार निर्णय प्रक्रीयामा महिलाको पहुँच पुर्‍याउँनु मात्र शसक्तीकरण होइन बरु यो त यस्तो बृहत प्रक्रिया हो : जसले महिलाहरूलाई उनिहरूमा रहेको आन्तरिक क्षमताको पहिचान गर्नुका साथै आफू दबिएको थाहा पाउन र त्यो दमन विरुद्ध प्रतिकार गर्न सक्षम बनाउँछ । शसक्तिकरणको अन्तिम लक्ष्य भनेको व्यक्तित्व विकास हो जसमा आत्मविश्वस बढाउनु, सामाजिक अन्तरक्रिया श्रोत साधनको बाँडफाँड मा निर्णय गर्ने

अधिकार, कसरी जीपन यापन गर्ने जस्ता विषयमा पर्याप्त छनोटका अवसरहरू उपलब्ध हुनुपर्ने जस्ता कुरालाई समाविष्ट हुन्छ (अर्याल, २०६७) ।

## २.३ महिलाको स्थिति

नेपालमा महिलाको स्थितिको कुरा गर्दा नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाललाई हिन्दु अधिराज्यको रूपमा रहदै आएको कुराहरूलाई स्वीकारेको छ । हिन्दु धर्म दर्शन अनुसार समाज पुरष प्रधान रहन्छ र पितृसत्तात्मक समाज हुन्छ । अवस्य पनि यस्तो समाजमा महिलाको स्थिति पुरषको अपेक्षामा तल्लो र कमजोर हुन्छ र नेपालमा गैरहिन्दुहरू पनि बस्दछन् र सबैको अवस्था एकै नासको छ भन्न मिल्दैन । यद्यपि नेपाली सामाजिक र सांस्कृतिक संरचनामा महिलाहरूो स्थितिलाई दोस्रो दर्जामा राखिएको छ । तर विकास निर्माणको लागि महिला र पुरुष दुबै समान हुन अति आवश्यक छ । नेपाली महिलाहरूको स्थितिको बारेमा चर्चा गर्दा यसलाई विभीन्न पक्षहरू जस्तो राजनितिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मीक, सांस्कृतिक, कानुनी आदि दृष्टिकोणबाट बुझ्न आवश्यक हुन्छ । जसको सहायताले पनि समाजमा घरको महिलाको अवस्था तथा घरायसी निर्णय प्रकृयामा उनीहरूको भूमिका कस्तो रहेको छ र त्यसका कारणहरू थाहापाउन मद्धत पुग्न सक्दछ ।

नेपालकै केन्द्रिय तथ्यांक विभाग, ०५९/६० को तथ्यांक अनुसार नेपालमा पुरुष अपांगको तुलनामा महिला अपांगको प्रतिशत बढिरहेको छ । कुल शारीरिक अपांग, ४०४९८ मध्ये महिला २१००१ र पुरुष १९७९७ रहेका छन् । शैक्षिक स्तर हेर्दा सन् २०५८ सालको जनगणना अनुसार ६५.१ प्रतिशत पुरुष र ४२.५ प्रतिशत महिला साक्षर देखिन्छन् । जसमा महिला र पुरुषमध्ये केवल पढ्न मात्र सक्ने साक्षरताको स्थितिलाई हेर्दा ५.९ प्रतिशत छ । जसमध्ये पुरुष ०.६ प्रतिशत र महिला ५.८ प्रतिशत रहेको छ । यसबाट के बुझिन्छ भने पुरुषको तुलनामा महिलाको शैक्षिक स्थिति कम देखिन्छ ।

Nepal Human Development Report १९९८ को अनुसार नेपालमा महिला साक्षरता २४% छ जबकि पुरुषको साक्षरताको स्थिति ५० % छ । College level मा हेर्ने हो भने १९९१ मा प्रत्येक छ पुरुषको बिचमा १ जना महिला मात्रै college आएका हुन्छन् । एशियाकै कुरा गर्ने हो भने सन् १९९९ स्म्म माल्दिभ्समा ९३%, श्रीलंकामा ९०%, भारतमा ५१.५% साक्षरताको स्थिति रहेको छ भने अनुसार नेपालमा जम्मा २६% मात्र साक्षरताको स्थिति रहेको छ ।

वि.सं २०३८ सालको जनगणना अनुसार ४८.८% र वि.सं २०४८ सालको जनगणना अनुसार ५०.१% २०५८ सालको जनगणना अनुसार भने ५०.१३ % महिला जनसंख्या रहेको छ । यस प्रकार देशको कुल जनसंख्याको झण्डै आधा भाग ओगटेको महिलावर्गहरू अशिक्षित हुनु र घरको चुलो चौकोमा नै सिमित हुनुले निश्चय पनि राष्ट्रिय विकास अभियानमा गतिरोध आउँछ (शाह, २०५८) ।

शिक्षा प्राप्त गर्नको निम्ती महिलासँग अवसरहरू कम हुन्छन् । जसको कारण रोजगारी पाउन त्यतिकै मुस्किल हुन्छ । त्यसकारण घरबाट अलि माथिल्लो स्तरमा रहेर निर्णय गर्ने काममा महिला सहभागीताको अभाव देखिन्छ । महिलाहरूको स्वास्थ्य प्रति सकारात्मक देष्टिकोणले हेरिदैन । साथै उनीहरूले सुत्केरी भएको अवस्थामा समेत स्वास्थ्यवर्द्धक खान, पौष्टिक खाना पाउँदैनन् (UNICEF, 1996) । महिलाहरू छिटै विवाह गर्दछन् र बच्च जन्माउने यन्त्रको रुपमा परिणत हुन्छन् (Sherpa and Rai, 1996) । शिशु तथा मातृमृत्यूदर बढी देखिनुले महिलाहरूको सामाजिक अवस्था कमजोर छ भन्ने कुरा देखाउँछ । महिलाहरूसँग आर्थिक शक्तिको अभावका साथै प्रजनन् स्वास्थ्य माथिको निर्णायक भूमीकाको पनि अभाव देखिन्छ (आचार्य, १९९५) ।

एङ्गेल्स (१८८२:७) ले परिवार, निजी सम्पति र राज्यको उत्पती नामक पुस्तकमा पशुपालन उत्पादन पद्धतिबाट शुरु भई कृषि उत्पादनपद्धतिको विकाससँगै व्यापक रुपमा विस्तार र स्थापित भएको निजी सम्पति प्रणाली र लैंङ्गिक श्रम विभाजनको विस्तारले महिला उत्पीडनको सुरुवात भएको देखिन्छ । आम उत्पादनका साधनबाट बन्चीत गरिएको थियो र सामाजिक पुर्नउत्पादनलाई उत्पादनबाट छुट्टयाएर महिलाहरूलाई पारिवारिक परिवेशमा सीमित तुल्याइएको थियो । उक्त विश्लेषणहरूमा तीनओटा महत्वपूर्ण तथ्यमाथि जोड दिएको पाइन्छ । एक समाजमा स्थापित उत्पादन पद्धतिले परिवारको रुप निर्धारण गरेको हुन्छ । दुई, भौतिक उत्पादन तथा सामाजिक पुर्नउत्पादनका घनिष्ट अन्तरसम्बन्धहरू र तिनै महिलाहरूले उत्पादनका साधनबाट बन्चित भएपछि पारिवारिक परिवेश उनीहरूको विशेष उत्पीडन स्थल हुन पुग्छ ।

Kaur (1987) ले हरियाना राज्यमा गरेको एउटा वैयक्तिक अध्ययनमा विशेष गरेर ग्रामिण परिवार बिचमा घर र फार्मको सवालमा महिलाहरूको निर्णयको पहिचानको निम्ती निर्णायक भूमीका दिन आवश्यक छ भन्ने कुरा माथि जोड दिएकी छन् । बच्चाहरूको खाना तथा पौष्टिक आहारको सवालमा बाहेक अन्य विषयमा अन्तिम निर्णयकर्ताको रुपमा

महिलाहरू भेटिदैनन् भन्ने कुराको उनले दावि गरेकि छिन् । महिला मण्डल जस्तो महिलाहको संगठनमा समेत स्वतन्त्र रुपमा सहभागी बन्न निर्णय गर्न पाउँदैनन् । केही विषयमा बाहेक श्रीमानद्धारा आर्थिक निर्णयहरूमा विस्तारैमहिलाहरूलाई पन्छाएको पाइन्छ । त्यसकारण योजनाहरू, कार्यक्रमहरू यसरी बनाईनुपर्दछ कि जसले महिलाहरूको दक्षता क्षमता र गहन निर्णायक क्षमतालाई सहयोग गरोस् भन्ने कुरालाई आफ्नो निष्कर्षमा भनेकी छीन् ।

Luitel (1992) का अनुसार नेपाली महिलाहरूको स्वास्थ्य अवस्था एकदमै कमजोर छ । उनीहरू आफनो बाल्य अवस्थाबाट नै खानपिन तथा हुर्काउने प्रकीयामा बेवास्ता गरिन्छन् । सांस्कृतिक मूल्य, आर्थिक अवस्था र आमाबाबुको हेराईमा परिवारभित्र छोरा मूख्य केन्द्रविन्दुको रुपमा रहेको हुन्छ । जसको कारण महिलाको स्वास्थ्य कमजोर बन्दै जान्छ ।

नेपाली समाज पित्तृसतात्मक छ । अहिले सम्म पनि मानिसहरू महिलालाई एउटा राजनीतिज्ञको रुपमा हेर्न चाहदैनन् । जबकि उनीहरू कति सक्षम छन् महत्व राखिदैन । उनीहरू महिलालाई परम्परागत मान्यताको माध्यमबाट सामाजिक भूमीकामा एउटा दीदि श्रीमती र छोरीको रुपमा मात्र हेर्न चाहन्छन् (Karki, 2003)।

महिलालाई दिइने शिक्षाले आफू जन्मीएको घरमा कुनै योगदान दिन नसक्ने हुँदा उसको शीक्षामा गरिएको लगानि निरर्थक हुन जान्छ । उसलाई शिक्षा दिनुभन्दा पनि घरमा उसको शारीरिक श्रमको बढी आवश्यकता र महत्व रहने हुनाले पनि महिलालाई शिक्षामा लगानि गरिदैन. । अर्कोतर्फ शिक्षाले उसको वयस्क जीवनमा कुनै पभाव नपार्ने, शिक्षित महिलाको विवाह महङ्गो हुने, महिलाको श्रम, घरभित्र र खेतिपातीमा बढि आवश्यक हुने र गरिबीको कारणले शिक्षामा लगानि गर्न नसक्ने जस्ता कारणहरूले गर्दा नै महिलालाई शिक्षा दिनमा अवरोध हुन गएको हो (आचार्य, १९८१) ।

नेपाली महिलाको आर्थिक स्थितिको चर्चा गर्दा के कुरालाई ध्यनमा राख्नुपर्छ भने नेपालमा हिन्दु धर्मको प्रभुत्वरहेको छ । महिलाहरू आर्थिक पराधिनतामा रहेका हुन्छन् । Household economy होस् या national economy मा उनीहरूको महत्वपूर्ण स्थान रहने कुरालाई नर्कान सकि्दैन तर पनि घरदेखि बाहिर नगद उत्पादनशील क्षेत्रमा प्रत्यक्ष सहभागी नहुने प्राय भएकोले उनीहरूको स्थिति घरभित्र मात्र सिमीत रहेको पाइन्छ । दिनमा ११ घण्टाभन्दा बढि समय काम गरिरहेका हुन्छन् । तर कामको आर्थिक मूल्यांकन हुन सकेको छैन । २०५८ सालको जनगणनामा महिलाका ति कामलाई पनि आर्थिक

मूल्यांकन गरिन भन्ने कुरा प्रकाशनमा आएको छ । कृषि प्रधान देश नेपालमा महिलाहरू कृषि क्षेत्रमा ९०% सहभागि छन् भने घरेलु कृषि उत्पादनमा महिलाहरू ५४% मात्र सहभागी देखिन्छन् । महिलाहरू ११ घण्टा प्रतिदिन काम गर्छन भने पुरुषहरू ७ घण्टा प्रतिदिन काम गर्छन् । महिलाको आर्थिक स्थिति न्यून हुनुको कारण महिलाहरू शिक्षा क्षेत्रमा धेरै पछाडि परेका छन् । Nepal Human Development Report (1998) का अनुसार पैसा आउने काममा जम्मा ७.३ % महिलाहरू सहभागी छन् । भने पुरषहरू ३१.१% रहेका छन् । त्यसै Report अनुसार पैसा नआउने काममा महिलाहरू ६३% र पुरुषहरू २४% संलग्न

छन् ।

सन् २००० मा विदेश जाने महिला पुरुषको जम्मा संख्या १५५३६१ रहेको थियो । जसमध्ये महिलाको संख्या २३७९६ अर्थात १५.२९% २००१ मा १४९०५ अर्थात ७.४६% र सन् २००३ मा विदेश जाने महिलाको संख्या २०५३१ अर्थात ७.९८% रहेको देखिन्छ (FNCCI, 2004)।

मुलुकको प्रशासनको महत्वपूर्ण संयन्त्रको रूपमा रहेको नेपालको निजामति सेवा, जसले सार्वजनिक प्रशासनको व्यवस्थापन, राजनैतिक नेतृत्वलाई परामर्श, सल्लाह सुझाव दिने, नीति निर्माण र सार्वजनिक महत्वका निर्णयका लागि कुटनीतिक क्षेत्रलगायत अन्तराष्ट्रीय सम्बन्धको व्यवस्थापन गर्ने, विकास कार्यक्रमको व्यवस्थापन गर्ने जस्ता भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यस संरचनामा पछिल्लो समयमा कार्यरत कर्मचारीको कुल संख्या ७६,९४४ रहेकोमा महिला र्काचारीको संख्या १०,३३७ रहेको छ । प्रतिशतको हिसाबले हेर्दा जम्मा महिला कर्मचारीको संख्या १३.४३ प्रतिशत रहेको देखिन्छ । जसमा विशिष्ट श्रेणीमा जम्मा ८४ मध्ये महिलाको संख्या ४ मात्र रहेको छ । जुन ४.७६ प्रतिशत हुन जान्छ । राजपत्राङ्कित तहमा जम्मा १२,५२० कर्मचारीमा महिला कर्मचारीको संख्या ८८९अर्थात ७.१ प्रतिशत रहेको देखिन्छ । त्यस्तै राजपत्रअनङ्कित तहमा जम्मा ४२,४५८ कर्मचारी रहेकोमा महिलाको संख्या ७,९२४ र प्रतिशतको हिसाबले १८.६६ प्रतिशत रहेको छ (निजामति किताबखाना, २०६७।११।१७) ।

कुनै पनि मुलुकको समग्र विकासका निम्ती शिक्षा अनिवार्य आधार हो । विगत केही वर्षयता देखि हाम्रो देशमा पनि शिक्षा क्षेत्रमा सरकारले गरेको लगानि र देखाएको उत्साहले गर्दा अन्य क्षेत्रभन्दा यस क्षेत्रमा महिलाको संख्यामा केहि प्रगति भएको देखिन्छ ।

२०६५।०६६ सालको तथ्यांक अनुसार अध्ययनरत जम्मा ८२,४२,७११ विद्यार्थी संख्यामा ४९.४ प्रतिशत छात्रा रहेका छन् । विद्यालयमा शिक्षकहरूको संख्या २०६५।०६६को तथ्यांकअनुसार २,२२९०४ रहेको छ । कुल शिक्षक संख्यामा ६६.२ प्रतिशत पुरुष र महिला ३३.८ प्रतिशत रहेकको पाईन्छ । तहगत शिक्षकहरू मध्ये प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा अध्यापन कार्यमा संलग्न शिक्षिकाहरू क्रमशः ३९.६, २४.६ र १५.६ प्रतिशत रहेको पाईन्छ (रिजाल, २०६७) ।

राष्ट्रीय जनगणना २०६८ को प्रारम्भीक नतिजा अनुसार जम्मा २,६६,२०,८०९ मा पुरुष १,२९, २७,४३१ र महिला १,३७,९३,३७३ रहेका छन् । लैङ्गीक अनुपात ९४:४१ रहेको छ । संरचनाको क्षेत्रमा महिलाको अवस्थालाई हेर्दा कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेको महिलाहरूको समावेशि संरचना अन्य क्षेत्रमा झैं सञ्चारमाध्यमको सामाग्री पनि नगन्य रूपमा देखिएको छ । अध्ययन अवधि भित्र ५ वटा नेपाली ब्रोडशीट अखबारमा छापिएका कुल १४,१७५ वटा सामाग्री मध्ये महिलाका विषयमा छापिएका समाचार १ सय १७ मात्र पाइयो । महिलासँग जोडिएको सामाग्रीहरू केवल ०.८२ प्रतिशत अनुपातमा छापिएका छन् । यो तथ्यबाट मुलधारका दैनिक अखबारले महिला सम्बन्धी समस्याहरूलाई प्राथमिकताका रूपमा दिन सकेका छैनन् । राष्ट्रिय दैनिक अखबारले महिलाका मुद्दालाई नगन्य स्थान दिएका छन् भन्न सकिन्छ । महिला अधिकारवादी प्रतिभा सुवेदीका अनुसार संसारमा ७० प्रतिशत महिलाहरू निरक्षर छन् । नेपालमा १५ वर्ष माथिका साक्षरता हेर्दा ५२ प्रतिशत कायम छ । यसमा पुरुष ६९ र महिला ३८ प्रतिशत साक्षर छन् ।तसर्थ पत्रपत्रिका पढ्ने क्षेत्रमा महिलाको पहुँच ज्यादै कम छ । संचारका माध्यमले महिलाहरूको परम्परागत स्वरूप मात्र प्रस्तुत गर्ने र विज्ञापन निर्माण गर्ने संस्थाहरूले महिलाहरूलाई उपभोग्य वस्तुका रूपमा प्रतिबिम्बीत गर्ने परिपाटीले गर्दा महिलाप्रतिको भूमिका बारे जनसमक्ष जागरण ल्याउन संचार जगत्मा महिला अनुकुल नीति निर्माण गर्न आवश्यक छ (घिमेरे, २०६५) ।

## २.४ सामाजिक सांस्कृतिक दृष्टिकोण

प्रसिद्ध समाजशास्त्री Lynn Benet (1983) ले आफ्नो अनुसन्धानात्मक पुस्तक "Dangerous wives and Sactred Sister: Social and Symobolic roles of high cast women in Nepal" मा पनि आमाको रूपमा सामाजिक सांस्कृतिक रूपले महिलालाई उच्च सम्मान तर श्रीमती वा बुहारीको रूपमा अपमानित तथा क्रष्टप्रद जिवन,

लोग्नेको दासीको रूपमा बस्नु पर्ने धार्मिक सांस्कृतिक मान्यता रहेको कुरा उल्लेख गरिएको छ । जसमा यसै प्रसङ्गलाई उजागर गर्दै कुमारीलाई पवित्रता तथा शुद्धतासँग जोडेर हेरिन्छ भने सन्तान उत्पादन गर्ने कार्यमा संलग्नतालाई Pollution सँग जोडिएको छ । महिलाहरूमा उमेर बढ्दै जादा pollution /Sexuality बढ्दै जान्छ भन्ने यस किताबमा उल्लेखित छ । महिलाहरूलाई हिन्दु धर्म र दर्शनमा आधारित नेपाली समाजले शक्ती र प्रकृतिको रूपमा हेरेको छ । प्रकृति सधैं oncultured हुन्छ र महिलाप्रति हिन्दु सामाजिक सांस्कृतिक दृष्टिकोणलाई महिला शक्ती+प्रकृति खतरा समीकरणले राम्रोसँग प्रतिनिधित्व गर्छ । यस्तै महिला प्रतिको सामाजिक, सांस्कृतिक पक्षले पनि प्रत्यक्ष उनीहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमीकालाई उजागर गर्दछ । पुरुषहरू महिलाहरू भन्दा बढि जीवनमा सम्भावनाहरूबाट लाभान्वित भएका छन् । पुरुषहरूलाई बढि अवसरहरू प्रदान गरिन्छ । जसले गर्दा महिलाहरूको भन्दा उनीहरूको बाँच्ने अवसर बढि हुने गर्दछ । महिलाभएकै कारण समाजले गर्ने सामाजिकीकरणबाट तिनीहरू भविश्यमा अन्य क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्दैनन् । सन् १९८९ को तथ्यांक अनुसार विश्वका दुई तीहाई महिलाहरू अशिक्षित रहेका छन् । साथै उनीहरूले विश्वको तिन प्रतिशत भन्दा कम सम्पती स्वतन्त्रतापूर्वक प्रयोग गर्दछन् । तर केवल ९.३% मात्र संसदमा प्रतिनिधीत्व रहेको छ । असमानताका कारण विभिन्न समाजमा भिन्न भिन्नै रहेता पनि पुरुषको तुलनामा महिलाको स्थिति दयनिय छ (ओभ्mा, २०६३) ।

नेपालमा भएको प्रजातान्त्रीक संघर्षको इतिहासमा नेपाली महिलाहरूको उल्लेख्य योगदान रहदै आएको छ । २००४ साल देखि २०६२/०६३ को जनआन्दोलन सम्म आइपुग्दा महिलाहरूले दिएको आफ्नो साहसीक र बलिदानपूर्ण योगदान विश्वका अगाडि उदाहरणीय बन्न पुगेको छ । तर पितृसत्तात्मक सोचको प्रधानता र राज्य संरचनाका हरेक तहबाट महिलाहरूको योगदान र भूमिकालाई स्विकार गर्न नसक्ने मानसीकताले अहिले पनि महिलाहरू हरेक क्षेत्रमा पछाडि पारिएका छन् । देशमा प्रजातन्त्र स्थापनाको लागि महिलाहरूले लेखेको उत्साहवर्धक भूमीका र योगदानको कदर नगरि २०४७ सालको संविधानमा महिलाहरूलाई पुरुषसरह सबै क्षेत्रमा समान न्याय, अधिकार र समानता प्रदान गर्ने कुरामा कञ्जुस्याई नै गरियो । त्यसकारण पुरष प्रधान मानसिकताले व्याप्त समाजमा सजिलै तरिकाले महिलाहरूलाई प्रत्येक क्षेत्रमा समान रूपमा सहभागी तुल्याउने कुरा सम्भव छैन । समतामूलक प्रतिनिधीत्व र सहभागीताको लागि अब हुने भनिएको संविधान

सभा नेपाली महिलाहरूले अवसरको रूपमा लिएको छ (महिला सुरक्षा दवाव समुह, २०६३/६३) ।

नारीवादी Syliva Walby को मान्यता अनुसार परिवारभित्र लोग्ने र स्वास्नी बिचमा बर्गीय सम्बन्ध हुन्छ र यस्तो लिङ्गमा आधारित श्रम विभाजनले लैङ्गिक भिन्नतालाई निम्त्याउँछ । घरको काम महिलाले गर्दछन् तर कठिन र फरक प्रकृतिको भएर पनि यसलाई अवमूल्यन गरिन्छ । पुरुषहरू बाह्य काममा उपयुक्त हुन्छन् भन्ने मान्यतासहित उनीहरू सामाजिक, आर्थिक, कार्यहरूमा संलग्न हुन्छन् । जसले गर्दा परिवारका महिला पुरुषमाथि निर्भर हुन पुग्दछन् । महिलाहरूले मूख्य रूपमा खास खालका पेशाहरूमा ध्यान केन्द्रीत गरेको पाइन्छ । महिलाहरूका यस्ता पेसाहरू केहि बाहेक अरु सबै अप्राविधिक वा कम प्राविधिक कम मुल्य पाउने र कम हैसियतका रहेका छन् । महिलावादीहरू भन्छन् महिलाहरू तिनीहरू भित्रको अन्तनिर्हित नारित्व गुणले गर्दा तिनीहरू रोजगारि प्राप्त गरेका हुन् । ती पेशाहरूमा महिलाहरूलाई रोजगारी दिएको छ जुन तिनीहरूको प्रकृति अनुसार मिल्दो छ कि समानताको लागि नारिवादीहरूका अनुसार महिलाहरू दोब्बर मर्कामा परेका छन् । किनभने तिनीहरू बजारको कारणले बाहिरको कामको साथै घरभित्रको, परिवार, परिवारका सदस्यहरू र बृद्धहरूको हेरचाह गर्नुपर्ने बाध्यता रहेको छ । ति महिलाहरू जो पूरा समय रोजगारिमा खर्च गर्दछन् । तर पनि घरको उत्तरदायित्व वहन गर्नै पर्दछ । यसको विपरित विवाहित तर लामो समयसम्म बेरोजगार पुरुषहरूले उनीहरूको फुर्सदको समय घरभित्रको श्रममा खर्च गर्दैनन् (ओझा, २०६३) ।

सेना समायोजना विशेष समीतिले वर्गीकरण गरेको पछिल्लो तथ्यांक अनुसार करिब १७ हजारले समायोजनमा जाने भनेका छन् । त्यसमध्ये महिलाको संख्या ३ हजार ५ सय जति छ । महिलाका लागि शिक्षा, स्वास्थ्य, उमेर लगायतको मापदण्डमा खुकुलो नबनाउने हो भने सेनामा जान इच्छुकमध्ये पनि धेरैले मौका पाउने छैनन् । समग्रमा महिला लडाकुका लागि समायोजन प्रकृया कुनै तात्विक महत्व हुने छैन । अहिले भने जस्तो विवाह गरि बच्च पाएको, बच्चा पाउँदा पनि अप्रेशन गरेका भन्ने नाममा उनीहरूलाई घर सम्हाल्न जाउ भनियो भने त्यो हदैसम्म अन्यायपूर्ण हुनेछ किनभने बच्चा महिलाले आफ्ना लागि जरुरी भएर मात्रै पाएका होइन । यो त उनीहरूको पारिवारीक र सामाजिक जिम्मेवारी पनि हो । तर यसलाई महत्व नदिएर महिला घर सम्हाल्न जानुपर्ने र पुरुष राष्ट्र निर्माणमा सरिक हुने परम्परा कायमै हुने भयो भने समावेशी समाज निर्माण सम्भव छैन । सबैजसो महिलालाई

घर सम्हाल्ने जिम्मेवारी दिएर पुरुषप्रधान सत्ताले आफ्नो असली अनुहार देखाएको छ । पुरुषहरू सरकारी सेवामा जाने, देशको सेवा गरेर आफ्नो भविश्य बनाउने अनि महिलाचाहिँ विभिन्न नाममा घर फर्कनुपर्ने, बालबच्चा हेर्नु पर्ने र कुनै न कुनै रूपमा लोग्नेको सेवा गर्नुपर्ने यो क्रम जारि रहेसम्म पुरुषप्रधान समाज बदलिन सम्भव छैन (शर्मा, २०६८) ।

सन् १९९० को संविधान अनुसार सबै नागरिकको आधारभूत स्वतन्त्रता र मानव अधिकारको सुनिश्चितता गरेता पनि व्यवहारमा महिलाको विभिन्नता क्षेत्रमा जस्तै : सम्पति अधिकार र पारिवारिक स्तरमा विभेद गरेको छ । नेपालमा विभिन्न जातिय समुहहरूको अवस्था पुरुषको तुलनामा धेरै नै फरक पाइन्छ । धेरै जस्तो समुदायमा महिलाको अवस्थालाई पितृसतात्मक परम्पराले र वषौदेखि चलिआएको महिलाहरूको भूमिकाले हाम्रो समाजन्यून गतिमा अगाडि बढि रहेको पाइन्छ । सामान्य तया मानिसहरू यो विश्वास गर्दछन् कि स्वास्नी मान्छेको उचित ठाउँ भनेको उसको घर जहाँ उसको मूख्य जिम्मेवारी केटाकेटि हुर्काउने चुलो चौको गर्ने रहेको हुन्छ । फलस्वरूप स्वास्नी मान्छेको शिक्षामा सिमीत पहुँच पुगेको हुन्छ । जसको परिणाम उनीहरू सिमीत अवसर पाएका छन् । जसले गर्दा महिलाले ठूलो सामाजिक स्वतन्त्रता उपयोग गर्नबाट बन्चीत हुन पुगेका छन् । (OECD: 2010)।

महिलाहरू शैक्षिक क्षेत्रमा पुरुषको तुलनामा कमजोर रहनुमा सामाजिक परिवेश, आर्थिक अवस्था अनि सांस्कृतिक परिपाटी मात्र कारक नभएर यसलाई जैविक कारणहरू समेत रहेको कुरा एक अनुसन्धानले पत्ता लगाएको छ । वास्तवमा हरेक समानतको आवाजले महिला र पुरुष बीच हुने जैविक फरकपनलाई बेवास्ता गर्दछ । लण्डनमा गरिएको एक अनुसन्धानले उजागर गरेको छ भने किशोरीले परीक्षामा लेख्ने लेखाइएको स्तरमा उनीहरूको मासिक धर्मले १४ प्रतिशत सम्म प्रभाव पार्दछ (पौडेल, २०५८) ।

Kathryan S March ले तामाङ समुदायमा अध्ययन गरे पश्चात १९८३ मा “Weaving, Writing and Gender” पुस्तक प्रकाशित गरेकी थिईन् । उनको अध्ययन अनुसार तामाङ समुदायमा लेखाई वा बुनाई लाई एउटा कलाको रूपमा मात्र नलिई महिला र पुरुषको कार्य एवं भूमिका लाई प्रतिनिधित्व गरेको पाईन्छ । महिलाहरू भौतिकवादी वा शारीरिक परिश्रमलाई जोड दिन्छन् भने पुरुषले अध्यात्म वा वैचारीक पक्षलाई जोड दिन्छन् । पुरुषमा महिलाभन्दा उच्च शक्ती हुन्छ भन्ने तामाङले विश्वास गर्दछन् । महिलालाई शरीर निर्माता र पुरुषलाई दिमाग निर्माताका रूपमा लिनुले पनि महिलाहरू

पुरुष भन्दा दमित  भएको कुरा स्पष्ट हुन्छ । पुरुषको कार्य आध्यात्मीक दैविक शक्ति सँग सम्बन्धीत रहेको पाईन्छ तर महिलाहरू बुनाईको छलपूर्ण जालोभित्र रहेर विनिमय प्रदान गर्दछन् भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । यसप्रकार पितृसत्तामा लेखाई कार्यले पुरुषलाई जोड दिने हुँदा महिलाको कार्य निम्न हैसियतमा रहेको स्पष्ट हुन्छ । यि कार्य बीचमा  पनि सामाजिक विभेद रहेको छ । जुन कुरा लैङ्गिक दृष्टिकोणको मान्यतासँग मेल खान्छ । यस लेखले महिलाहरू र महिलाहरूको कार्य पुरुषको भन्दा निम्न रहेको कुरालाई प्रकाश पारेको छ । सामाजिक, सांस्कृतिक, धार्मिक तहमा महिला भेदभाव रहेको कुरालाई यस लेखले उजागर गरेको छ ।

Lynn Bennett (1979) को पुस्तकले परम्परागत तथा परिवर्तीत कानूनी सर्न्दभमा नेपाली महिलाहरूको हैसियत एवं स्थीतिलाई प्रष्ट्याएको छ । नेपालमा जे जस्तो कानून, ऐन, नियम ,संविधान बनेका छन् ती सबै हिन्दु धर्म प्रभावित पितृसतात्मक मुल्य मान्यता र नियम बाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित छन् । परम्परागत कानूनमा महिलाको हैसियत न्यून भए पनि परिवर्तीत कानूनले महिला समानता सम्बन्धी विभिन्न नियम कानूनलाई अगाडि सारेको छ । तर हाम्रो सामाजिक तथा सांस्कृतिक पृष्ठभूमिले यस्ता कानूनलाई व्यवहारिक रूपमा लागु हुन दिएका छैनन् भन्ने कुरालाई पुस्तकले प्रष्ट्याएको छ । महिलाले आफ्नो व्यक्तिगत सम्पत्तीलाई उपभोग गर्न सम्पत्ती प्रमाणीत गर्नुपर्दछ । पुर्ख्यौली सम्पत्ती, शेषपछिको दोलाजी सम्पत्तीमा पुरुषले समान महिलाले पहिलो प्राथमिकता पाउँदिनन् । मुलुकी ऐन (हाल संशोधन भन्दा अघि)ले गर्भपतनलाई कानूनी मान्यता नदिएको हुँदा कैयौं महिलाहरूको  ज्यान जोखिम बनेको वा मृत्युभएको पाईन्छ । यसले महिलाको जीवनलाई कष्टकर बनाएको देखिन्छ । समाजमा रहेको दाईजो तिलक, अनमेल विवाह वहु–विवाह, बाल विवाह जस्ता प्रथाले नारीहरूको अस्तित्व लाई अरु जटिल बनाएको छ भन्ने कुरा यस पुस्तकमा  उल्लेख गरिएको छ ।

मान्छेले भन्ने गर्दछन् कि महिला भएका कारण उसले पाउने अधिकार यति नै हो । स्त्रीलिङ्ग भएको भन्दै महिलाहरूलाई सामन्तवादले बच्चा पाउने मेसिन, असल गृहिणी, यौन दासी बनाएको छ भने साम्राज्यवादले उद्योगबाट उत्पादित वस्तुको विज्ञापनको साधन, खुल्ला यौन व्यवसायि बनाएको छ । महिलाहरूलाई महिला भएकै कारण आर्थिक, राजनैनिक सामाजिक र सांस्कृतिक अधिकार नदिएकाले यसलाई वर्गीय उत्पीडन भन्न मिल्दछ । यी अधिकारहरूबाट सामान्ती, संभ्रान्त, पूँजीपति महिलाहरू पनि बञ्चीत छन् । महिलाहरूले

भोग्नु परेको समस्या उनिहरूले गुमाएको अधिकार उनिहरूलाई प्रकृतिका कारण हो भन्ने मान्छेहरू पनि छन् । उनीहरूको दलिल के रहने गरेको छ भने प्रकृति वा भगवान्ले महिलाहरूलाई कमजोर शारीरिक अवस्था भएको, नरम स्वभावको, दयालु, बच्चाजन्माउन र पुरुषको सेवा सुविधा दिनका लागि बनाएको भन्दछन् । यस अवस्थामा महिलालाई मध्यनजर राख्दै महिलाको सहभागिता र क्षमता, दक्षतामा वृद्धिका लागि महिलाहरूलाई विशेष कार्यक्रम ल्याउनु पर्दछ । विशेष कार्यक्रमका लागि विशेष अधिकारीको व्यवस्था गरिनु पर्दछ । योग्यताको हकमा  समान हुनुपर्दछ तर दक्षता र क्षमता अहिले नै पुग्न सक्दैन (रेग्मी–२०६७) ।

महिलामाथि हुने गरेको हिंसा तथा दमनको अन्त्य गर्दै उनीहरूको अवस्थामा सुधार ल्याउने उद्देश्यले विभिन्न समयमा संयुक्त राष्ट्रसंघद्वारा प्रस्ताव  पारित भएका छन् । सन् १९४८ मा घोषणा भएको विश्वव्यापी मानवअधिकार सम्बन्धी घोषणा पत्रले कसैलाई बाँध वा दास बनाई राखिने छैन् सबै प्रकारको दासत्व र दास व्यापार निषेध गरिने छ भनि स्पष्ट घोषणा गरेको छ । युद्धको रोकथाम नियन्त्रण र मानवताको सम्मानको निम्ती संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० यस सम्बन्धमा महत्वपूर्ण उपलब्धीहरू हुन । यस वाहेक महिला बिरुद्ध सबै प्रकारका विभेद उन्मुलन सम्बन्धी महासन्धी (१९७९) न्याय, समानता र प्रगतिको आन्दोलनमा एक महत्वपूर्ण कोशेढुङ्गा सावित भएको छ । उपरोक्त महासन्धीलाई व्यवहारमा रूपान्तरण गर्न सन् १९९५ बेइजिङ्गमा आयोजित विश्व महिला भेलाले पारित गरेका बेइजिङ्ग घोषणा पत्र र "बेइजिङ्ग प्लाटफर्म अफ एक्सनका १२ रणनीतिक उद्देश्य र कार्यहरू यस सन्र्दभमा महत्वपुर्ण रहेका छन् । यस वाहेक सन् १९९३ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाले "महिला बिरुद्धको हिंसा निर्मुलन" सम्बन्धी घोषणा पत्र पारित गरेको थियो । यसैको अनुगमनको लागि विश्वमा महिला बिरुद्धको हिंसाको स्थिती र प्रभावलाई अध्ययन गर्न संयुक्त राष्ट्रसंघ मानवअधिकार आयोगले मार्च ४, १९९४ मा प्रस्ताव  नं १९९४।९५ पारित गरि एक विशेष सभाधिक्षकको पनि व्यवस्था गरेको  थियो (प्रधान, २०६७) ।

विकासको अवधारणा भित्र जमेर रहेका तथा विकासमा महिला (WID) भन्ने अवधारणा अर्न्तगत अघि बढाइएको हुनाले सामाजिक लिङ्ग सम्बन्धी विश्लेषणहरूले महिला तथा पुरुष दुवैका शिक्षा वा चेतनाको अभावले नै महिलाहरूको उत्पीडन भएको हो भन्ने

कुरामा जोड दिन्छन् भन्ने कुरा आश्चर्य लाग्दो होईन । गतिविधि गोष्टीहरू, तालिमहरू कार्यपत्रहरू त्था प्रतिवेदनहरू हुँदा हुँदै पनि किन महिला अधिकारको क्षेत्रमा प्रगति भएको छैन् भन्ने प्रशन उठ्दै जाँदा कार्यन्वयनको अभावलाई मात्रै दोष दिन सकिदैन भन्ने कुरा प्रष्ट हुन्छ । न त केवल लक्ष्यहरूबारेको अष्पष्टतालाई नै दोष दिन सकिन्छ (लुईटेल :२०५८) ।

अवधारणा जसरी बनेका छन् त्यसले नै समस्या थपेको छ भन्ने कुरा पनि विचार गरिनुपर्दछ । कविरले सोधेझैं के महिलाहरू उत्पादन तथा प्रजनन्मा हुने निर्णायक भूमिकालाई स्थानिय स्तरमा स्वीकारेर यसको आधारमा योजना तयार पार्नु महिलाहरूले भोग्ने बहुपक्षिय समस्याहरू समाधान गर्नका लागि यथेष्ट कुरा हो । साँच्चि नै महिलाहरूले भोग्ने बहुपक्षिय समस्यहरूलाई छिचोल्ने प्रयासका लागि "विकासमा महिला" (WID) र अन्य विकासे सिद्धान्तहरू भन्दा आधारभुत रूपले फरक सोच र व्यहार अपनाउनु पर्ने हुन्छ । पहिलो कुरा वर्गिय, जातिय, जातगत, यौनिकता,धार्मिक, नाता सम्बन्धको प्रणाली आदी सामाजिक सांस्कृतिक कुरालाई ध्यान दिएर महिला उत्पीडनका अर्थ राजनैतिक जराहरूलाई उथिनेर उज्यालोमा ल्याउनु पर्छ । दोस्रो कुरा खोजमा अपनाइने तरिकाहरू र विधिहरूले महिलाहरूलाई निष्क्रिय मौन विकासको निसाना बनाउने होइन, बरु सचेत ढङ्गले महिलाहरूलाई उत्पीडनभित्र पार्ने सामाजिक उच्चनियम तहगत संरचनाहरूलाई भिर्न सक्षम हुनुपर्दछ । तेस्रो कुरा उक्त खोजमा आधारीत सक्रिय परिवर्तनशिल कार्यक्रहरूहरूलाई महिला उत्पीडन वर्तमान समाज व्यवस्थाको अभिन्न अंगका रूपमा लिदै आधारभूत सामाजिक परिवर्तनमा केन्द्रित गर्नुपर्दछ । यि कुरालाई आत्मसाथ गर्न सकियो भने नारीवादले सिर्जना गरेको सामाजिक लिङ्ग जस्ता विभिन्न अवधारणाहरू उपयोगी हुन सक्छन् (तामाङ, 2007)।

# अध्याय तिन

# अनुसन्धान पद्धती

## ३.१ अध्ययन क्षेत्र

अनुसन्धान कुनै पनि समस्याको लागि गरिने क्रमबद्ध तथा विशुद्ध चिन्तन एवं विशिष्ट उपकरणको प्रयोगको एउटा विधि हो । जसले नयाँ ज्ञानलाई प्रकाशमा ल्याउदछ् र पूराना त्रुटि र धारणाहरूलाई परिमार्जन गर्दछ । सिमिकोट गा.वि.स हुम्ला जिल्ला मा अवस्थित छ । २०५८ सालको जनगणना अनुसार यस जिल्लाको जम्मा जनसंख्या १७७८१ थियो । जसमा पुरुषको जनसंख्या ९२१६ तथा महिलाको जनसंख्या ८५६५ रहेको छ । २०५८ को जनगणना अनुसार यस गा.वि.स को जम्मा जनसंख्या २४७६ रहेको छ । जसमध्य पुरुषको संख्या १२६३ र महिलाको संख्या १२१३ रहेको छ । यहाँको मुख्य पेशा कृषि हो जसमा ९२.५३ प्रतिशत कृषि र गैर कृषिमा ६.४६ प्रतिशत संलग्न छन् ( हुम्ला जिल्लाको वस्तुगत विवरण, २०६३)

यस गाउँमा विशेष गरि क्षेत्री जातिको बाहुल्यता छ । यहाँ परम्परादेखि नै यसै जातिले बसोबास गर्दै आएको छ । यो अनुसन्धान वर्तमान समयमा यहाँका क्षेत्री महिलाहरूको आर्थिक, सामाजिक स्थीतिका साथै घरायसी निर्णय प्रकृयामा कस्तो भूमिका छ भन्ने बारेमा छ ।

## ३.२ क्षेत्र छनौटको औचित्य

क्षेत्री जाति नेपालको कुनै एक क्षेत्रमा मात्र बसोबास नगरि नेपालका विभिन्न भागमा बसोबास गर्दै आएको पाईन्छ । यो जाति तराई तथा पहाडका विभिन्न जिल्लाहरूमा छरिएर रहेका छन् । त्यसै गरि हुम्ला जिल्ला सिमिकोट गा.वि.स मा घना वस्तीको रूपमा क्षेत्री जातिहरूको बसोबास रहेको पाईन्छ । यस गा.वि.समा अन्य जातिको बसोबास भएतापनि बढि संख्यामा क्षेत्री जाति नै पाईन्छ । यस गाउँमा क्षेत्री महिलाहरूको अवस्था तथा उनीहरूको निर्णय प्रक्रियामा रहेको भुमिका जो समयको परिवर्तनसँगै परिवर्तन भैइरहेको छ । उनीहरूको बारेमा बुझ्न यस गाउँका ३,४,५ र ६ वडाको समग्र अध्ययन गर्न आवश्यक छ । यहाँका महिलाहरूको अवस्थालाई बाहिरी रूपमा व्याख्या विश्लेषण गरेता

पनि गहन रूपमा समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययन भएको पाइर्दैन् । जसले गर्दा पनि यस क्षेत्रको छनौट समाजशास्त्रीय अध्ययन गर्न बुझ्न आबश्यक छ ।

यस सिमिकोट गा.वि.स नै अध्ययन क्षेत्रका लागि उपयूक्त स्थान हुनुको विशिष्ट कारणहरू निम्न छन् :

१. यस क्षेत्रको अध्ययनले यसै जिल्लाका अन्य विकट ठाँउका महिलाको अवस्था निर्णय प्रक्रियामा रहेको भूमिका बारे बूझ्न ।

२. सदरमुकाममा अवस्थित भए पनि महिलाको शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था कमजोर रहेकाले

३. यस गाउँमा बढि क्षेत्री महिलाहरूको बाहुल्यता रहेकोले

४. अध्ययनकर्ता यसै क्षत्रेको बासिन्दा भएकोले

५. सदरमुकामा नजिकै भएर सापेक्षिक रुपमा अन्य ठाउँका महिलाहरूभन्दा बढि बाहिरी संस्कारको सम्पर्कमा आउने मौका हुँदाहुँदै पनि महिलाको स्थिति अन्य ठाउँको भन्दा खासै फरक नहुनु ।

६. बढ्दो बजार र खाद्य संस्थाको चामलमा निर्भ यस समुदायको परिवर्तित अवस्थामा महिलाहरूको निर्णय प्रकृयामा भूमिका हेर्न ।

७. प्रारम्भिक तथ्यांक संकलन र अनुसन्धानका क्रममा बारम्बार पहुँच गर्न सकिने भएकोले पनि उपयुक्त ।

## ३.३ अनुसन्धान ढाँचा

यो अध्ययन अनुसन्धान को मुल उद्देश्य हुम्ला जिल्ला सिमिकोट गा.वि.स को तल्लो गाउँका क्षेत्रीमहिलाको सामाजिक आर्थिक अवस्था , घरायसी, निर्णय प्रक्रियामा उनिहरूको भूमिका तथा त्यसमा प्रभाव पार्ने अन्य तत्वहरूको बारेमा गहन रूपले अध्ययन गर्नु हो । सोही उद्देश्य परिपूर्तिको लागि अनुसन्धानलाई विभिन्न अध्याय शिर्षक, उपशिर्षकमा विभाजन गरि क्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

यो अनुसन्धान वर्णनात्मक तथा विश्लेषणात्मक दुवै अनुसन्धान ढाँचामा आधारित छ । सिमीकोट गा.वि.स. का क्षेत्री महिलाहरूको आर्थिक, सामाजीक पृष्ठभूमीको बारेमा उनीहरूको घरायसी क्रियाकलापमा निर्णय गर्ने भूमीकालाई प्रभावीत गर्ने जिम्मेवार

तत्वहरूको बारेमा वर्णन गर्न वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएके छ । अध्ययन क्षेत्रबाट प्राप्त तथ्यांकको विश्लेषण गरि निष्कर्षमा पुग्न विश्लेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । भनाइको मतलब तथ्यांकको विवेचना तालिकामा प्रस्तुत तथ्यांकको विश्लेषणबाट गरिएको छ । तथ्यांकको विश्लेषणको माध्यमबाट नै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

**३.४ तथ्यांकका स्रोतहरू**

यो अनुसन्धान मुख्यतया प्राथमिक तथ्याङ्कमा केन्द्रीत रहे पनि अनुसन्धान प्रक्रिया र अनुसन्धानका समस्यसँग सम्बिन्धीत द्वितीय तथ्यांक पनि अबलम्बन गरिएको छ । यस अध्ययनमा प्राथमीक र द्वितीय दुबै प्रकारका स्रोत बाट सामाग्री संकलन गरिएको छ ।

**क) प्राथमिक तथ्यांक**

अनुसन्धानलाई यथार्थपरक र प्रामाणिक बनाउन सबैभन्दा महत्वपूर्ण माध्यम भनेको प्राथमिक तथ्यांक हो । प्राथमिक तथ्यांक घरधूरी सर्बेक्षण, अर्धसहभागी, अवलोकन, व्यक्तिगत अन्तरवार्ताको माध्यमबाट तथ्यांक संकलन गरियो । जस बाट शैक्षिक, सांस्कृतिक, आर्थिक अवस्था, पेशा, व्यापार व्यवसाय, घरायसी क्रियाकलाप तथा निर्णायक कार्यमा महिला भूमिका, त्यसमा प्रभाव पार्ने सामाजिकतत्वहरूको बारेमा तथ्यांक संकलन गर्न सकियो ।

**ख) द्वितीय तथ्याङ्क**

द्वितीय स्रोतका रूपमा महिलाको आर्थिक, सामाजिक अवस्थासँग सम्बन्धीत, उनिहरूको समाज, परिवार भित्र रहेको भूमिका, वर्तमान अवस्थासँग सम्बन्धीत पुस्तक, गा.वि.स को अभिलेख, जि.वि.स. को अभिलेख, तथ्यांक विभाग, विभिन्न पत्रपत्रीका, सरकारी कार्यलयमा रहेका अभिलेखहरूकोसमेत सहयोग लिइएको छ । यसको अलावा राष्ट्रीय दैनिक पत्रपत्रिका, महिला संघ, महिला मन्त्रालय आदीका तथ्यांक पनि प्रयोगमा ल्याइएको छ ।

**३.५ अध्यनको समग्रता**

सिमीकोट गा.वि.स. को तल्लो गाउँमा २२० घरधुरी छन् । समग्रतामा जनसंख्या एकाई (Number of unit) बढि हुन्छन् । २२० घरका सम्पूर्ण महिलाहरूको अध्ययन गर्न गाह्रो हुने

भएकोले समग्र अध्ययन क्षेत्रको प्रतिनिधित्व हुने गरी ४४ घरधुरीका ४४ जना महिला उत्तरदाताहरूलाई नमुनाको रुपमा छानिएको छ ।महिला आफैमा अर्मूत भएको कारण सजिलोको लागि शुरुमा तल्लो गाउँ, त्यसपछि २२० घरधुरीबाट ४४ घरधुरी अनिमात्र ४४ जना महिला उत्तरदाताहरू जो मेरो अध्ययन एकाई अन्तर्गत पर्दछन् । यहाँ घरधुरीको अध्ययन गर्ने नभई प्रत्येक घरबाट एक जना महिला पर्ने गरी महिलाहरूको भूमिकाको अध्ययन हो । सजिलोको लागि मात्र घरधुरी पहिला छानिएको हो । १५-५९ वर्ष भित्रका महिलाहरूलाई मात्र उत्तरदाताको रुपमा छानिएको छ । किनभने किनभने १५ वर्षभन्दा तलका जो परिपक्क पनि हुँदैनन् र बढि जसो विद्यार्थी भएको कारण घर व्यवहारमा संलग्न नभई उनीहरूभन्दा माथिका अभिभावकहरूको संलग्नता बढि हुन्छ । बोल्न पनि हिचकीचाउँछन् । त्यस्तै ६० वर्ष भन्दा माथिका महिला जो वृद्धहरू हुने भएकोले उनीहरू पनि सामान्यतया घर, बच्चा हेर्ने काममा संलग्न हुन्छन् । घर व्यवहार र आर्थिक सामाजिक क्रियाकलापमा संलग्न कमै हुन्छन् । अधिकार छोरा बुहारीले लिएका हुन्छन् । त्यसकारण धेरै सूचना पाउँन कठिनाई पर्दछ । त्यसकारण १५-५९ वर्ष भित्रका क्रियाशिल महिलालाई उत्तरदाताको रुपमा लगिएको छ ।

## ३.६ नमूना छनौट

२२० घरधुरी मध्ये ४४ घरधुरीबाट ४४ जना महिलाहरूलाई Systematic Sympling method अपनाई उत्तरदाताहरूको रुपमा छानिएको छ । यस नमुना छनौटको तरिका अपनाई उत्तरदाता छनौट गर्दा सर्वप्रथम समग्र २२० घरधुरीलाई क्रमवद्ध रुपमा सूची तयार पारी संख्यामा विभाजन गरियो । यसपछि प्रत्येक खास अन्तराल निकाली सूचीवद्ध अंकलाई निश्चित अन्तरालमा पारी नमुना छनौट गरिएको छ । जस अनुसार K=N/n को शुत्र प्रयोग गरी निश्चित अन्तराल निकालिएको छ । यहाँ K= अन्तराल, N= समग्रता, n=नमुनालाई जनाउँछ । सोही अनुसार २२० घरधुरीलाई नमुनाको रुपमा लगीएका जम्मा ४४ घरधुरी उत्तरदाताले भाग गर्दा ५ को अन्तराल नमुना छनोट गरिएको छ । यसपछि पहिलो क्रमसंख्या निर्धारण गरी ५ को अन्तराल गर्दै अन्तिम अन्तरालसम्म पुगिएको छ । १ देखि ५ घरबिचमा कुन घरको महिला उत्तरदाता लिने भन्ने कुरा निश्चित गर्नका लागि Randomly selection गर्दा चौथो घरको उत्तरदाता छनौट भएको थियो । सोही अनुसार ५-१० मध्ये ९ नम्बर, ११-१५ बीचमध्ये १४ अंक गर्दै सोही अनुसार सूचिवद्ध अकलाई५ को

अन्तरालमा पारि अन्तीम अन्तरालसम्म यसै तरिकाबाट ४४ जना उत्तरदाता महिलाहरू छानिएको छ । धेरै महिला भएको घरबाट घरमूली अथवा घरमुलीको श्रीमतीलाई लिइएको छ । यदि घरमुलीको श्रीमती नभएका खण्डमा उपलब्धताको आधारमा जो गाह्रो नमानी बोल्न चाहन्छ उनलाई नमुनाको रुपमा लिइएको छ । यसो गर्नाको कारण परिवार भित्र घरव्यवहार बढि घरमूलीको श्रीमतीलाई थाहा हुने र व्यवहार पनि निभाउने भएको कारणले लगिएको हो ।

### ३.७ तथ्यांक संकलन विधिहरू

#### ३.७.१ अवलोकन

अनुसन्धानको लागि निश्चित सीमा रहेको हुन्छ । तापनि कतिपय कुरा सीमामा रहेर अध्ययन अनुसन्धान गर्दा अप्ठ्यारो आईपर्दछ । त्यसैगरि यस अनुसन्धानमा पनि केहि सीमाहरू रहेका छन् । सोधेको प्रश्नप्रति चासो नदिनु, आफ्नै कार्य गर्न तत्पर रहनु , कतिपय प्रश्न प्रति उत्तरदाताबाट नै पैति प्रश्न हुनु , उत्तरदाता पनि परिवारका सदस्य माथि निर्भर रहनु जस्ता अप्ठ्यारो रहेको पाइयो । त्यसका साथै आर्थिक अवस्थाको बारेमा विवरण लिदा धेरै अप्ठ्यारो परेको थियो । केहि व्यक्तिले मात्र आफ्नो आर्थिक विवरण दिएतापनि धेरैजसोले आर्थिक अवस्था बारे खुलाउन अप्ठ्यारो मानेको पाइयो ।

सम्बन्धीत स्थानमा गएर त्याहाँका क्षेत्री महिलाहरूको स्थितिको बारेमा अवलोकन गरि तथ्यांक संकलन गरिएको छ । यस पद्धति मार्फत तथ्यांक संकलन गर्दा उत्तरदाताको स्पष्ट देखिने सूचनाहरू, पारिवरिक क्रियाकलाप, घरको बनावट, उत्तरदाताको व्यवहार, उत्तरशैलि, उत्तरदिदाका बखत उत्तरदाताको अनुहार, आर्थिक, सामाजिक जीवनशैली, सामाजिक तथा पारीवारिक क्रियाकलापमा उनिहरूको सहभागिता जस्ता कुराहरूको आधारमा उत्तरको सत्यता र मनोवैज्ञानिक पक्षलाई नजिकबाट प्रत्यक्ष रूपमा सहभागि भएर वा अप्रत्यक्ष रूपमा सहभागि भएर उक्त क्षेत्रका महिलाहरूको घरायसी निर्णय प्रक्रियामा कस्तो भूमिका रहेछ भन्ने बारेमा बुझ्न प्रयास गरिएको छ ।

#### ३.७.२ अन्तरवार्ता अनुसुचि

कुनै पनि अनुसन्धान कार्य गर्दा शोधकर्ताले यथार्थ तथ्य र सहि जानकारी हाँसिल गर्नका लागि व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गर्नु आवश्यक हुन्छ । यस विधिबाट सिमीकोट तल्लो गाउँका क्षेत्री महिलाको सामाजिक, आर्थिक, पृष्ठभूमि कस्तो रहेको छ , उनिहरूको

निर्णय प्रक्रियामा कमजोर स्थितिहुनुमा समाजका जिम्मेवार तत्वहरूको पहिचान गर्न तर्फ केन्द्रीत रहि अध्ययन स्थलमा गई अन्तरवार्ता विधिबाट परिवारको सूचना संकलन गरिएको छ। यस प्रविधि मार्फत प्राथमिक तथ्यांक संकलन गर्दा छनौट भएका प्रत्येक परिवारमा गई परिवारका १५-५९ वर्षसम्मका महिला सदस्यसँग प्रत्यक्ष भेटि अन्तरवार्ता गरिएको छ । अनुसन्धानको विषय नै महिला सँग सम्बन्धीत रहेको ले यस प्रविधि मार्फत अनुसन्धान गर्दा प्रश्नहरू आवश्यकता अनुसार अर्ध संरचित प्रकृतिको राखिएको छ। अनुसन्धानका क्रममा अन्तरवार्ताको लागि विशेष गरि दुई किसिमका प्रश्नहरू पहिलो उत्तरदाताको सामान्य परिचय, पारीवारिक विवरण सँग सम्बन्धीत छन् ,भने दोस्रो किसिमका प्रश्नहरू महिलाको सामाजिक, आर्थिक, पृष्ठभूमि, परिवारमा महिलाको स्थान, निर्णय प्रक्रियामा प्रभाव पार्ने सामाजिक तत्वहरू हैसियत वा भूमिका बुझ्ने खालका राखिएका छन्।

## ३.८ तथ्यांक विश्लेषण प्रक्रिया

अनुसन्धान को उद्देश्य प्राप्तीको लागि संकलित तथ्याङ्कहरू आफैमा अनुउत्तरित हुन्छन् । जसलाई अर्थपूर्ण बनाउनका लागि संकलित गरिएका तथ्याङ्कको संकलन गरिसकेपछि तथ्याङ्कहरू लाई प्राथमीक तथ्याङ्क र द्वितीय तथ्याङ्क गरि विभाजन गरिएको छ। त्यसका साथै संकलित तथ्याङ्क परिमाणात्मक र गुणात्मक दुबै भएको हुँदा अध्ययनको प्राथमिकता र औचित्य रहन गएको छ । आफैले प्रत्यक्ष रूपमा संकलन गरिएका तथ्याङ्कहरूलाई प्राथमिक स्रोत अन्तर्गत तथ्यांकमा राखिएको छ। विभिन्न गा.वि.स. अथवा अन्य संघसंस्था र पत्रपत्रिका द्वारा संकलित तथ्याङ्कलाई द्वितीय स्रोतमा राखिएको छ। यसरी विभाजित तथ्याङ्कमा प्राथमिक तथ्याङ्कलाई पुनः संख्यात्मक र गुणात्मकमा विभाजन गरिएको छ। यसरी छुट्ट्याईका तथ्याङ्कलाई विभिन्न गणितीय पद्धती अपनाई तालिकामा उतारिएको छ।

## ३.९ अध्ययन सिमा

कुनै पनि विषयको अध्ययन गर्दा त्यसको निश्चित परिधि र सिमामा रहेर गर्नुपर्ने हुन्छ। अनुसन्धान कार्य भनेको नै कुनै पनि निश्चित अवधिमा निश्चित ठाउँमा र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुनाले यसबाट प्राप्त परिमाण र व्याख्यामा पनि त्यस अवस्थामा मात्र सामान्यीकरण हुन सक्दछ। यो अध्ययन को पनि आफ्नै निश्चित सिमाहरू रहेका छन्। तिनै सीमाभित्र मात्र यसको परिमाण निष्कर्षहरू मान्य हुनेछन्।

यो अध्ययन केवल हुम्ला जिल्लाको सिमीकोट गा.वि.स को तल्लो गाउँको वडा नं. ३,४,५ र ६ मा बसोबास गर्ने महिलाको घरायासी निर्णय प्रक्रियामा  रहेको भूमिका बारे अध्ययन अनुसन्धान गरिने भएकोले यस अनुसन्धानको परिमाण ले नेपालका सम्पूर्ण महिलाको भूमिका तथा अवस्था लाई प्रतिनिधित्व गर्न असमर्थ हुन सक्दछ । छोटो समयमा तयार गरिएको हुँदा आवश्यक सम्पूर्ण तथ्याङ्कहरू प्राप्त गर्न नसकेका होलान् । तर पनि यस शोध अध्ययनलाई बढि भन्दा बढि मिहेनत गरि विस्तृत र परिमार्जित बनाउन प्रयास गरिएको छ ।

# अध्याय- चार

## उत्तरदाताको व्यक्तिगत तथा पारिवारिक पृष्ठभूमि

शोध अध्ययनका लागी सिमीकोट गा.वि.स. क्षेत्रका मानिसहरूको सामाजिक आर्थिक तथा जनसंख्या सम्बन्धी आवश्यक जानकारीहरू संकलन गरियो । जसबाट प्राप्त तथ्यांकको आधारमा पनि सीमीकोठ गा. वि. स. का क्षेत्रीमहिलाहरूको अवस्था, घररयसी निर्णय प्रकृयामा उनीहरूको भुमीकाबारे थाहापाउन सकिन्छ स्थलगत अध्ययन गर्दा उत्तरदाताहरूबाट संकलन गरिएका तथ्यांकहरूलाई निम्न शिर्षकहरूमा प्रस्तुत गरिएका छन् ।

### ४.१ व्यक्तिगत पृष्ठभूमि

### ४.१.१ उमेर

यस शोध अध्ययनका लागी ४५ उत्तरदाताहरूलाई छानिएको छ जसको उमेर समुहलाई जम्मा ५ भागमा विभाजन गरिएको छ । उत्तरदाताको उमेरगत विवरणलाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालीका नं. १ उमेरको आधारमा उत्तरदाताको विवरण**

| उमेरगत समुह (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| १५–२५ | १ | २.२७ |
| २६–३५ | ७ | १५.९० |
| ३६–४५ | १८ | ४०.९० |
| ४६–५५ | ११ | २५.०० |
| ५६ | ७ | १५.९० |
| जम्मा | ४४+ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं १ अनुसार ४५ जना उत्तरदाताहरू मध्ये सबैभन्दा बढि उत्तरदाताको उमेर समुह (३६-४५) बर्ष ४०.९० प्रतीशत रहेको छ । त्यसैगरि

सबभन्दा कम उमेर समुहमा (१५-२५) वर्ष २.२७ प्रतिशत रहेको छ । उमेर समुह (२६-३५) र (५६ देखि माथि ) प्रतिशतको हिसाबले समान रहेको पाइयो । यी दुवै उमेर समुहमा उत्तरदाता सात-सात जनाको संख्यामा रहेका छन् भने दुवैको प्रतिशत १५.९० रहेको छ ।

१५-२५ वर्ष भित्रको उत्तरदाताको संख्या १ मात्र रहको छ । जो एकदमै न्यून छ । किनभने तथ्यांक संकलन गर्न जादा यस उमेरका महिलाहरू प्राय जसो विद्यालय, मेलापात तिर गएका हुन्थे । भेटिएका मध्ये पनि बुारि भएको कारण घरपरिवारको अगाडि खुलेर बोल्न चाहेनन् साथै आमा, सासु बोल्न अग्रसर भएको कारण पनि यस समूहका उत्तरदाता धेरै भेट्न सकिएन् ।

### ४.१.२ वैवाहिक स्थिती

अध्ययन क्षेत्रका महिलाहरूको वैवाहिक स्थिती कस्तो रहेको छ भनि पत्तालगाउन ४४ जना उत्तरदाताको वैवाहिक स्थिती अनुसार पाँच तहमा विभाजन गरि तालीकामा प्रस्तुत गरिएको छ । साथै कुन उमेरमा कम तथा वढि विवाह हुन्छ भनि पत्ता लगाई विश्लेषण गर्न तिन उमेर समुहमा उत्तरदातालाई विभाजनगरि तातिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ वैवाहिक स्थिती**

| वैवाहिक स्थिति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विवाहीत | ३९ | ८८.६३ |
| विधवा | ४ | ९.०९ |
| सम्बन्ध विच्छेद | १ | २.२७ |
| जम्मा | ४४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८ ।

माथिको तालिका नं २ मा उल्लेख भएअनुसार जम्मा ४४ जना क्षेत्री महिलाहरू मध्ये ३९ जना (८८.६३%) विवाहित, विधवा ४ जना (९.०९%) र सम्बन्ध विच्छेद १ जना (२.२७%) भेटिए । अविवाहित र एकलको संख्या सून्य छ । यस बाट के

प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा महिलाहरूको त्याँहाको संस्कार तथा अन्धविश्वारको कारण छिटो विवाह हुने गरेको पाइयो । केही सीमित मात्रामा भेटिएका अविवाहित महिलाहरू जो बोल्न लाज मानेर, खुलेर परिवारको अगाडि बोल्न कर मान्ने भएको कारण उत्तरदाता महिला भित्र अविवाहितको संखया सून्य रह्यो । साथै अर्को कारणमा उमेरको हिसाबले १५ वर्ष भन्दा माथिका महिला परिपक्कता हुने भएको कारण १५ वर्ष भन्दा माथिका उत्तरदाताहरू लगिएको थियो ।जो १५ वर्ष माथिका छन् उनीहरूको विवाह भैसकेको कारणले छानिएका उत्तरदाता महिलाहरूमध्ये अविवाहित उत्तरदाताको संख्या सून्य पाइयो भने विवाहित को संख्या सबभन्दा धेरै ८८.६३% पाइयो । त्यस्तै सम्बन्ध विच्छेद गरेको १ जना मात्र भेटिएको ले यसबाट के प्रष्ट हुन्छ भने त्यस ठाँउमा सम्बन्ध विच्छेद गर्ने प्रचलन एकदमै कम छ । परम्परागत सोचमा जगडिएका कारण समाजले तिरस्कार, अपहेलित गर्ने डर को कारण महिलाहरू चाहेर पनि सम्बन्ध विच्छेद गर्न चाहदैनन् ।

### ४.१.३ विवाह गर्दाको उमेर

**तालिका नं. ३ विवाहगर्दाको उमेर अनुसार उत्तरदाताको विवरण**

| विवाह गर्दाको उमेर (वर्षमा) | संख्या | प्रतिशत |
|---|---|---|
| १०–१५ | ९ | २०.४५ |
| १६–२० | २७ | ६१.३६ |
| २१–२५ | ८ | १८.१८ |
| जम्मा | ४४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका नं. ३ अनुसार ४४ उत्तरदातामध्ये उमेर समुह (१०-१५) वर्षमा ९ जना, (१६-२०) वर्ष भित्रमा २७ जना र (२१-२५) वर्षभित्रमा ८ जना को विवाह भएको देखिन्छ । १६ देखि २० वर्ष भित्रमा सबभन्दा धेरै ६१.३६% महिलाको विवाहभएको पाइयो । सबभन्दा कम २१ देखि २५ वर्ष भित्रमा १८.१८% महिलाको विवाह गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने अध्ययनक्षेत्रका महिलाहरूको

अधिकांश विवाह २० बर्ष भन्दा माथि नभई १६ देखि २० वर्ष भित्र भैसक्छ । जसको कारणपनि आफ्नो शिक्षालाई निरन्तरता दिन सक्दैनन् । अन्य सामाजिक- आर्थिक तथा उच्च शिक्षामा भन्दा बढि पारिवारीक दायित्वा वहन गर्न व्यस्त रहेको पाइयो । तालिकामा प्रस्तुत तथ्यांकको अवस्थालाई हेर्दा अधिकांश महिलाहरूको विवाह ढिलामा २५ वर्ष भित्र भैसक्छ किनभने यदि ढिला विवाह गऱ्यो भने समाजमा केटा नपाएर बसेको वा बुढि कन्या भै भनेर अपहेलना गर्ने प्रचलन व्याप्त छ । छरछिमेकी तथा परिवारले अत्ताउने गरिन्छ । त्यसकारण पनि धेरै उमेरसम्म विवाह नगरी बस्दैनन् । त्यसमध्ये पनि १६-२० वर्ष भित्र बढि महिलाका विवाह भैसक्छ । जुन तालिका नं ४ बाट प्रष्ट हुन्छ । यसो हुनुमा अर्काको घरजाने जात हो समयमानै गए राम्रो हुन्छ तथा बाबुआमा पनि ढुक्क हुने गरेको पाइयो । एक परम्परागत सोच अर्को सामाजिक अपहेलनाको कारण यो उमेरमा प्रायको विवाह भैसक्छ । सबैलार्य छोराले बुहारि ल्याए घरको खेतीपातीको काममा सहयोग हुन्थ्यो भन्ने आशा पनि हुन्छ । छिटो विवाहका कारण पनि सन्तान जन्मेको देखिन्छ ।

### ४.१.४ साक्षरता शैक्षिक स्थिति

यस सिमीकोट गा. वि. स. वडा नं. ३, ४, ५ र ६ अन्तर्गत नमुना छनौटमा परेका ४४ घरधुरी मध्येका महिलाहरूको शैक्षिक अवस्थालाई अध्ययन गर्दा यस क्षेत्रका महिलाहरूको शैक्षिक स्थिती पछि नै परेको पाइयो । यहाँका महिलाहरू पुरुषको तुलनामा पिछडिएको पाइयो । पुरै हुम्ला जिल्लाको साक्षरताको अवस्थालाई हेर्दा २०५८ सालको जनगणना अनुसार पुरुष ४१.३ प्रतिशत र महिला ११.८ प्रतिशत साक्षर रहेको देखाएको छ । जुन कुरा प्रस्तुत तालिकाबाट पनि प्रष्ट हुन्छ ।

**तालिका नं. ४ : शैक्षिक अवस्थाको विवरण**

| साक्षरता शैक्षिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर (लेखपढ गर्न नजान्ने) | १० | २२.७२ |
| साक्षर (सामान्य लेख्न जान्ने) | १९ | ४३.१८ |
| प्राथमिक तह (१ देखि ५ कक्षा) | २ | ४.५४ |
| नि.मा.वि. (६ देखि ८ कक्षा) | १ | २.२७ |
| मा.वि. (९ देखि १० कक्षा) | २ | ४.५४ |
| उच्च शिक्षा (१० देखि १२) | २ | ४.५४ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं ४ अनुसार सबभन्दा धेरै १९ जना ४३.१८ महिला साक्षर छन् । उनीहरू आफ्नो नाम सम्म मात्र लेख्न जान्छन् । १० जना २२.७२ प्रतिशत पूर्ण रूपमा लेखपढ गर्न जान्दैनन् । जुन तथ्यांकले त्यहाँ महिलाको शैक्षिक अवस्था वर्तमान समयमा पनि कति न्यून स्तरको छ भन्ने कुरा प्रष्ट पार्दछ । अध्ययन क्षेत्र जुन सदरमुकाममा अवस्थीत रहदा पनि शिक्षाको सवालमा पछि परेको देखिन्छ । साक्षर मात्र आफ्नो नाम लेख्न सम्मका लागि छन् । त्यस्तै नि.मा.वि., मा.वि., उच्च शिक्षामा क्रमश १, २, २ जना भेटिए जुन संख्या अत्यन्त न्यून छ । यसबाट के प्रष्ट हुन्छ भने महिलाहरू साक्षर भएतापनि औपचारीकरूपमा त्यो पनि माथिल्लो तहमा अत्यन्तै न्यून छन् । यसको कारण महिलाहरूको छिटो विवाह हुनु पनि एक हो ।


अध्ययन क्षेत्रमा उच्च शिक्षा भन्दा माथि पढेका महिलाहरू नभेटिएको कारण तालिकामा प्रस्तुत गरिएको छैन । किनभने गतसालबाट एउटा मात्र स्नातक तहको पढाई हुने क्याम्पसको स्थापना भएको छ । तिस वर्षभन्दा माथिकाले जो पढाइबाट बञ्चित छन् । उनीहरूले पढ्ने कुरै भएन त्यो भन्दा तलका प्राय सानै उमेरमा विवाह गर्ने भएकोले जिल्ला बाहिर गएर पढ्ने तथा बढाउने अवस्था छैन । सामान्य नाम लेख्न जान्ने महिलाहरूको संख्या बढी हुनुले उनीहरू अब आएर पढाइको महत्व बुझ्केकाले अनौपचारीक शिक्षा लिएका छन् । जसको कारण सामान्य लेख्न जान्दछन् । बाँकि औपचारिक शिक्षा तथा उच्च शिक्षाको

अवस्थ हेर्दा छोरी नपढाउने, पढाए पनि घरायसी कामको कारण, विवाहको कारणबाट बिचैमा छाड्ने भएको कारण एकदमै न्यून छ ।

### ४.१.५ कृषि पेशा बाहेक अन्य पेशाको विवरण

विशेषगरेर अध्ययन क्षेत्रका महिलाहरू अधिकांस कृषि पेशामा संलग्न छन् । शिक्षामा पहुँचको कमीलेपनि शिक्षीत महिलाहरू धेरैकम छन् । जसको कारण उनीहरू कृषि पेशाबाहेक अन्यपेशामा कमै संलग्न छन् । कृषि उत्पादनले अतिरिक्त आम्दानीभन्दा पनि जिविकोउपार्जनसम्म पनि पुग्न मुस्किल छ । परिवारभित्र तथा बाहिरका क्रियाकलापमा महिलाको कति भूमीका छ ? उनीहरू को निर्णयकति चल्दछ भन्ने कुरालाई महिलाको आफ्नो पेशा तथा त्यसबाट प्राप्त आम्दानीले ठुलो प्रभावपार्दछ । त्यसकारण पनि हामीले उत्तरदाता महिलाहरूको पेशा तथा आम्दानी को बारेमा जान्न जरुरी देखिएकोले तलको तालिका तथा चित्र मा तथ्यांक प्रस्तुत गरिएको छ ।

**चित्र नं. १: कृषि बाहेक अन्य पेशाको विवरण**




माथिको चित्र नं १ अनुसार कृषि पेशा बाहेक अन्य पेशा छ कि छैन भनेर सोध्दा सबभन्दा धेरै ६८.१८% उत्तरदाता महिलाहरूको कृषि बाहेक अन्य पेशा नभएको पाइयो । त्यसको तुलनामा १४ जना अर्थात ३१.८१% महिला कृषिबाहेक अन्य पेशामा संलग्न भएको पाइयो । यसले के प्रष्त पार्दछ भने उत्तरदाता मध्य अधिकांश महिलाहरू पुरै कृषिमा संलग्न छन् । उनीहरूको आर्थिक पक्ष सबल छैनन् । जसको कारण उनीहरू परिवारभित्र श्रीमानमा आश्रित छन् । अरुको निर्णयमा चल्न बाध्य छन् । कम प्रतिशत महिलाहरू जो पेशामा

संलग्न छन्, स्थलगत अवलोकन बाट के प्रष्ट हुन्छ भने उनीहरू आफ्नो परिवारभित्र बलिया पनि तथा उनीहरूको विचार आर्थिक कारोवार तथा अन्य घरायसी छलफलमा हाबि भएको पाइयो ।

कृषि पेशामा बढी जसो समय बिताउनुले के प्रष्ट गर्दछ भने उनीहरू प्रत्यक्ष आयआर्जनका क्षेत्रमा संलग्न छैनन् । यस क्षेत्रको कृषि पेशाबाट अतिरिक्त आम्दानी गर्ने अवस्था छैन । त्यसकारण प्राय महिलाहरूको बढी श्रम खर्च हुने तर त्यसको मूल्यांकन नभएको देखिन्छ । अधिकांस महिलाहरू अशिक्षित भएकोले तथा घरबाहिर महिलहरू जानुहुन्न भन्ने परम्परागत धारणाका कारण पनि उनीहरू कृषिमा संलग्न भएको पाइयो ।

### ४.१.६ बार्षीक आम्दानी तथा स्वामित्वको अवस्था

अधिकांश नेपाली समानमा महिलाहरू घरायसी काममा व्यस्त हुने र थोरै मात्रामा भएको आम्दानीमा पनि आफ्नो स्वामित्व कमैको मात्र रहन्छ । महिलाको आम्दानी तथा त्यसमाथिको स्वामीत्वले उनीहरूको पारिवारीक स्तरमा रहने भुमीका, स्थान, विचारमा प्रभाव पार्दछ । त्यसकारण अध्ययनको उद्देश्य नजीक पुग्नको लागी अध्ययन क्षेत्रका महिलाहरूको आम्दानी, त्यसका श्रोत, कस्तोमा परिचालन गर्दछन वचतको अवस्था बारेमा विभिन्न प्रश्न तथा अवलोकनमार्फत बुझ्न प्रयास गरिएको थियो । जसअनुसार यस गा. वि.स. का महिलाहरूको रु ५०० देखि १०,००० सम्मको आम्दानी देखियो । जसको श्रोत प्राय स्याउ, आलु, सीमी, बेचेको रकम, ज्यामीकामबाट प्राप्त रकम देखिन्छ । ३६.३६% महिलाको रु १०,०००, ३८.६३% महिलाको रु ५००० आम्दानी देखियो । आम्दानी कमभएपनि क्रमश महिलाहरूपनि आम्दानी गर्नतिर अग्रसर भएको पाइयो यो एक सकारात्मक पक्ष हो । त्यस्तै जतिपनि आम्दानी गरेका छन् त्यसमध्ये सबभन्दा धेरै ७९.५४% महिलाहरूको चाहि आम्दानीमाथि पकड रहेको पाइयो । जुन महिलाहरूको पक्षमा सकारात्मक देखिन्छ । उनीहरूमा एककिसीमको आत्मविश्वास बढेको पाइयो । तर उनीहरूसँग कुराकानी, विचारलाई बुझ्दा जति आम्दानी गर्दछन् त्यसमा बचन कमै मात्र गर्दछन् । किनभने उनीहरूको आम्दानी दैनिक घर व्यवहार खर्चगर्दछन् । जसले गर्दा आफ्नो लागी उनीहरू बचत गर्न सक्दैनन् ।

## ४.२ उत्तरदाताको पारिवारिक पृष्ठभूमि

### ४.२.१ पारिवारको आकार

सर्वेक्षण गरिएका घरधुरी भित्रका सदस्य संख्याको आधारमा पारिवारीक आकार कस्तो कस्तो छ भन्ने कुरा विश्लेषण गर्न खोजिएको छ । जसको लागि परिवारको आकारलाई चार तहमा विभाजन गरेर विश्लेषण गरिएको छ । जसलाई तलको निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ५ पारिवारको संख्याको आधारमा पीरवारीक आकार**

| पारिवारीक आकार | संख्या | प्रतिशत |
|---|---|---|
| १-३ | १ | २.२७ |
| ४-६ | ३० | ६८.१८ |
| ७-९ | १३ | २९.५४ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं ५ अनुसार ४-६ सदस्य भएको, ३० घरधुरी ६८.१८ प्रतिशत छ । जुन सबभन्दा धेरै छ । यसबाट के प्रष्ट हुन्छ भने अध्ययन क्षेत्रमा ४-६ सदस्य भएका घरपरिवार धेरै पनि मानिदैन र कम पनि मानिदैन र त्यस्तै ७ देखि ९ सदस्य भएको घरधुरी १३ छ क्रमश अति न्यून संख्या भएको घरधुरी १६ । जसमा १-३ सदस्य रहन्छन् । जुन क्रमश १९.५४ प्रतिशत र २.२७ प्रतिशत रहेको छ । यसलाई हेर्दा दुई सन्तान इश्वरका वरदान भन्ने भनाई यस क्षेत्रमा लागू भएको देखिदैन । परिवार नियोजनप्रति अफ्र बढि चासो नरहेको देखिन्छ । जुन कुरा माथिको तालिकामा उल्लेख गरिएको १ देखि ३ सदस्य रहेको घरधुरी संख्याले देखाउँछ तर अति धेरै सन्तान जन्माउने प्रवृत्तिमा कमी पनि आएको देखिन्छ । यसरी ४-६ संख्या भएको परिवार बढि हुनुमा छोरा नभइनहुने त्यसमा माथि दुई भन्दा माथि भए झनै राम्रो भन्ने सोचले हावी छ ।

### ४.२.२ घरमूली

**तालिका नं ६ : घरमुलीको आधारमा उत्तरदाताको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ११ | २५ |
| पुरुष | ३३ | ७५ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं ६ अनुसार ४४ घरधुरी मध्ये ३३ घरधुरीमा पुरुष घरमुलि रहेको पाइयो । जुन ७५ प्रतिशत छ भने त्यसको तुलनामा ११ घरधुरीमा मात्र महिला घरमुली रहका छन् । जुन २५ प्रतिशत छ । यसबाट सहजै अनुमान लगाउन सकिन्छ कि अधिकांश घरपरिवारमा पुरुष घरमुली छन् । जसको कारण घरभित्र तथा बाहिरका प्रायजसो आर्थिक तथा सामाजिक क्रियाकलापमा उनीहरूको वर्चस्व देखिन्छ । महिलाहरू पुरुषको सहयोगीको रूपमा प्रस्तुत देखिन्छन् । घरधुरीको रूपमा महिलाको उपस्थिती कमी हुनुले परिवारभित्र उनीहरू दोस्रो दर्जामा छन् भन्न सकिन्छ ।

पच्चीस प्रतिशत घरधुरीमा महिला घरमूली हुनुको पछाडि तिनीहरू मध्ये धेरै जना विधवा भएको कारण सबै आफूले व्यहोर्नुपर्ने भएकोले घरमूली छन् भने कोही घरमा महिला आफैले पुरुष भन्दा बढी काममा खट्नुपर्ने, नोकरी पनि भएको, श्रीमान भन्दा जान्ने बुझ्ने भएको कारणले उनीहरूको मूख्य स्थान देखिएको छ । अन्यथा हाम्रो समाज पितृसतात्मक समाज जहाँ घरमा, समाजमा पुरुषको प्रमुख स्थान हुन्छ । उनीहरूको आदेशमा परिवारका अन्य सदस्यहरू चल्नुपर्ने हुन्छ । धार्मिक मूल्य मान्यता, समाजका नियम पनि पितृसत्तात्मक सोच अनुरुप हुन्छन् जसको कारण पुरुष बढी सक्रिय हुन्छन् । त्यसकारण पनि अध्ययन क्षेत्रका अधिकांस घरमा पुरुष घरमुली नै पाइयो ।

### ४.२.३ परिवारको भुस्वामीत्वको

अर्थ व्यवस्था कुनै पनि देश वा समाजको मेरुदण्डको रूपमा रहेको हुन्छ । मानविय क्रियाकलाप र संस्कृतिका विविध पक्ष रितीरीवाज, चालचलन र जीवनशैलीलाई आर्थिक अवस्थाले ठूलो प्रभाव पार्दछ । यस सिमीकोट गा. वि. स. मा पनि विभिन्न किसिमका

भूमीहरू रहेका छन् । केहि भिरालो वारी तथा उब्जाउ नहुने पाखो पनि रहेको छ । त्यस कारण यहाँ का मानिसहरू को भु- स्वामीन्वको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ७ भु- स्वामीत्वको विवरण**

| भु-स्वामीत्व | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| १–३ रोपनी | ६ | १३.६३ |
| ४–६ रोपनी | २७ | ६१.३६ |
| ७–९ रोपनी | ८ | १८.१८ |
| १० भन्दा माथि | ३ | ६.८१ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथि प्रस्तुत तालिका नं ७ अनुसार सबभन्दा धेरै २७ घरपरिवारको १० देखि ६ रोपनी जग्गा रहेको देखिन्छ । १० रोपनी भन्दा बढि जग्गा हुने घरपरिवार संख्या ३ मात्र छ जो सबभन्दा कम छ । ७ देखि ९ रोपनी जग्गा हुने घरपरिवार १८.१८% छन् । प्रस्तुत तथ्यांकको विश्लेषणबाट के प्रष्ट हुन्छ भने अधिकांश घरपरिवार अर्थात ६१.३६% घरपरिवारको ४-६ रोपनी जमीन छ । यसकारण यस ठाउँका अधिकांस घरपरिवारलाई कृषि उत्पादनले मात्र वर्षभरि खान पुग्दैन । त्यसकारण अन्यपेशा पनि अंगालेको पाईन्छ । त्यसको कारण यसठाउँमा हिउँपर्ने भएकोलेपनि हो, जसको प्रभाब खेतिपातीमा पर्दछ । त्यस्तै ६.८१% घरपरिवारको १० रोपनी भन्दा माथि जमीन हुनुले के बुझिन्छ भने एकदमै थोरै घरपरिवार लाई मात्र आफ्नो कृषि उत्पादनले वर्षभरि खानपुग्दछ । घरपरिवार छुट्टीदै जानाले जमीन माथिको स्वामीत्वपनि घट्दै गएको पाईन्छ । अध्ययन गरिएका ४४ घरपरिवार मध्य सबैको केहि न केहि खेतियोग्य भूमी पाईको छ । आर्थिक क्रियाकलाप कृषिबाट नै प्रभावित भएको पाइन्छ । खेतिमा गहुँ, मकै, कोदो, फापर, सिमी, आलु आदि खेली गरिन्छ । यस स्थानको प्रमुख पेशा कृषि हो ।

### ४.२.४ परिवारको मुख्य आयस्रोत

नेपाल एक कृषि प्रधान देश हो । त्यसमापनि अध्ययन क्षेत्र दुर्गम जिल्लामा पर्नेभएकोले झनै यस ठाउँका मानिसहरूको पेशा कृषिनै देखिन्छ । जुन तथ्य सिमीकोट गा. वि. स. भित्रका ४४ घरधुरीमा गरिएको सर्वेक्षण बाट प्रष्ट हुन्छ । जसका लागी पेशालाई ४ तहमा विभाजन गरि तलको तालिकामा तथ्यांक प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ पारिवारीक मूख्य पेशा तथा व्यवसाय**

| क्र. स. | पेशा/व्यवसाय | घर परिवारसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नोकरी | ९ | २०.४५ |
| २ | कृषि | २७ | ६१.३६ |
| ३ | व्यापार | ५ | ११.३६ |
| ४ | अर्न्य | ३ | ६.८१ |
| | जम्मा | ४४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं ८ अनुसार सबभन्दा धेरै २७ अर्थात ६१.३६% परिवार कृषि पेशामा संलग्न छन् । त्यसपछि नोकरी र ब्यापारमा क्रमश ९, ५ अर्थात २०.४५%, ११.३६% परिवार संलग्न छन् । अन्य पेशामा एकदमै कम ६.८१% परिवार संलग्न छन् । यसबाट के थाहा हुन्छ भने अधिकांस परिवारले मूख्य पेशाा कृषि अपनाएको देखिन्छ । अगाडिको तालिकामा जहाँ उत्तरदाता महिलाको तथा अन्य महिलासदस्यहरूको शैक्षिक अवस्था प्रस्तुत गरिएको छ । त्यसबाट अनुमान लगाउनसकिन्छ कि महिला बढि नोकरीमा संलग्न छैनन् अर्थात प्रत्येक घरपरिवारमा कृषि पेशा लाई निरन्तरता दिनेकाममा महिलाहरू बढि संलग्न छन् । यसले महिलाहरू कति धेरै समय काम गर्दछन् । जहाँ प्रत्यक्ष आर्थिक लाभ कम देखिन्छ । श्रमको अवमूल्यन गरिन्छ । खाली सहयोगीको रूपमा मात्र देखिन्छन् भन्ने कुरा अनुमान गर्न सकिन्छ ।

### ४.२.५ परिवारको सदस्यहरूको उमेरगत तथा लैंगिक विवरण

अध्ययन क्षेत्रमा जम्मा ४४ वटा घरधुरीका सदस्य संख्याहरूलाई ६ वटा उमेर समुहमा विभाजन गरि जम्मा जनसंख्या तथा जनसंख्याको अवस्था पत्ता लगाउने प्रयास

गरिएको छ । त्यसै मध्येबाट महिला तथा पुरुषको संख्या पनि छुट्टा छुट्टै प्रस्तुत गरिएको छ । जसले विभिन्न उमेर समुहका महिला तथा पुरुषको जनसंख्या बिच तुलनात्मक अध्ययन तथा जनसंख्याको बनोट बुझ्न मद्दत पुऱ्याउने हुन्छ । जुन प्रस्तुत तालिकामा देखाइएको छ ।

**तालिका नं ९ : उत्तरदाताको परिवारका सदस्यको उमेरगत तथा लैङ्गिक विवरण**

| उमेर समूह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | जम्मा | प्रतिशत |
| ० देखि ५ | ६ | ४.५१ | २ | १.६८ | ८ | ३.१७ |
| ५-१५ | ३२ | २४.०६ | २१ | १७.६४ | ५३ | २१.०३ |
| १०-२५ | ३४ | २५.५७ | ३४ | २८.५७ | ६८ | २६.९८ |
| २६-३५ | १५ | ११.२७ | १८ | १५.१२ | ३३ | १३.०९ |
| ३६-४५ | १६ | १२.०३ | २१ | १७.६४ | ३७ | १४.६८ |
| ४६ देखि माथि | ३० | २५.५५ | २३ | १९.३२ | ५३ | २१.०३ |
| जम्मा | १३३ | | ११९ | | २५२ | |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका अनुसार अध्ययन क्षेत्र ४४ घरधुरीमा सबै उमेरका महिला तथा पुरुषको जम्मा जनसंख्या २५२ रहेको पाइयो । जस मध्ये १३३ पुरुष तथा ११९ जना महिला छन् । महिला र पुरुषको जनसंख्या बिच त्यति फरक देखिदैन् । १६-२५ वर्ष उमेर समुहमा सबभन्दा बढि २६.९८ प्रतिशत जनसंख्या पाइयो । जसमा पुरुषको तुलनामा महिलाको संख्या बढि रहेको छ । किनभने छोरा पाउनेक्रममा छोरि बढि जन्माइन्छ ।

### ४.२.६ परिवारको सदस्यको साक्षरता/शैक्षिक स्थिति

समाज परिवर्तनको एक मुख्य मेरुदण्डहरूमध्ये शिक्षा पनि एक हो । मानिसको चेतना स्तरमा वृद्धि हुनु भनेको शिक्षा वा ज्ञानको प्राप्ती नै हो । सामाजिक जिवनलाई सहज बनाउन व्यक्ति तथा समाजमा र अन्य समाजसम्म अन्तरक्रिया गर्न विभिन्न खाले स्रोतहरूको परिचालन गर्न शिक्षाले ठूलो भूमीका खेलेको हुन्छ । शिक्षा भने कुनै दैवि वा

अदृश्य शक्तीबाट बनेको वा सिर्जना भएको हुँदैन । यो त केवल सामाजिक सदस्यहरूको चिन्तन मनन, जीवन भोगाई र समाजको सुक्ष्म अध्ययनको परिणाम हो ।

कुनै पनि समाजको समुदायको जीवनशैली कस्तो छ ? भन्ने वितिकै त्यहाँका सदस्यहरूको शैक्षिकस्तर खोजिन्छ । त्यसैले विकसीत वा अल्पविकसति समाजको मापदण्डको रूपमा शिक्षालाई लिने गरिएको छ । झन महिलालाई पुरुष सरह समाजमा स्थापित गराउन मुख्य उनीहरूको शिक्षालाई जोड दिनुपर्दछ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका सदस्यहरूको शिक्षाको अवस्थालाई बुझ्न हुम्ला जिल्लाभरिमा विभिन्न तहमा रहेका शिक्षक, शिक्षिकाको संख्याले पनि प्रष्ट पार्दछ । किनभने यस जिल्लामा पेशागत रूपमा पहिलो प्राथमिकता तथा धेरै संख्यामा शिक्षण पेशामा संलग्न छन् । लिङ्ग अनुसार प्रा.वि तहमा शिक्षक ३१९ जना शिक्षिका ५० जना, नि.मा.वि. मा शिक्षक ७५ तथा शिक्षिका ३ जना मा.वि. मा शिक्षक २४ तथा शिक्षिका सुन्य रहेका छन् । (जिल्ला शिक्षा कार्यालय हुम्लाको तथ्यांक - २०६३) यसबाट पनि प्रष्ट हुन्छ कि महिला तथा पुरुष बिचको शैक्षिक स्तरमा कति ठूलो फरक छ जुन शिक्षाको माथिल्लो तहसँगै फरक बढ्दो छ । जुन कुरा तल प्रस्तुत गरिएको तालिकाबाट पनि सहजै अनुमान लगाउन सकिन्छ ।

**तालिका नं १० : परिवारका सदस्यको साक्षरता/शैक्षिक स्थिती**

| साक्षरता/शैक्षिक स्थिति | पुरुष | | महिला | | कुल संख्या | कुल % |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | | |
| निरक्षर (लेखपढ गर्न नजान्ने) | ८ | ६.३० | ३५ | २९.९० | ४३ | १७.६० |
| साक्षर (प्रा.वि. १ -५) | ४० | ३१.५० | ३४ | २९.१० | ७४ | ३०.३० |
| नि.मा.वि (६-८) | २० | १५.७० | १३ | ११.१० | ३३ | १३.५० |
| मा.वि. (९-१०) | २५ | १९.७० | २४ | २०.५० | ४९ | २०.१० |
| उच्च मा.वि. (१० देखि १२) | ३४ | २६.८० | ११ | ९.४० | ४५ | १८.४० |
| जम्मा | १२७ | | ११७ | | २४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

तालिका नं १० मा ५ वर्ष भन्दा माथि उमेर समूहका सदस्यहरूका मात्र साक्षरता तथा शैक्षिक स्थितिलाई प्रस्तुत गरिएको छ । तालिकामा पुरुष साक्षरता सबभन्दा बढि ४० जना प्रा.वि. तहसम्म अध्ययन गरेको देखिन्छ भने सबभन्दा कम ८ जना निरक्षर छन् । यसले पुरुषहरू धेरै निरक्षर छैनन् भनने देखाउँछ । त्यसरी नै महिला साक्षरतामा हेर्दा सबभन्दा बढि पुरुषको तुलनामा ठिक उल्टो ३५ जना निरक्षर छन् । निरक्षरताको खाडल पुरुषको संख्या र महिलाको संख्यामा ठूलो छ । यसले महिलाको शैक्षिकस्तर न्यून रहेको देखाउँछ भने सबभन्दा कम उच्च शिक्षा लिएको देखिन्छ । यसरी उच्च शिक्षामा कमि हुनु भनेको जिल्लामा उच्च पदमा महिलाको उपस्थिती अत्यन्त न्यून हुनु हो । माथिको तालिकामा विभिन्न स्तरमा महिला र पुरुषको शैक्षिक स्थितीलाई तुलनात्मक रूपमा अध्ययन गर्दा पुरुषको नि.मा.वि., मा.वि. र उच्च शिक्षामा क्रमश १५.७०%, १९.७०%, २६.८०% का दरले उपस्थिती बढ्दो छ भने ठिक उल्टो महिलाको तिनै तहमा क्रमश ११.१०%, २०.५०%, ९.४०% का दरले मा. वि. मा बढेतापनि सालाखाला उपस्थिती घट्दो छ । यसले के प्रष्ट पार्दछ भने पुरुषहरूले उच्च शिक्षा सम्मको अध्ययन लाई निरन्तरता दिएको पाईन्छ तर महिलाले चाहि विवाह, घरपरिवार, घरायसी कामको कारण उच्च शिक्षालाई निरन्तरता दिनसकेका छैनन् । माथिकै तथ्यांक अनुसार उच्च शिक्षामा ३४ पुरुष तथा ११ महिला गरि जम्मा ४५ जना अर्थात १८.४०% संख्या मात्र रहेको छन् । जस अनुसार महिलाको उपस्थितीको ठिक त्रिबल उपस्थिती पुरुषको रहेको छ । यसले पनि महिलाले शिक्षालाई निरन्तरता दिनसकेका छैनन् ।

### ४.२.७ परिवारका सदस्यको पेशा तथा व्यवसाय

नेपाली समाजमा परिवार भित्र पनि बिभिन्न खालको पेशा अपनाएको पाईन्छ । जीवीकोउपार्जनको मुख्य आधारको रूपमा परिवार को एउटा पेशा भएतापनि जमीनको उर्वराशक्ति घट्दो तथा जनसंख्या वृद्धिको कारण समय परिवर्तन सँगै परिवारका सदस्यहरूले वैकल्पिक पेशा अपनाएको पाईन्छ । जनगणना २०५८ अनुसार हुम्ला जिल्लामा ९२५३% मानिसहरू कृषि तथा ७.४७% गैरकृषिमा संलग्न छन् । जुनकुरा स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांकमा पनि देख्न सकिन्छ । जसको लागि पेशा तथा व्यवसायलाई ४ भागमा बिभाजन गरि अध्ययन क्षेत्रका मानिसहरूको पेशागत विवरण लिने प्रयार गरिएको छ । जुन बाट प्राप्त तथ्यांकलाई प्रस्तुत तालिकामा देखाईएको छ ।

**तालिका नं. ११ उत्तरदाताको परिवारका सदस्यको पेशा तथा व्यवसाय**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ८५ | ५९.४० |
| व्यापार | २७ | १८.९० |
| नोकरी | ३१ | २१.७० |
| जम्मा | १४३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं ११ अनुसार सबभन्दा धेरै कृषिमा संलग्न छन् । जसमा ८५ अर्थात ५९.४० जनसंख्या पाइयो । यसबाट के प्रष्ट हुन्छ भने प्रतक्ष्य जिविकोउपार्जनको प्रमुख पेशा कृषि भएको देखिन्छ । ११ नम्बर तालिकामा १० वर्ष भन्दा माथिका उमेर समूहका सदस्यहरूको पेशालाई मात्र प्रस्तुत गरिएको छ । साथै जो विद्यार्थी छन् उनीहरूको प्रत्यक्ष आम्दानी नहुने भएकोले पनि उनिहरूलाई समावेश गरिएको छैन । व्यापार तथा नोकरीमा क्रमश १८.९०%, २१.७०% मानिसहरू संलग्न रहनुले यसलाई कमै मानिसहरूले वैकल्पीक पेशाको रूपमा अपनाएको देखिन्छ । धेरै जनसंख्या अध्ययनरत रहनुले शिक्षाको स्तर क्रमश बढ्दो देखिन्छ तर त्यसको असर कृषि मा पर्दछ किनभने चाहिएजति जनशक्ति कृषि अभाव भएकोले कृषिमा पेशाका स्तर खस्केको पाइयो ।

# अध्याय – पाँच

## घरायसी निर्णय प्रकृयामा महिलाको भूमिका

अध्ययन क्षेत्रका महिलाहरूको सामान्यतया आर्थिक, शैक्षिक पारिवारीक अवस्थाको बारेमा जानकारी अध्याय चारमा विभिन्न तालिका मार्फत प्रस्तुत गरियो । जसमार्फत पनि सामान्यतया पुरुषहरूको तुलनामा महिलाहरूको परिवारभित्र वा बाहिर विभिन्न क्रियाकलापमा निर्णय शक्ति कति रैछ भन्ने अनुमान लगाउन सकिन्छ । तर यस अध्यायमा अझ गहिराईमा पुगेर महिलाहरूको अवस्था र निर्णयप्रकृयामा उनीहरूको भूमीकाको विश्लेषण गरिएको छ । महिलाहरूको निर्णयगर्ने शक्तिलाई समाजका विभिन्न तत्वहरू जस्तो आर्थिक पक्ष, शीक्षा, सामाजिक मूल्य-मान्यता, व्यवसाय, सम्पतीमाथिको स्वामीत्व आदिले प्रभावपारेका हुन्छन् । तिनै सम्बन्धीत पक्षहरूको विश्लेषण गर्दै, त्यस्ता क्रियाकलापमा उनीहरूको सक्रियता कस्तो रहेको छ भन्ने कुरा तथ्यांकको आधारमा विश्लेषण गर्दै ति पक्षमा रहेको सक्रियताले घरभित्र वा सामाजिक क्रियाकलापमा उनीहरूको निर्णायक शक्ति तथा निर्णयप्रकृयामा रहेको भुमीका लाई प्रष्ट्याउन खोजिएको छ । किनभने फरक-फरक विषय बस्तु र पक्षले प्रत्यक्ष रूपमा अन्तत महिलाको निर्णायक भूमीकालाई प्रभाव पारेका हुन्छन् ।

घरायसी निर्णय प्रकृयाका विभिन्न पक्षमा महिलाको भूमीका लाई विश्लेषण गर्न निम्न प्रमुख पक्षसगँ सम्बन्धीत विभिन्न विषयहरूमा केन्द्रीत रहि तथ्यांकलाई तलका तालीकामा प्रस्तुत गर्दै विश्लेषण गरिएको छ ।

- कृषि पेशामा उनीहरूको भूमीका, विक्रि, वितरण, लगानि, ऋण लिनेदिने प्रकृयामा संलग्नता, पेशा आदिको बारेमा महिलाको अवस्था तथा भूमीकालाई प्रस्तुत गरिएको छ ।
- दोस्रोमा शिक्षा, आम्दानी, खर्चमा महिलाहरूको अवस्था तथा पहुँच को विश्लेषण र निर्णयप्रकृयामा पारेका प्रभाव प्रस्तुत गरिएको छ ।
- बच्चा जन्माउने, पारिवारिक बनोट, परिवारनियोजनको साधन प्रयोग, बच्चाको शिक्षा, सामाजिक समुहमा संलग्नता जस्ता पक्षमा उनीहरूले कतिको निर्णय गर्न सक्छन् भन्ने कुरा पहुँचको आधारमा विश्लेषण गरिएको छ ।

### ५.१ कृषि उत्पादन बेच्ने/किन्ने तथा अन्न उत्पादनमा महिलाको संलग्नता

नमुनाको रुपमा छानिएका महिलाहरू प्राय नोकरी भन्दा कृषि पेशामा बढि संलग्न छन् । जसको कारणपनि महिलाहरूको अन्य वस्तु किन मेल भन्दा कृषि उत्पादनमा बढि खर्च हुन्छ । यसमा उनीहरूको निर्णय कति चन्छ भन्ने कुरा प्रस्तुत तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं. १२ बेच्ने/किन्ने काममा महिलाको संलग्नता**

| विवरण | घर परिवारसंख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ९ | २०.४५ |
| महिला | २६ | ५९.०९ |
| दुबै | ९ | २०.४५ |
| जम्मा | ४४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

तालिका नं. १२ अनुसार कृषि उत्पादन बेच्ने/किन्ने काममा सबभन्दा बढि सक्रिय २६ घरधुरीमा अर्थात ५९.०९% घरधुरीमा महिलाको देखिन्छ । किनभने यी घरधुरीका अधिकांश पुरुषहरू नोकरीमा जिल्ला भित्र वा बाहिर संलग्नछन् । जसको कारण महिलाले बढि काम पनि गर्ने तथा आवश्यकता अनुसार किन/बेचपनि आफ्नै निर्णयमा गर्दछन् । यस तथ्यांक अनुसार महिला बढि आर्थिक गतिविधीमा संलग्न छन् भन्ने स्थीती छैन तर पहिलाभन्दा सक्रियता बद्दोछ । त्यस्तै पुरुषको तथा दुवैको संलग्नता बराबरी अर्थात २०.४५% घरधुरीमा देखिन्छ । जो महिलाको तुलनामा तेब्बर कम छ । यसले के देखाउँछ भने पुरुष को आधिपत्य चल्ने परिवारमा महिला पुरै निरक्षर छन् तथा दुवैको निर्णय चल्ने परिवारमा महिला केहि साक्षर भएको पाइयो ।

**तालिका नं १३: उत्पादन गर्ने अन्न रोजाइमा महिलाको निर्णय**

| निर्णयकर्ता | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५ | ११.३६ |
| महिला | २१ | ४७.७२ |
| दुबै | १८ | ४०.९० |
| जम्मा | ४४ | १००.०० |

कुनै ठाउँमा समयअनुसार कुनबाली लगाउने भन्ने कुराको निर्णयमा माथिको तालिका नं. १३ अनुसार सबभन्दा बढि २१ घरधुरी अर्थात ४६.७२% मा महिलाको सक्रियता बढि छ । यस तथ्यांकले के देखाउँछ भने महिलाले निर्णय बढि गर्नुले अध्ययन क्षेत्रका महिलाहरूको अधिकांश समय कृषिमा वित्दछ । दुवैको सहभागीताको स्तर बाट के थाहा हुन्छ भने समग्र त्याहाँका जनताका शैक्षिक स्तरकमछ । नोकरी तथा अन्य पेशा बाट प्राप्त आम्दानीले घरखर्च चल्न मुस्किल छ । त्यसकारण महिलासँगै पुरुषहरू पनि कृषिमा संलग्न नभैनहुने बाध्यता छ । जसको कारण दुवैको निर्णयमा खेतिपाती गरिन्छ । तर पुरुष एक्लैको निर्णय चाहि अति कम घरपरिवार अर्थात ११.३६% घरधुरीमा मात्र हानी देखिन्छ । यसले पुरुषहरू खेतिपाती को मामलामा महिलाको संलग्नता विना अगाडिबढ्न त्यति सहज नभएको कुरालाई देखाउँछ । किनभने पुरुषको उपस्थित कम तथा महिलाको बढी हुनुको पछाडिको कारण भनेको पुरुषहरू महिलाको तुलनामा शिक्षित छन् । त्यसकारण उनीहरू नोकरी, व्यापारमा संलग्न छन् । खेतिपातीमा प्राय महिलाहरूको संलग्नता बढी हुन्छ । जसको कारण उनीहरू अन्न, बिउ कतिबेला, कुनठाउँमा कस्तो अन्न लगाउने भन्ने कुरामा बढी जानकार हुन्छन् । त्यसकारण महिलाको निर्णय बढी चल्दछ ।

## ५.२ ऋण लिने दिने प्रकृयामा महिलाको निर्णय अधिकार

२०५८ को जनगणनाअनुसार हुम्ला जिल्लामा ८४.१९% महिला आर्थिक क्रियाकलाप संलग्नछन् भने पुरुष ७७.८३% छन् । (हुम्ला जिल्लाको वस्तुगत विवरण २०६३) महिला पुरुष सरह आर्थिक क्रियाकलापमा बढि संलग्न रहदा रहदै पनि उनीहरूको ठूलो-ठूलो रकमको लेनदेनमा निर्णायक भूमीका कमै रहन्छ । जुन तथ्यलाई तलको स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांकको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. १४ ऋण लिने/दिने मा महिलाको भूमीका

| ऋणको रकम रु | पुरुष | | महिला | | दुवै | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| रु ५०० भन्दा कम | ८ | १८.१८ | ३४ | ७७.२७ | २ | ४.५४ | - | - |
| रु. ५००-१००० | १५ | ३४.०९ | २३ | ५२.२७ | ६ | १३.६३ | - | - |
| रु १०००-१०,००० | २४ | ५४.५४ | ९ | २०.४५ | १० | २२.७२ | - | - |
| रु १०,०००० भन्दा माथि | २७ | ६१.२६ | ४ | ९.०९ | १२ | २७.२७ | १ | २.२७ |


स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

तालिका नं १४ अनुसार रु ५०० भन्दा तलको कारोवारमा सबभन्दा कम १८.१८% पुरुषको संलग्नता छ भने रु १०००० भन्दा तलको कारोवारमा सबभन्दा बढी २७ जना अर्थात ६१.३६% पुरुषको संलग्नता छ । यस तथ्यांक अनुसार जति आर्थिक कारोवारको रकम वृद्धि भएको छ, त्यतिनै क्रमश पुरुषको बढि संलग्नता छ । जसको परिणाम स्वरूप स्वतह महिलाको त्यस्ता क्रियाकलापमा निर्णय कम चन्छ भन्ने कुरा प्रष्ट हुन्छ । जुन कुरा माथिका तथ्यांकले देखाउँछ । पुरुषको तुलनामा ठिक उल्टो रु ५०० भन्दा तलको कारोबारमा सबभन्दा धेरै ३४ अर्थात ७७.२७% महिलाको सहभागीता छ भने सबभन्दा धेरै रकम रु १०००० भन्दा तलको कारोबारमा एकदमै कम ९.०९% महिलाको सहभागीता छ । यसबाट के प्रष्ट हुन्छ भने महिला को आर्थिक अवस्था कमजोर छ । जसको कारण ठूलो आर्थिक रकमको कारोबारमा महिलाको निर्णय चल्दैन । उनीहरू मानसीक, आर्थिक रूपमा कमजोर महसुस गर्दछन् । सहभागीताको स्तर पुरुष र महिला बिच ठिक उल्टो छ । साधारण खर्च जस्तो नुन तेल किन्ने काममा महिला खट्ने भएको कारण पनि रु ५००, रु १००० सम्मको रकम खर्च गर्ने काममा महिलाको निर्णय बढि देखिन्छ ।

उनीहरूले आफूले प्रत्यक्ष कमाएका हुँदैनन् । त्यसकारण पनि ठूलो कारोबारमा महिला सहभागिताको एकदमै कमी छ । पुरुषहरू शिक्षित पनि छन् । नोकरीबाट, व्यापारबाट घरबाहिर गएर आफै कमाउने तथा उनीहरूका क्रियाकलाप प्रायजसो प्रत्यक्ष आम्दानी हुने कामसँग सम्बन्धित भएर पनि घरमूली आफै भएकोले पनि ठूलो कारोबारमा उनीहरूको सहभागीता धेरै छ । दुवैको संलग्नतामा हुने कारोवारको अवस्थाा सहभागीताको स्तर तथ्यांकको हिसाबले कमी भएपनि क्रमश बढ्दो छ । विशेष गरेर यस्ता परिवारमा

चाहि पहिलापनि कुनै रूपमा पेशामा संलग्न छन् जसकोकारण उनीहरूको निर्णयलाई पनि सँगै स्वीकार गरिन्छ ।

**चित्र नं २ : आर्थिक कारोबारमा महिला सहभागीता**




स्रोत: स्थलगत सर्वेक्षण २०६८ ।

चित्र नं २ अनुसार ६५.९०% महिलाहरू घरबाट हुने पैसाको लेनदेन गर्ने कारोवारमा सहभागी भएको देखिन्छ भने ३४.०९% महिलाको त्यस्ता क्रियाकलापमा सहभागीतानै रहदैन । यसले के देखाउँछ भने प्रतिशतको हिसाबले सहभागीता धेरै देखिन्छ तर वास्ताविकतामा उनीहरूलाई पुरुषहरूले आर्थिक कारोवारमा सामेल गराउने, थाहा दिने गर्दछन् तर के गर्ने वा नगर्ने भन्ने निर्णय चाहि आफै गर्दछन् नकि त्याहाँ महिलाले निर्णय गर्दछन् । त्यसकारण यसले सहभागीताको स्तर बढ्दो छ जो सकारात्मक पक्ष हो तर निर्णायक भूमीका निभाउनमा चाहि विभिन्न कारणले पछि नै परेको देखिन्छ । त्यो पनि सामान्य सानोखालको आर्थिक कारोबार, दैनिक आधारभूत खर्चमा चाहि संलग्नता छ तर ठूलो कारोबारमा तथा निर्णय गर्नुपर्दा चाँहि पुरुषके वर्चस्व देखिन्छ । यसको पछाडिको कारण महिला आफै पनि खेतीपाती तथा घरको काममा व्यस्त छन् । उनीहरूलाई यो हाम्रो काम नभएर पुरुषको काम हो, हामीलाई कमाएर ख्वाएका छन् भन्ने परम्परागत सोच हावी

छ । साथै पुरुषमा पनि चाहिएको बेला दिएका छौ । कमाउने हामी आईमाईलाई किन सोधिरहनु पऱ्यो भन्ने पितृसत्तात्मक सोचको हावी छ ।

**तालिका नं. १५ घरायसी खर्चमा महिलाको भूमीका**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १५ | ३४.०९ |
| महिला | ११ | २५ |
| दुवै | १७ | ३८.६३ |
| अन्य | १ | २.२७ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६० ।


तालिका नं. १५ बाट स्पष्ट हुन्छ कि सामान्य घरायसी खर्च कति गर्ने भन्ने विषयमा दुवै जनाको निर्णयमा घरखर्च चलाएको देखिन्छ जसमा ३८.६३% छ । त्यसपछि अलि बढि हावि पुरुषको छ अर्थात ३४.०९% र तेस्रो स्थानमा महिलाको सहभागीता २५% देखिन्छ । अन्यमा अत्यन्तै कम २.२७% सहभागीता छ । यी तथ्यांकको विश्लेषणबाट के प्रष्ट हुन्छ भने घरायसी खर्च भनेको दैनिक उपभोगमा हुने खर्च हो साथै यस्ता क्रियाकलापमा महिला को श्रम बढि खर्च हुने हुँदा पुरुषले महिलालाई पनि निर्णय गर्न सहभागी गराएको देखिन्छ । तर पुरुषको तुलनामा महिला को निर्णायक भूमीका चाहि कमै पाइयो । सायद उनीहरूको आफ्नो प्रत्यक्ष आम्दानी को स्रोत नभएर पनि हो । कमाएर ल्याउने पुरुष तथा त्यसको व्यवस्थापना दैनिक महिलाको हातमा रहेको कारण झन्जटीलो काम भएर पुरुषहरूले सबै भार आफै नबोकि महिलाहरूलाई संलग्न गराउने भएको कारण दुवैको निर्णय हावी देखिन्छ ।

## ५.३ जमीन माथिको स्वामीत्वको अवस्था

नेपाली समाजमा पैत्रीक सम्पतिमाथि महिलाको न अधिकार न त स्वामीत्वनै छ । सोहि अनुसार यस क्षेत्रका महिलाहरूको आफ्नो नाममा पैत्रिक सम्पत्ति रहेको पाइएन तर जसको श्रीमानको मृत्यू भैसकेको छ त्यस्ता परिवारमा मात्र श्रीमतीको नाममा पैत्रिक सम्पति रहेको पाइयो । पैत्रिक सम्पति बाहेक अन्य व्यक्तिगत कमाइबाट किनेको सम्पति छ

वा छैन भनेर जान्न तथ्यांक संकलन गरिएको थियो । जुन निम्न चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं. ३: जमीन माथिको स्वामीत्वको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथि प्रस्तुत चित्र नं ३ मा ७९.५४% महिलाको आफ्नो नाममा कुनै पनि जमिन छैन । यदि पैत्रिक होस् या पछि किनेको तर एकदमै कम २०.४५% महिलाको आफ्नो नाममा जमीन छ जो पछि किनेको हो । यस तथ्यांक बाट थाहा पाउन सकिन्छ कि यस गा. वि. स. का अधिकांस महिलाहरू जमीन माथिको स्वामीत्वबाट बञ्चीत छन् । यसले पनि उनीहरू परिवारभित्र आफ्नो विचार निर्धक्क भन्न नसकेको पाइयो । एकदमै कम महिलाहरूको आफनो नाममा जग्गा हुनुमा केही महिला विधवा भएको कारण पुर्खौली सम्पति नाममा छ भने बाँकि जो प्राय नोकरी गर्दछन् । उनीहरूको नाममा सम्पति रहेको पाइयो । यस तथ्यांकको आधारमा प्रष्ट देख्न सकिन्छ कि अध्ययन क्षेत्रका महिलाहरू प्रत्यक्ष आम्दानीका क्षेत्रबाट बन्चीत छन् । जसको कारण उनीहरू आर्थिक रुपमा कमजोर छन् र सम्पति माथि अधिकार एकदमै कम छ । यसले पनि महिलाहरू परिवार भित्र आफनो निर्णय दिनमा चुकेको पाइयो ।

तालिका नं १६ : जमीन किन्ने काममा उत्साहित गर्ने निर्णयकर्ता

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ४ | ४४.४४ |
| श्रीमान | ३ | ३३.३३ |
| अन्य | २ | २२.२२ |
| जम्मा | ९ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं १६ अनुसार जम्मा ४४ जना उत्तरदातामध्ये ९ जनाको मात्र आफ्नो नाममा जमीन रहेको पाइयो । जुन ९ जना मध्ये ४ जना अर्थात ४४.४४ % महिलाले चाहि आफ्नै इच्छाबाट आफ्नो नाममा जमीन किनेको देखिन्छ । त्यसको हाराहारीमा ३ जना अर्थात ३३.३३% महिलाको पुरुषको निर्णयबाट महिलाको नाममा जमीन रहेको पाइन्छ । २ जनाको चाहिँ अरुको सहायता र सल्लाहबाट जमीन किनेको पाइयो । यसले के देखाउँछ भने जति धेरै महिलासँग आफ्नो नाकेरी तथा कमाइ रहन्छ त्यति नै उनीहरू आफ्नो स्वामीत्वमा सम्पति राख्न सफल हुन्छन् । उनीहरूको निर्णयको कदर हुन्छ । जतिजनाको छ उनीहरूको आफनै कमाई भएको कारणले मात्र सम्भव देखिएको छ । साथै उनीहरूको परिवारभित्र स्थान, भूमीका पनि बलियो देखिएको पाइयो । यस नतिजाले पनि के देखाउँछ भने यदि महिलालाई आत्मनिर्भर बनाउने हो भने जुनसुकै रुपमा भएपनि सम्पति आफनो नाममा हुन जरुरी छ । जसको लागि महिलाहरू प्रत्यक्ष आम्दानीका क्षेत्रमा संलग्न हुन जरुरी छ । अनिमात्र उनीहरू स्वनिर्णयमा आर्थिक रुपमा सबल रहन सफल बन्न सक्दछन् ।

## ५.४ जन्माउने सन्तानको संख्यकाको निर्णयकर्ता

अधिकांस नेपाली समाज परम्परागत मूल्य मान्यता अनुसार चलेको पाइन्छ । यस अध्ययन क्षेत्रमा पनि बढि क्षेत्री जातिको बाहुल्यताको रहेको कारण धार्मीक विचार धाराको बढि हावि रहेको छ । जुन कुराको प्रभाव परिवारभित्रको पारिवारीक संख्या तथा छोराछोरी कति जन्माउने भन्ने कुरामा पनि परेको पाइन्छ । पुरुषप्रधान समाज भएको कारण यस्ता

विषयमा महिलाले गर्ने निर्णय तथा उनीहरूको विचारको कदर कति हुन्छ भन्ने कुरा थाहा पाउन तथ्यांक संकलन गरिएको थियो । जुन प्रस्तुत तालिकामा देखाइएको छ ।


**तालिका नं. १७ : पारिवारीक संख्या माथिको निर्णय अधिकार**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ४ | ९.०९ |
| श्रीमान | २२ | ५०.०० |
| सासु | १ | २.२७ |
| दुवै | १७ | ३८.६३ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

तालिका नं १७ अनुसार पारिवारीक संख्या निर्धारणमा सबभन्दा धेरै ५०% पुरुषको निर्णय हावि देखिन्छ । त्यसको हाराहारीमा ३८.६३% घरधुरीमा दुवै मिलेर बच्चा जन्माउने कुरामा निर्णय गरेको पाइन्छ तर महिला आफै एक्लैले मात्र एकदमै कम जम्मा ४ घरधुरी अर्थात ०.०९% घरधुरीमा निर्णय गरेको पाइयो । यस तथ्यांकले के देखाउँछ भने महिलाको आफ्नो प्रजनन् अधिकारमा पनि परिवारभित्र पुरुषको विचार हावि छ । किनभने छोरा नभई नहुने भएको कारण पनि छोराको लागि पनि श्रीमान, सासु, ससुरा तथा समाजमा आफ्नो प्रतिष्ठाको लागि पनि उनीहरूले भने जति बच्चा जन्माउनु पर्ने देखिन्छ । यसो हुनु अर्को पक्ष के पनि देखिन्छ भने कृषि समाजमा जनशक्ती धेरै चाहिने त्यस माथि पनि शिक्षा र आर्थिक पक्षमा कमजोर साथै छोरापाएमा परिवारमा मान बढ्ने नत्र अपहेलित हुनुपर्ने भएको कारण उनीहरूको आफ्नो इच्छा गौण देखिन्छ । जुन कुरा उनीहरूसँगको कुराकानीबाट प्रष्ट हुन्थ्यो ।

**चित्र नं ४: स्थाई परिवार नियोजना प्रयोगकर्ता**




स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

चित्र नं ४ अनुसार जम्मा ४४ घरधुरी मध्ये १७ घरधुरीका परिवारले स्थाई परिवारनियोजन गरेको पाइयो । जसमध्ये महिला तथा पुरुषको सहभागीता कति कति छ भनेर संख्या पत्ता लगाइएको थियो । जुन चित्र नं. ५ मा प्रस्तुत गरिएको छ । जस अनुसार १७ घरधुरीमध्ये सबभन्दा धेरै ६४.७०% मा पुरष आफैले स्थाई परिवार नियोजन गरेको पाइयो । ३५.२९% मा चाहि महिला आफैले गरेको पाइयो । यसबाट के प्रष्ट हुन्छ भने महिलाहरूले बढी श्रम खर्चीने काम गर्नुपर्ने हुँदा पुरुषहरूले स्थाई परिवार नियोजन गरेका हुन् । जतिले गरेका छन् त्यसमा पुरुषले आफ्नै स्वनीर्णयमा गरेको पाइयो । यस अर्थमा पुरुषहरूले महिलाको स्वास्थ्यलाई केहि हदसम्म ख्यालराखेको पाइयो ।

**तालिका नं. १८ : छोराछोरीको शिक्षा**

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १ | २.२७ |
| पुरुष | ७ | १५.९० |
| दुवै | ३५ | ७९.५४ |
| अन्य | १ | २.२७ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

शिक्षा आजको वर्तमान अवस्थामा अपरिहार्य गहना हो । सफलताको लागि तथा समाज परिवर्तनको लागि प्रत्येक घरपरिवारका बालबालिकाले शिक्षा पाउनु अति आवश्यक छ । सोहि अनुसार अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरू कतिको बच्चाबच्चीलाई स्कूल पठाउन जागरुक छन् साथै उनीहरूको भूमीका कस्तो रहेको छ भन्ने बारेमा जान्ने प्रयास गरिएको थियो । जसबाट प्राप्त तथ्यांक अनुसार जो तालिका नं १९ मा प्रस्तुत गरिएको छ । सबभन्दा धेरै ३५ अर्थात ७९.५४% घरधुरीमा चाहि महिला पुरुष दुवैको सहमति तथा निर्णयबाट छोराछोरीलाई स्कूल पठाएको पाइयो । आफूहरू नपढेपनि छोराछोरीले पढेर सुखपाउन, आफूहरूले जस्तो दुःख नपाउन भन्ने धारणा उत्तरदाताले प्रस्तुत गरेका थिए । १५.९० % घरधुरीमा पुरुषको निर्णय हावी पाइयो । ति परिवारमा चाहि महिला पूर्ण रूपमा निरक्षर थिए । एकदमै कम क्रमश १, १ घरमा महिला तथा अन्यको निर्णय रहेको पाइयो । तर समग्रमा चाहि महिला तथा पुरुष दुवै वर्तमान अवस्थामा शिक्षाप्रति सचेत रहेको पाइयो । महिलाहरूले विस्तारै शिक्षाको महत्व बुझ्दै गएको पाइन्छ । जसको कारण पनि छोराछोरीको शिक्षाको लागि ज्यामी, कृषि, नोकरीमा संलग्न भएको पाइयो ।

## ५.५ साक्षरता कक्षामा महिला सहभागीता तथा निर्णायक भूमिका

स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्यांक अनुसार ४४ उत्तरदातामध्ये २६ (५०.०९%) जना महिला साक्षरता कक्षामा संलग्न छैनन् र १८ (४०.९०%) जना महिला साक्षरता कक्षा जस्तो प्रौढ, चेलिबेटि शिक्षा आदिमा संलग्न भएर आफ्नो नाम सम्म लेख्न जान्ने देखियो । यस तथ्यांकबाट सहजै अनुमान गर्न सकिन्छ कि औपचारीक शिक्षा लिएका कमै छन् तर अहिले आएर चाहिँ उनीहरू ढिलै भएपनि सामान्य लेखपढ गर्न जान्ने उद्देश्यले साक्षरता कक्षा लिएको बताउँछन् । तर पनि धेरै जना यस्ता कक्षाबाट बञ्चीन हुनुले उनीहरू परिवार भित्र समाजमा अझै खुलेर आफ्नो विचार प्रस्तुत गर्न नसकेको अवस्था देखिन्छ । साथै त्यस्ता कक्षामा संलग्न हुनुको पछाडि धेरै कर्ताको निर्णय संलग्न देखिन्छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १९ : साक्षरता कक्षामा सहभागी गराउने निर्णयकर्ता

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ८ | ४४.४४ |
| श्रीमान | ३ | १६.६६ |
| दुवै | २ | ११.११ |
| अन्य | ५ | २७.२७ |
| जम्मा | १८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।


माथिको तालिका अनुसार १९ जना उत्तरदाताहरू जसले साक्षरतामा कक्षा लिएका छन् । तिनीहरूमध्ये ८ जना (४४.४४%) महिलाले स्वनिर्णयमा साक्षरता कक्षामा संलग्न भएको बताए । ५ जना अर्थात २७.२७% महिलाले अन्य साथीभाई, अरुको सल्लाहमा सहभागी भएको बताए भने श्रीमानको निर्णयमा ३ जनाले साक्षरता कक्षा लिएको बताए । तथ्यांकको आधारमा भन्न सकिन्छ कि अध्ययन क्षेत्रका महिलाहरू शिक्षाको अभाव महसुस छ, जसको कारण पनि उनीहरू आफै यो कदम उठाउन अग्रसर छन् । साथै अरुको सल्लाह लिएर भएपनि अगाडि बढेका छन् । कम महिलाहरू श्रीमानको निर्णयबाट पढेको देखियो । किनभने अझै पनि परिवारभित्र महिलाको शिक्षामा पुरुष गम्भीर छैनन् । महिलाहरू टाठोबाठो भएको आज पनि पचाउन नसकेको अवस्था देखिन्छ । आइमाई बढी जान्ने भएको राम्रो हुँदैन भन्ने धारणा अधिकांशमा देखिन्छ । त्यसकारण पनि महिलाहरू आफै यस्ता कुरामा अग्रसर भएको पाइयो ।

## ५.६ सामुदायिक समुहमा सहभागीता तथा विचार अभिव्यक्तिको अवस्था

वर्तमान समयमा प्रायजसो गाउँघरमा महिलाहरूले विभिन्न नाममा समुहगठन गर्दै थोरै भएपनि रकम जम्मा गरेर त्यसको परिचालनबाट आर्थिक गतिविधि बढाएको पाइन्छ । जुन पक्षले महिलाहरूको आत्मबल बढाउन ठूलो मद्दत गरेको पाइन्छ । २०६२/०६३ सालमा भएको राजनैतिक परिवर्तन पछि त सरकारी तहबाट नै सार्वजनिक क्षेत्रमा महिलाको कम्तीमा ३३ प्रतिशत उपस्थिती गराउनु पर्ने निती अगाडि सारिएको छ । जसबाट महिलाको सामुहिक सहभागीता वृद्धि भएको छ । सोही अनुरूप सिमीकोट गा.वि.स. का महिलाहरू

पनि यस्ता समुहमा आवद्ध रहेको पाइयो । उनीहरूको विभिन्न समुहमा रहेको उपस्थितीलाई तथ्यांकको रूपमा निम्न चित्रमा प्रस्ततु गरिउको छ ।

**चित्र नं. ५: सामुदायिक समुहमा सहभागीताको अवस्था**




स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको चित्र नं ५ अनुसार ४४ उत्तरदाताहरू तिन वटा समुहमा आवद्ध छन् । जसमध्ये २४ जना अर्थात ५४.५४ महिलाहरू चाहि स्थानिय स्तरकै कालासिल्ता भन्ने समुहमा आबद्ध रहेको पाइन्छ । ३८.६३% महिला आमा समुहमा छन् र थोरै ६.८१% महिला बनउपभोक्ता समुहमा छन् । ४४ मध्ये लगभग आधा भन्दा बढि महिलाहरू आफैले खोलेको समुहमा सक्रिय रहनुले उनीहरू अन्य पेशामा आद्ध नभएता पनि आफ्नै निजी सक्रियताबाट आम्दानी गर्न चाहेको कुरा प्रष्ट हुन्छ । समुहमा जम्मा गरेको रकमबाट कम प्रतिशतमा आवश्यक परेको बेला व्याजतिरेर समस्या समाधान गरेको पाइयो । अरुलाई व्याजमा ऋण दिएको पनि देखिन्छ । प्रायजसो महिलाहरू यसरी विभिन्न समुहमा आवद्ध हुनुले सहकारी संस्था, आमा समूह जो नेपाल भरिनै खुलेका छन् । जसको कारण महिलाहरू सामान्य रुपमा भएपनि आर्थिक क्रियाकलापमा संलग्न छन् । उनीहरूमा केही अंश बचत गरौ जसबाट आफुलाई चाहिएको बेलामा खर्च गर्न सकिन्छ भन्ने धारणा विकास भएको छ । साथै उनीहरू बिचमा बेलाबेलामा हुने छलफलले बोल्ने बानीको विकास क्रमश भएको देखिन्छ ।

### तालिका नं. २० : विचार अभिव्यक्तिको अवस्था

| निर्णयकर्ता | संख्या | प्रतिशत |
|---|---|---|
| गर्छु | २० | ४५.४५ |
| गर्दिन | २४ | ५४.५४ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

प्रस्तुत तालिका नं २० अनुसार अधिकांस उत्तरदाता महिलाहरू विभिन्न समुहमा आबद्ध भएको देखिन्छ । तर ४४ उत्तरदाता महिलाहरू मध्ये लगभग आधा भन्दा केहि कम अर्थात ४५.४५% महिलाहरू समुहको बैठक, छलफल जस्ता कार्यक्रममा उपस्थिती मात्र जनाएको पाइयो । त्यहाँ गएर आफ्ना विचार राख्ने, छलफलमा सक्रिय नभएको देखिन्छ । ५४.५४% महिलाहरू चाहि सक्रिय पनि भएको तथा आफ्ना विचार मासमा राख्ने, मन नपरेको कुरामा भन्ने गरेको पाइयो । अधिकांसले औपचारीक शिक्षा नलिएता पनि समुहमा आवद्ध भई आफ्ना क्रियाकलाप बढाउनले उनीहरूमा चेतनाको विकास भएको पाइयो । जुन पहिलाको तुलनामा सकारात्मक छ । यसरी उनीहरू धेरै लेख पढ गर्न नजानेता पनि बिस्तारै घर बाहिर निस्किएर बोल्नुको पछाडिको कारण चाहि एक त उनीहरूले अनौपचारिक शिक्षा थोरै भए पनि लिएका छन्, अर्को विभिन्न समुहका कारण पनि बिस्तारै खुल्न थालेको पाइयो । त्यसकारण शिक्षा तथा सामुहिक गतिविधिले महिलाहरूलाई शसक्तिकरण तर्फ उन्मुख गर्दछ भन्ने कुरा प्रष्ट हुन्छ ।

## ५.७ तालिममा महिला सहभागिता तथा निर्णायक भूमिका

आजभोलि सबैतिर लैङ्गीक विकासलाई महत्वका साथ हेरिन्छ । सोहि धारणा अनुसार महिलामा चेतना विकास गर्न उनीहरूको आत्मविश्वास बढाउन, क्षमताको विकास गरी केही आम्दानी गर्न सकुन भनेर स्थानिय स्तरमा संचालित सरकारी तथा गैरसरकारी संस्थाले समय समयमा महिला भेला गर्ने, उनीहरूको समस्या बुझ्ने, स्वास्थ्य शिक्षा सम्बन्धी गोष्ठी तथा तालिम संचालन गर्ने, उपयुक्त तालिम दिने प्रयास गरेको पाइन्छ । जुन प्रयास स्थलगत सर्वेक्षण अनुसार अध्ययन क्षेत्रमा पनि संचालन भएको देखियो । तद् अनुसार उत्तरदाता महिलाहरू पनि विभिन्न तालिममा विभिन्न पक्ष तथा सदस्यको

सहायताबाट संलग्न देखियो । जसको संख्यात्मक विवरण तथा विश्लेषण तलको तालिकाबाट प्रष्ट हुनेछ ।


**तालिका नं. २१ : तालिममा सहभागिताको विवरण**

| सहभागीता | संख्या | प्रतिशत |
|---|---|---|
| छ | २७ | ६१.३६ |
| छैन | १७ | ३८.६३ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं. २१ अनुसार ४४ उत्तरदाता मध्ये धेरै जसो २७ अर्थात ६१.३६% उत्तरदाताहरूले विभिन्न तालिमहरू लिएको पाइयो । ३८.३६% महिला तालिम लिनबाट बञ्चीन छन् । जम्मा उत्तरदाता मध्ये धेरै जनाले विभिन्न तालिम लिनाले ति महिलाको हाउभाउ, बोल्ने तरिका देख्दा उनीहरूमा परिवर्तन देखियो । यस्ता महिलाहरूले स्थानिय स्तरमा संचालित समुहहरूलाई प्रतिनिधित्व गरेका छन् । यसबाट अनुमान लगाउन सकिन्छ कि तालिमले पनि महिलाहरूको सोच र व्यवहारमा परिवर्तन ल्याउन मद्दत गर्दछ । यसरी अधिकांश उत्तरदाताहरू तालिममा सहभागीता हुनुमा सरकारी स्तरबाट दिने तालिम, गैरसरकारी संस्थाहरूले बढी ग्रामीण मुखी कार्यक्रम गर्ने भएको कारण पनि हो ।

**चित्र नं ६: तालिम लिन उत्साहीत गर्ने निर्णयकर्ता**




स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको चित्र नं ६ अनुसार तालिम लिएका २७ जना मध्ये आफ्नै निर्णयबाट, आफै महसुस गरी तालिम सहभागी महिलाको संख्या सबभन्दा बढी लगभग आधा १३ जना अर्थात ४८.१४ प्रतिशत छन् । त्यसमध्ये श्रीमान तथा अरुको निर्णय मानेर संलग्न हुने महिलाहरू क्रमश २५.९२% र २२.२२% पाइयो । अत्यन्तै कम १ जना (३.७०%) चाहि ससुराको आदेशमा गएको पाइयो । अन्त्यमा माथिको तथ्यांकको अवस्थालाई हेर्दा श्रीमान वा परिवारले जानकारी नदिए पनि त्यति चासो नदिए पनि आफै थाहा पाएर वा साथीभाईको माध्यमबाट भएपनि विभिन्न तालिममा संलग्न हुनुले त्यहाँका महिला बिस्तारै घर, कृषिमा मात्र सिमीत नरहि अरु क्रियाकलापमा पनि सहभागीता जनाउने प्रयास गरेको पाइयो । यस्ता तालिमले पनि पारिवारभित्र उनीहरूको स्थान, भूमीकामा प्रभाव पार्दछ ।

यस तथ्यांकले के पनि देखाउँछ भने उमेर छिप्पीएका पुरुषहरूमा चाहि बुढेसकालमा किन तालिम चाहियो, के पैसा आउँछ र , किन बजार डुल्नु पऱ्यो भन्ने सोच हावी छ जसको कारण पनि महिलालाई उत्साहित गर्नमा पुरुष सदस्यको कम भूमीका देखियो । बजार क्षेत्र तथा गैरसरकारी संस्थाहरूको बाहुल्यता भएका कारण पनि महिलाहरू वर्तमानमा केही सिक्नुपर्दछ भन्ने सोचका साथ विभिन्न तालिममा आफनै स्वनिर्णयमा संलग्न छन् ।

## ५.८ महिला पुरुषको सम्बन्ध : स्वतन्त्रतापूर्वक घरायसी समस्या समाधान तथा सामाजिक प्रथामा

समाज दिन प्रतिदिन परिवर्तन हुँदै आइरहेको छ । समयको परिवर्तनसँगै समाजका हरेक इकाई तथा व्यक्ति बिच हुने सम्बन्ध तथा विभिन्न सामाजिक प्रथामा महिलालाई गरिने व्यवहारमा पनि परिवर्तन आएको छ । विशेष गरेर क्षेत्री समाजमा महिला र पुरुषको बिचको सम्बन्ध आजभन्दा बितेका समयमा कठोरपना थियो । आज आएर सो सम्बन्ध केहि खुकुलो भएको छ । यस समाजमा पितृसतात्मक निर्णय हावी भएता पनि समयको परिवर्तनसँगै महिला पुरुषको सम्बन्धमा परिवर्तन आएको छ । शुरुका समय महिलाहरू शिक्षा, नोकरीबाट बञ्चीत रहेता पनि अहिले आएर जिल्ला तथा अध्ययन गरिएको गा.वि.स. को अवस्था हेर्दा छोरीलाई पढाउनु पर्छ भन्ने सोचको विकास भएको पाइयो । विभिन्न संघ संस्थाहरूमा हेर्दा जति महिलाहरूले पढेका छन् । थोरै भएपनि महिलाहरूले जागीर खानु हुन्न, गाउँ गाउँमा डुल्नु हुन्न भनेर परिवारका पुरुष सदस्यले रोकेको अवस्था छैन । पढेका महिलाहरू कोहि पनि खालि बसेको अवस्था देखिएन । समाजका शिक्षित, अग्रज व्यक्तित्वहरूसँगको सोधपुछबाट के थाहा हुन्छ भने शुरुका दिनमा चाहि पुरुषले नै पढ्न नपाएको अवस्था, पुरुषप्रधान समाज, धार्मिक प्रथाको जगडिएको समाज तथा दुर्गम जिल्ला, उच्च शिक्षा पढ्न क्याम्पसको अभावका कारण पनि यहाँका महिलाहरू पिछडिएको, शिक्षाबाट बञ्चीत भएको भन्ने कुरा महशुस गर्न सकिन्छ । तर अहिले महिलाहरूले पनि परिवामा आफ्नो आवाज राख्ने अवसर प्राप्त गरेका छन् ।

स्थलगत सर्वेक्षणकै क्रममा उत्तरदाताहरूलाई तपाईहरू आफ्नो परिवारभित्र स्वतन्त्र भएर घरायसी समस्या समाधान गर्न सक्नु हुन्छ कि सक्नु हुँदैन भनेर सोध्दा ४४ उत्तरदाता मध्ये ४७.७२% ले सक्छु तथा ५२.२७% उत्तरदाताले सक्दीन भन्ने जवाफ दिनुभएको थियो । यसले के पनि महसुस गर्न सकिन्छ भने अझै पनि त्यहाँका महिलाहरूमा आफू नपढेको, कमजोर महसुस छ । जतिले सक्छु भनेर जवाफ दिए । उनीहरूको अवस्था हेर्दाखेरि केही नोकरीमा संलग्न, कोहिले साक्षरता कक्षा लिएका त कोही समूहहरूमा बढी सक्रिय भएको पाइयो । शिक्षा, आम्दानीले कति धेरै महिलाको निर्णायक भूमीकामा प्रभाव पार्दछ भनेर सहजै अनुमान गर्न सकिन्छ । सोही स्थलगत सर्वेक्षणकै क्रममा उत्तरदाता महिलाहरू जसले सक्छु भन्ने जवाफ दिनुभएको थियो । किन सक्नुहुन्न भनेर आफ्ना धारणालाई भन्न आग्रह गरिएको थियो । उनीहरूको धारणा बुझ्दा सबैले आफु अशिक्षीत भएको, आफ्नो आम्दानी

छैन, श्रीमानको कमाइले घर खर्च चल्छ, उनीहरू जान्ने बुझ्ने छैनन्, हामीले बोले पछि आइमाईले लोग्नेमान्छे बोलेको ठाउँमा बोल्नु हुन्न भनेर भन्ने, आफै पनि बाठा-टाठा छैनौ त्यसकारण पनि भनेको मान्नै पर्छ भन्ने खालको धारणा पाइयो । हामी आँखा नभएका मान्छे भनेर शिक्षाबाट बञ्चीत हुनुले पनि आफुहरू घरायसी समस्या समाधान गर्दा पुरुषमाथि निर्भर रहेको बताए ।

त्यस्तै सामाजिक प्रथा, दाइजो तथा विवाहका विषयमा औपचारीक तथा अनौपचारीक कुराकानी गर्दा, स्थलगत रूपमा उनीहरूको पारिवारीक परिवेशको अवलोकन गर्दाखेरी त्यति धेरै दाइजो प्रथा प्रचलनमा रहेको पाइएन । दिदैनदिने भन्ने चाहि होइन तर जुन किसिमले माग हुने, छोरी  विवाहको निम्ति आमा बुबालाई खर्च जुटाउनको निम्ति चिन्ता मान्नु पर्ने अवस्था देखिएन । किनभने यस गाउँमा मागी विवाह भन्दा अहिले आएर बढी प्रेम विवाह गर्ने गरेको पाइयो । पछिमाइती मनाउँदा पनि बढी खर्च लगाएर समाजमा देखाउन माइती मान्नुपर्ने चलन छैन । आफ्नो इच्छा अनुसार चाडो, ढिलो जहिले दिएपनि, नदिएपनि हुने खालको प्रथा छ । अहिले आएर छिटो विवाह गरेता पनि बुहारी बढाएर जागीर खुवाउनुपर्छ भन्ने सोचको विकास बढ्दो छ । यसले गर्दा यहाँका महिलाहरूले दाइजोबाट हुने हिंसालाई खेप्नु नपरेको यर्थाथ प्रष्ट हुन्छ । त्यस्तै दाइजो दिने कुरामा पनि स्थलगत सर्वेक्षण अनुसार जम्मा ४४ उत्तरदाता मध्ये ५९.०९% मा महिला पुरुष दुवैको सह निर्णयबाट दिने गरेको  पाइयो । यसले के प्रष्ट गर्दछ भने कसैको मनोमानि भन्दा पनि समझदारीमा बिना करकाप दुवैको संलग्नतामा दाइजो दिइन्छ ।

## ५.९ घरायसी निर्णयमा प्रभाव पार्ने तत्वहरू

महिलाहरू समाजमा, परिवारभित्र दोस्रो दर्जामा रहनु, उनीहरूको भूमीकालाई स्थान नदिनु, सधै पुरुषको सहयोगीको रूपमा रहनुमा एउटै पक्ष मात्र कारक नभई विभिन्न पक्षले प्रभाव पारेको पाइन्छ । जुन कुरा यसै अध्ययनबाट प्राप्त तथ्यांकको विश्लेषणबाट पनि अनुमान गर्न सकिन्छ । तथापी किन आफू पछि परेको जस्तो लाग्छ । उनीहरू किन घरभित्र खुलेर आफ्नो विचार राख्न सक्दैनन् भन्ने बारेमा थाहा पाउन उत्तरदाता सामु निश्चीत पक्षहरूलाई राखेर प्रश्न गरिएको थियो । जसबाट प्राप्त तथ्यांकलाई प्रस्तुत तालिकामा देखाइएको छ ।

**तालिका नं. २२ : निर्णयमा प्रभाव पार्ने तत्वहरू**

| प्रभावपार्ने तत्वहरू | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षाको कमी | २३ | ५२.२७ |
| चेतनाको कमी | ३ | ६.८१ |
| आयस्तरमा कमी | ८ | १८.१८ |
| परम्परागत मूल्यमान्यता | १० | २२.७२ |
| जम्मा | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं २२ अनुसार तथ्यांकलाई हेर्दा ४४ उत्तरदाता मध्ये २३ जना अर्थात ५२.२७% महिलाहरूले शिक्षाको कमीको कारण नै आफूहरू कमजोर, अरुमाथि निर्भर रहनुपरेको बताए । जुन तथ्यांक लगभग आधा जति छ । यसबाट के प्रष्ट हुन्छ भने शिक्षा यस्तो हतियार हो जसको माध्यमबाट सोचमा परिवर्तन गर्न सकिन्छ । महिलाहरूले आफ्नो अवस्थाको जानकारी पाएर अगाडि बढ्ने बाटो पहिल्याउन सक्दछन् । विभिन्न पेशामा संलग्न भएर आम्दानी बढाउन सक्दछन् । शिक्षा नहुँदा केही थाहा पाउन सक्दैनौ, हिसाब गर्न जान्दैनौ, राम्रोसँग बोल्न जान्दैनौ भन्ने उनीहरूको अभिव्यक्ति थियो । परम्परागत मूल्य मान्यता कारक हो भन्नेमा २३.७२% महिला थिए । उनीहरूको विचारमा महिला भनेका अर्काको घरमा जाने जात हो, सबैको मन जित्नुपर्दछ त्यसकारण धेरै बोल्नु हुँदैन, घर व्यवहार चलाउनु पर्दछ भन्ने खालको परम्परागत सोचको हावि पाइयो । जसको कारण यस्तो सोचले प्रत्यक्ष शिक्षाबाट पनि बञ्चीत गरेको पाइन्छ । जुन विचार नयाँ पुस्तामा कम हुँदै गएको छ । आयस्तरमा कमीको कारणले हो भन्नेमा १८.१८% महिला पाइयो । अत्यन्तै कम ६.८१% महिलाहरू चेतनाको कमीले हो भन्ने पक्षमा थिए । अन्य सबै पक्ष भनेका अप्रत्यक्ष रूपमा शिक्षा माथि निर्भर छन् । त्यसैले पनि शिक्षा पाउन पाएको भए हुन्थ्यो भन्ने खालको विचार बढि पाइयो ।

## ५.१० महिला र पुरुषको दैनिक काम गर्ने समय

कृषि, घरपरिवार भित्र सबभन्दा बढी श्रम महिलाको खर्च हुन्छ । अधिकांस समय उनीहरूले प्रत्यक्ष आम्दानी नहुने क्षेत्रमा बिताउँछन् । जसको आर्थिक मूल्य हुँदैन, न त राष्ट्रिय उत्पादनमा गणना हुन्छ । स्त्री शक्तिले सन १९९३ मा गरेको अध्ययन अनुसार ग्रामीण क्षेत्रका महिलाहरूले १०:३३ घण्टा काम गर्ने गर्दछन् जबकि पुरुषले जम्मा ७ :९७ घण्टा मात्रै काम गर्ने गर्दछन् । यसरी राष्ट्रिय स्तरको अध्ययनले पनि महिलाहरू ग्रामीण क्षेत्रमा बढी समय काम गर्ने देखाउँछ । अधययन क्षेत्रका महिला पुरुषको काम गर्ने समयलाई तथ्यांकीय स्वरूपमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३ : दैनिक काम गर्ने समय**

| समय विभाजन | पुरुष | | महिला | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| २-४ (घण्टा) | ४ | १०.२५ | – | – |
| ५-७ (घण्टा) | २६ | ६६.६६ | ५ | ११.३६ |
| ८-१० (घण्टा) | ९ | २३.०७ | ३१ | ७०.४५ |
| ११ घण्टा भन्दा माथि | – | – | ८ | १८.१८ |
| जम्मा | ३९ | | ४४ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

माथिको तालिका नं २३ अनुसार ३९ जना पुरुषहरू मध्ये आधा भन्दा बढी ६६.६६% पुरुषहरूले दैनिक ५ देखि ७ घण्टा काम गर्दछन् । जसमध्ये अधिकांस नोकरीमा भएको देखियो । ९ जना अर्थात २३.०७% ले ८ देखि १० घण्टा काम गर्दछन् । त्यो भन्दा बढि घण्टा काम गर्ने पुरुषको संख्या सून्य छ । यसबाट के प्रष्ट हुन्छ भने पुरुषले औषद दिनमा ५ देखि ७ घण्टा काम गर्दछन् । एकदमै कम १०.२५% ले २ देखि ४ घण्टा काम गरेको देखियो । कृषि मूख्य पेशा भएर होला नोकरी बाहेक भएका पुरुषहरू कृषिमा महिलासँगै संलग्न देखिन्छन् । त्यसको ठिक उल्टो महिलाको सन्दर्भमा देखिन्छ । ४४ उत्तरदाता मध्ये अधिकांस महिलाहरूले दिनमा ८-१० घण्टा काम गरेको देखिन्छ । जुन कुल संख्याको ७०:४५% छ । ११ घण्टा भन्दा माथि काम गर्ने महिलाको संख्या ८ अर्थात वा १८.१८ % रहेको छ । २ देखि ४ घण्टा काम गर्ने महिलाको संख्या शुन्य छ ।

यसरी हेर्दा तुलनात्मक रूपमा पुरुष भन्दा महिलाहरू बढी समय काम गरेको पाइयो । तर बास्तविक व्यवहारमा चाहि पुरुषहरूले नोकरी तथा महिलाहरूले कृषि तथा घरायसी काममा समय बिताउने भएको कारण बढी महत्व पुरुषको रहेको पाइयो । धेरै पुरुषहरूले ५-७ घण्टा काम गर्नु या उनीहरू ढी जसो नोकरीमा मात्र सीमित छन् । कृषिमा कम समय दिन्छन् । तर महिलाहरू ८-१० घण्टा कम गर्नुले उनीहरू बिहान बेलुका घरमा, त्यसपछि खेतीपाती तथा नोकरी छ भने दिनमा नोकरीलाई पनि सँगै अगाडि बढाउनाले पनि धेरै समय काम गर्दछन् । यसले के प्रष्ट पार्दछ भने यस क्षेत्रमा महिलामा कामको बोझ धेरै छ ।

# अध्याय – ६

# शारांस, निष्कर्ष

## ६.१ शारांस

यो शोध अध्ययन स्थलगत सर्वेक्षण को माध्यमबाट हुम्ला जिल्लाको सिमीकोट गा. वि. स. अर्न्तगत का ३,४,५,६ वडा हरूमा २०६८ फागुन महिनामा गरिएको थियो । सबै उत्तरदाताहरू यस ठाउँका बासिन्दा हुन् । १५ देखि ६० वर्ष भित्रका महिलाहरू लाई लिएर यो शोध अध्ययन गरिएको थियो । त्याहाँका स्थानिय क्षेत्रीमहिलाहरूको घरायसी निर्णय प्रकृयामा रहेको भूमीका को बारेमा जानकारी लिने उद्देश्यले उनीहरूसँग सम्बन्धीत विविध आर्थिक, सामाजिक, पारिवारीक, शैक्षिक अवस्था माथि केन्द्रीत रहेर तथ्यांकको विश्लेषण गरिएको छ । अध्ययनको मूख्य विषयमा प्रवेश गर्नु अघि अध्ययन क्षेत्रका जम्मा घरधुरीहरूको सामाजिक-आर्थिक तथा जनसंख्यासँग सम्बन्धी विशेषताहरू लाई समेटिएको छ ।

यस अध्ययनको विशिष्ट उद्देश्य चाहि अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक-आर्थिक पृष्ठभुमीको बारेमा जानकारी लीदै जसको विश्लेषणबाट क्षेत्री महिलाहरूको घरायसी क्रियाकलापमा निर्णय गर्ने भूमीकालाई प्रभाव पार्ने अन्य तत्वहरूको पहिचान गर्नु रहेको छ । महिला संलग्न हुने विभिन्न क्रियाकलापको विश्लेषण तथा अवस्थाको जानकारी बाट उनीहरूको निर्णायक भूमीका बारेमा जान्ने प्रयास गरीएको छ । जुन उद्देश्यपुरा गर्नका निम्ती अध्ययन क्षेत्रका रूपमा हुम्ला जिल्लाको सिमीकोट गा. वि. स. भित्रको तल्लो गाउँलाई लिइएको थियो । सो गाउँका ३, ४, ५ र ६ वडामा रहेका जम्मा २२० घरधुरीमध्ये २० प्रतिशत पर्नेगरि Systematic Random Sampling Method प्रयोग गरि ४४ घरधुरीबाट मात्र तथ्यांक संकलन गरिएको छ ।

यो अध्ययन अन्वेषणात्मक अनुसन्धान ढाँचा मा आधारित भएर गरिएको छ । तथ्यांकको स्रोतको रूपमा प्राथमीक तथा द्धितीय स्रोतलाई प्रयोग गरिएको छ । अवलोकन, अन्तरवार्ता, विशीष्ट जानकार व्यक्तिहरूसँग छलफल, संरचित तथा असंरचित प्रश्नावली जस्ता विधिहरूबाट परिणात्मक तथा गुणात्मक तथ्यहरू संकलन गरिएको छ । अधययनका लागी चाहिने तथ्यांकहरू प्राथमीक श्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, स्थलगत अवलोकन मुख्य सुचनादाताको अन्तरवार्ता जस्ता माध्यमहरू प्रयोग गरिएका छन् । त्यस्तैगरि द्धितिय श्रोत

अन्तरगत महिला का विभिन्न पक्षका सम्बन्धमा लेखिएका लेख, पुस्तक, तथ्यांक विभाग प्रकाशीत तथा अप्रकासीत लेख, साहित्यीक पत्रीका, प्रतिवेदन विभिन्न संस्थाहरूको प्रतिवेदन आदिबाट पनि आवश्यक सुचनाहरू संकलन गरिएका छन् । यसरी संकलन गरिएका तथ्यांकलाई तालिका र चार्ट बनाई प्रस्तुत गरि आवश्यकता अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ ।

शोध अध्ययनका क्रममा सिमीकोट गा.वि.स वडा नं. ३,४,५ र ६ का जम्मा २२० घरधुरी मध्ये ४४ घरधुरी नमुना छनौटमा परेका छन् ४४ घरधुरीमा स्थलगत सर्वेक्षण अनुसार जम्मा २५२ जनसंख्या रहेका छन् । यी मध्ये पुरुष ५१.५८% र महिला ४८.४१% महिला रहेका छन् । जसमा ० देखि ५ वर्ष सम्म ३.१७%, १६ देखि ३५ सम्म २६.९८%, ४६ वर्ष भन्दा माथि २१.०३% रहेका छन् । शिक्षाको स्तर अनुसार जनसंख्या विश्लेषण गर्दा हरेक तहमा पुरुषको तुलनामा महिलाको ठिक उल्टो छ । पुरुष ३२.३३% साक्षर छन् भने महिला ३०.२५% निरक्षर छन् । उच्च शिक्षा हाँसील गर्ने पुरुष २६.०६% छन् भने महिला ९.२४% छन् ।

महिलाको वैवाहिक स्थितीलाई हेर्दा ८८.६३% महिला विवाहित, ९.०९% विधवा र २.२६% सम्बन्ध विच्छेद भएको पाइयो । अविवाहित सून्य हुनुले त्याहाँका महिलाको छिटो विवाह हुने प्रविधि देखियो । जम्मा उत्तरदाता मध्ये अधिकांस ६१.३६% को १६ देखि २० वर्षको उमेरमा विवाह भएको पाइयो । यसले के देखाउँछ भने अधिकांस महिलाहरू छिट्टैनै घरव्यवहार बच्चा पाउने काममा संलग्न भएको देखिन्छ । जसको प्रभाव शिक्षामा परेको पाइयो । सर्वेक्षण अनुसार ४४ उत्तरदातामध्ये ४३.१८% ले नाम मात्र लेख्न जान्ने, २२.७२% पुरै निरक्षर भएको पाइयो । औपचारिक रूपमा शिक्षालिएका हरू अत्यन्तै न्यून पाइयो ।

उत्तरदाताको पारिवारिक पेशालाई हेर्दा ६१.३६% घरधुरीले कृषि पेशा तथा अन्य, ब्यापार, नोकरी मा चाहि कृषि को तुलनामा कम परिवार संलग्न भएको भेटियो ६१.३६% घरपरिवारको ४-६ रोपनी जग्गा रहेको पाइयो । यसले के देखाउँछ भने धेरैलाई कृषि उत्पादनले वर्षभरि खान पुग्दैन । १० रोपनी भन्दा माथि जग्गा ६.८१% सँग मात्र भेटियो उनीहरूलाई चाहि कृषि उत्पादनले खान पुगेको पाइयो । उत्तरदाताका सम्पूर्ण परिवारको सदस्यहरूको पेशाको विश्लेषण गर्दा अध्ययन क्षेत्रका अधिकांस मानिसहरू ४३.२५% विद्यार्थी छन् र ३३.६३% ले कृषि पेशा अँगालेका छन् । कृषिमा जनशक्ति बिस्तारै घटेको पाइयो । पेशा उत्तउदाताको आफ्नो कृषिबाहेक अन्य पेशा ६८.१८% उत्तरदातासँग नभएको भेटियो

भने ३१.८१% ले अन्य नोकरी गरेको भेटियो । यसबाट महिलाको आफ्नो स्वामीत्व रहनेगरि आर्थिक अवस्था बलियो नरहेको देखिन्छ ।

अध्ययन क्षेत्रमा ७५% घरपरिवारमा पुरुष घरमुलि रहेको पाईयो । २५% महिला घरमुलि रहनुले पुरुषको वर्चस्व परिवारमा रहेको थाहा हुन्छ । यसै सेरोफेरोमा रहेर महिलाको घरायसी क्रियाकलापको निर्णय प्रकृयामा रहेको भूमीका, अवस्था लाई बुझ्न उनीहरूसँग सम्बन्धीत विभिन्न पक्षमा रहेको उनीहरूको सहभागीता, निर्णायक भूमीकाको विश्लेषण गरिएको थियो । जसअनुसार कृषि उत्पादन बेच्ने किन्ने काममा बढि ५९.०९% महिलाको निर्णय चन्ने देखियो । अन्न उत्पादनमा पनि बढि महिलाको निर्णय हावि देखियो जसमा ४७.७२% महिला को निर्णय संलग्न देखियो । यी दुवैमा पुरुष एकदमै कम सहभागीता छ । यसले कृषि क्रियाकलापमा महिलाको भूमीका बढि भएको देखाउँछ । घरायसी सामान किनमेल मा ३८.६३% तथा आर्थिक कारोवार मा महिला रहभागीता ६५.९०% रहनुले साधारण आर्थिक क्रियाकलाप जो दैनीक घरायसी खर्चसँग सम्बन्धीत छ , जसमा महिलाले निर्णायक भूमीका खेलेको पाइयो । तर ठूला-ठूला रकमको लेनदेनमा जस्तो १००००० भन्दा तलको कारोबारमा पुरुषको निर्णय ३६.४८% महिलाको एकदमै कम ५.७१% रहनुले महिलाको ठूलो-ठूलो कारोबारमा भूमीका कम रहेको देखिन्छ ।

जमीनमाथिको स्वामीत्व रहेका महिलाहरू एक दमैकम २०.४५% देखियो । जो पछि किनेको बढि जस्तो आफ्नै सक्रियता मा किनेको देखियो । प्रजनन् अधिकारमा पनि पुरुषको वर्यस्व रहेको पाइयो । परिवारको आकार निर्धारणमा ५०% पुरुषको निर्णय हावी देखियो । तर ६४.७०% पुरुषले स्वनिर्णयमा स्थाई परिवार नियोजन गरेको पाइयो । बालबालिकाको शिक्षामा चाहि दुवैजनाको निर्णय बढि संलग्न रहेको देखियो ।

अनौपचारीक शिक्षाको सबालमा जम्मा ४४ जना मध्ये ४०.९०% ले लिएको र नलिनेको ५९.०९% रहेको पाइयो । यसलेपनि अनौपचारिक शिक्षामा पनि परिवारको सहयोग नपाएको देखियो । किनभने लिएका मध्ये ४४.४४% ले आफ्नै कोशीसबाट लगेको पाईयो । तर सामुदायीक समुहमा सानो वा ठूलो भूमीका मा उत्तरदाताहरू सहभागीता भएको पाइयो । बाहिरी समुदायमा संलग्नता बढाउने तिर ध्यानाकार्षण भएको पाइयो । शिक्षा, आयस्तर तथा, सामाजिक संस्कारका कारण ५२.२७% महिलाहरूले परिवार भित्र स्वः निर्णयमा समस्यासमाधान गर्न नसक्ने विचार प्रकट गरेको पाइयो । निर्णायक तहमा पुग्न

नसक्नुको कारणमा सबभन्दा बढि शिक्षाको अभाव देखियो । जसमाथि सहमति जनाउने ५२.२७% महिलाहरू देखिए । त्यसपछि आय तथा मूल्यमान्यता देखियो ।

## ६.२ निष्कर्ष

स्थलगत सर्वेक्षण बाट प्राप्त तथ्यांकको विश्लेषण तथा माथि उल्लेखित शारांसको आधारमा निम्न प्रकारको निष्कर्षमा पुग्न सकिन्छ । जसलाई दुई भागमा विभाजन गरेर उल्लेख गरिएको छ ।

### १) सामाजिक - आर्थिक विशेषताहरू

- उतरदाता महिलाहरू मध्य अधिकांश विवाहित रहनु तथा एकदमै न्यून एक जना मात्र सम्बन्ध विच्छेद भेटिनुले त्याहाँका महिलाहरू को छिट्टै विवाह हुने तथा सामाजिक संस्कारमा जगडिएको पाइयो ।

- उत्तरदाताहरूमध्ये अधिकांशले नाम मात्र लेख्न जान्ने तथा २२.७२% पुरै निरक्षर र औपचारिक शिक्षा लिएकाहरू अत्यन्तै कम भेटिनुले त्याहाँका महिलाहरूको शैक्षिक अवस्था एकदमै कमजोर रहेको भन्न सकिन्छ । अध्ययन क्षेत्रका मानिसहरूको स्तरगत आधारमा शैक्षिक स्थिती हेर्दा पनि शिक्षाको तह बढ्दैजाँदा पुरुषको सहभागीता बढ्दो छ तर महिलाको घट्दै उच्च शिक्षामा ११९ जना मध्ये ९.२४% ले मात्र उच्च शिक्षा प्राप्त गरेका छन् । आजको दिन सम्म पनि उच्च शिक्षामा पहुँच महिलाको अत्यन्तै कम छ ।

- अध्ययन क्षेत्रका मानिसहरू तथा उत्तरदाता महिलाहरूको परिवार अधिकांस कृषि पेशामा संलग्न रहनुले महिलाहरू बढी घरायसी तथा कृषि कार्यमा संलग्न छन् भने पुरुषहरू बढि नोकरी तथा व्यापारमा संलग्न भएको देखिन्छ ।

- ६१.३६% महिलाको विवाह छिट्टै अर्थात १६ देखि २० वर्ष भित्र भएको पाइयो । जसको कारण महिलाहरू छिट्टै तथा धेरै बच्चा पाउनाले स्वास्थ्य स्थिती खराब भएको पाइयो ।

- अधिकांश मानिसहरू कृषि पेशामा संलग्न भएतापनि ६१.३६% जनसंख्या को ४-६ रोपनी मात्र जमीन हुनुले कृषि उत्पादन धेरैलाई वर्षभरि जिविकोपार्जन गर्न कठिन भएको देखिन्छ ।

- अधिकांश परिवारमा पुरुष घरमुलि छन् । उनीहरू मध्य धेरै नोकरीमा पनि छन् तर महिलाहरूको शैक्षिकस्तर कम रहनाले उनीहरू कृषि बाहेक अन्य पेशामा संलग्न भएर आय-आर्जन गरेको पाइदैन । परिणाम स्वरूप महिलाहरूको आर्थिक अवस्थापनि एकदमै नाजुक रहेको देखिन्छ ।

२) **घरायसी क्रियाकलापको निर्णय प्रकृयामा महिलाको भूमीका**

- कृषि उत्पादनलाई बेच्ने, किन्ने काम ५९.०९% महिलाको निर्णय मा हुन्छ भने जम्मा २०.४५% निर्णय पुरुषको रहेको छ । साथै अन्न उत्पादन प्रकृयामा पनि कुन बिउ लगाउने भन्ने मा बढि पुरुषको तुलनामा महिला निर्णायक भूमीकामा सक्रिय रहनुले कृषिमा महिला सहभागीता बढि रहेको देखिन्छ ।

- घरायसी खर्चका सामान किनमेल तथा सामान्य तथा आर्थिक क्रियाकलापमा महिलाको सहभागीता पुरुषको तुलनामा केहि बढि देखिन्छ । तर रु १००००० सरहको ठूलो रकमको लेनदेनमा भने पुरुषको ३६.४८% र महिलाको ५.७१% सहभागीताले महिलाहरू को ठूलो-ठूलो आर्थिक कारोवारमा सहभागीता निर्णायक भूमीका एकदमै कम रहेको पाइन्छ । किनकि उनीहरू आफूलाई आर्थीक, शैक्षिक, मानसीक रूपमा कमजोर ठान्दछन् ।

- सामान्य फलफुल तरकारी बेचेर वर्षमा बढिमा १०,००० जतिको आम्दानी प्राप्त गरेको त्यो पनि दैनिक व्यवहारमा खर्च गरेको पाइयो । अहिले आएर केहिले आफू संलग्न भएको समुहमा बचत गरेको पाइयो ।

- महिलाको आफ्नो प्रजनन् स्वास्थ्यमाथि अधिकार पुरुषको तुलनामा कम रहेको छ । तर परिवार नियाजनको साधन प्रयोग गर्ने विषयमा स्थायी गर्ने पुरुषबढि छन् भने अस्थाइमा पनि पुरुषको निर्णय हाबी रहनुले जनसंख्या शीक्षाको बारेमा पुरुष बढि संवेदनशिल छन् भन्ने थाहा हुन्छ ।

- बालबालिकाको शिक्षामा धेरै जसो परिवारका पुरुष- महिला दुवै बढि संवेदनशील रहेको पाइयो । परिणाम स्वरूप बालबालिका स्कूल पठाउने कुरामा ७९.५४% निर्णयमा दुवैको सहभागीता छ ।

- औपचारिक शिक्षा नलिएको कारण उमेरगएपनि अहिले आएरपनि ४०.९०% महिलाहरूले साक्षरता कक्षामा संलग्न भएको पाइयो । त्यस्ता कक्षामा धेरै महिलाहरू स्व-इच्छाले संलग्न रहनुलले परिवारबाट सहयोग नपाएको प्रष्ट हुन्छ । शिक्षा विना अहिलेको परिस्थितीमा कुनै पनि क्षेत्रमा प्रतिस्पर्धा गर्न सकिदैन भन्ने कुरा नयाँ पुस्ताले राम्रो सगँ बुझ्केको तर उच्च शिक्षाका लागी महिलाहरूलाई प्रोत्साहन नगरेको पाइयो । छोरालाई शिक्षा क्षेत्रमा बढि लगानी गर्न अभिभावक उत्सुक तर छोरीलाई सामान्य शिक्षा दिने सोचमा रहेको पाइयो ।

- अध्ययन क्षेत्रमा सामाजिक कु-संस्कारको रूपमा रहेको दाइजोप्रथा को नकारात्मक प्रभाब कमै पाइयो । वर्तमान अवस्थामा उत्तरदाता महिलाहरू बिभिन्न साना-साना समूहमा आबद्ध रहनुले उनीहरू बिस्तारै आय-आर्जन गर्ने तथा स्वाबलम्बी बन्ने प्रयासतिर उन्मुख रहेको भन्न सकिन्छ । साथै यस्ता समुहमा संलग्नताले ६१.३६% महिलाहरूले बिभिन्न तालिम पनि लिइएको पाईयो । परिणाम स्वरूप उनीहरूको आत्मविश्ववास बढेको पाइन्छ । किनभने यस्ता क्रियाकलापमा उनीहरूले आफ्नो निर्णयमा गरेको पाइयो ।

- कृषि, घरायसी क्रियाकलापमा अधिकांश पुरुषको तुलनामा ६०.४५% महिलाहरूले ८-१० घण्टा काम गर्दछन् तर पनि उनीहरूको भूमीकालाई त्यति महत्व नदिएको तथा परिवारभित्र हरेक काममा पुरुषको अन्तिम निर्णयलाई सबैले मान्ने देखिन्छ । जसको कारण महिला दोस्रो दर्जाको सदस्यमा गनिएका छन् ।

- अधिकांस महिलाले स्वतन्त्र पूर्वक घरायसी समस्या समाधानमा निर्णय दिन नसक्नुमा शिक्षाको अभाव मूख्य बाधक तत्वहरूको रूपमा रहेको पाइन्छ ।

यसकारण भन्न सकिन्छ कि, घरायसी क्रियाकलापको निर्णय प्रकृयामा अध्ययन क्षेत्रका क्षेत्री महिलाहरूको भूमीका तथा अवस्था कमजोर छ । स्थलगत सर्वेक्षण बाट प्राप्त तथ्यांकको निष्कर्ष तथा यस शिर्षकसँग सम्बन्धीत विभिन्न

अनुसन्धान, लेख, प्रतिवेदन, पुस्तक को अध्ययन बाट प्रष्ट हुन्छ कि नेपाली समाजमा महिलाको सामाजीक-आर्थिक शैक्षिक, सांस्कृतिक अवस्था कमजोर तथा दयनिय छ । जसको प्रभाव उनीहरूले घरभित्र, समाजमा निभाउने भूमीका, क्रियाकलापमा, निर्णायक विचार दिने कुरामा परेको पाईन्छ । आधा भन्दा बढि जनसंख्या ओगटेका महिलाहरू समाज, देश तथा परिवारसँग सम्बन्धीत विकासका काम बाट बञ्चीत हुन्छन्, उनीहरूको श्रमको, सहभागीताको अबमूल्यन हुन्छ भने त्यसको असर प्रत्येक समाजमा नकारात्मक पर्न जान्छ । त्यसकारण सामाजीक विभेद, रुढीवादी संस्कृतिलाई चिर्दै उपयूक्त ज्ञान र सीप बाट उनीहरूको दक्षता वृद्धि गरि रोजगारिका अवसर प्रदान गर्दै निर्णायक भूमीकामा पुर्‍याउन सकिन्छ ।

# सन्दर्भग्रन्थ सुची


एङ्गेल्स, फेडरीक सन् (१८८२), **परिवार निजी सम्पती र राज्यको उत्पति ।** काठमाण्डौंः प्रगति प्रकाशन ।

अर्याल, भोजेन्द्र (२०६५), **नेपाली समाज र संस्कृतिको विश्लेषण**, ज्ञानकुञ्ज प्रकाशन काठमाडौं ।

अर्याल, सन्जु (२०६७), **महिला शसक्तिकरण र सहकारी,** महिला अधिकार राष्ट्रिय महिला आयोग ।

ओझा, नेत्र (२०६३), **समाजका ढाँचाहरू,** एकेडेमिक बुक सेन्टर कीर्तिपुर ।

कुँवर, तुष्ण २०६८ पुष, **महिला हिंसाको अर्को पाटो,** नारी मासिक पत्रिका ।

केन्द्रिय तथ्यांक विभाग (२०५८), थापाथली, काठमाडौं ।

केन्द्रिय तथ्यांक विभागा २०५९/०६०

घिमीरे, ओमप्रकाश (२०६५), **महिलाका मुद्दामा छापा माध्यम,** प्रशान्ती प्रकाशन ।

जिल्ला शिक्षा कार्यालय (२०६३) हुम्ला ।

तामाङ, सेरा (२००७), **नेपालमा विकासेनारीवाद, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन,** सोशल साइन्स वहाःका लागि हिमाल किताबद्धारा प्रकाशित ।

निजामति किताब खाना, (२०६७/११/१७), हरिहर भवन ।

प्रधान, गौरी (२०६८), **परिवर्तनको बाटोमा महिला र मानव अधिकार,** महिला अधिकार, राष्ट्रिय महिला आयोग ।

पौडेल, तुलसीराम (२०५८), **लैङ्गिक अध्ययनको रुपरेखा,** निमा पुस्तक प्रकाशन, प्रदर्शनीमार्ग, काठमाडौं ।

राष्ट्रिय जनगणना (२०३८), केन्द्रीय तथ्यांक बिभाग काठमाडौँ

**राज्यका समग्र क्षेत्रमा महिलाहरूको सहभागिता सम्बन्धि रणनिती (२०६८)**, कार्यपत्र प्रस्तुती, नेपाल राष्ट्रिय महिला आयोग ।

राय, कौशल कुमार (१९६६), **भारतिय सामाजिक विचारधारा** नविन प्रकाशन मन्दीर ।

रिजाल, ओमप्रसाद (२०६७), **नेपालमा महिलाको वर्तमान तथ्यांकिय अवस्था,** वार्षिक प्रतिवेदन केन्द्रीय तथ्यांक विभाग ।

रेग्मी, बगला (२०५०), **निजामती सेवामा महिला पहुँच एक समाजशास्त्रीय अध्ययन,** समाजशास्त्रीय मानवशास्त्र केन्द्रिय विभाग त्रि.वि. काठमाडौं ।

रेग्मी, सरला (२०६७), **नयाँ संविधानमा महिला अधिकार कसरी सुनिश्चीत गर्ने** ? महिला अधिकार, राष्ट्रिय महिला आयोग ।

लुइटेल, हरिगोविन्द (२०५८), **चेनतामुलक कार्यक्रमहरू कहाँ भएको छन् र पर्याप्त** ? अस्मिता १४ (६३): ६-७ ।

**सार्वजनिक सेवामा श्रेणी अनुसार लिंग संख्याको विवरण,** निजामती किताब खाना, हरीहर भवन २०६७/११/१७ ।

शर्मा, निर्मला (२०६८), **पुरुषको देश महिलाको घर,** कान्तिपुर दैनीक ।

शाह, आर.के (२०५८), **जनसंख्या शिक्षा**, एकता बुक्स काठमाडौं, नेपाल ।

**हुम्ला जिल्लाको वस्तुगत विवरण** (२०६३), राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रिय तथ्यांक विभाग, प्रकाशन शाखा तथ्यांक कार्यालय हुम्ला बाजुरा ।

श्रेष्ठ, केशव र साथीहरू (२०६६), **लैङ्गिक अध्ययन** एकेडेमिक बुक सेन्टर किर्तिपुर ।

**त्रिवर्षीय अन्तरिम योजना** (२०६७/०६८- २०६९/०७०) त्रीवर्षीय योजनाको आधारपत्र राष्ट्रिय योजना आयोग ।

# Reference


Acharya, M. (1997). **"Gender Equality and Empoewrment of women in Nepal"**. A Status Report Submitted to UNFPA, Kathmandu.

Acharya (1995). ***The status of women in Nepal*** **Vol.V.** Kathmandu, CEDA. 44-49.

Acharya and Bennet. (1981). **The rural women in Nepal an aggregate analysis and summary of eight village studies and summary of women in Nepal field studies,** Vol ii Part 9: 127-143 Ceda/TU Nepal.

Acharya Meena (1981). **The status of women in Nepal,** Vol.2, Part-1, CEDA Kathmandu.

Acharya, Meena. (1993). **Feminist movement in Nepal.** Paper Presented at the Regional Sminar- cum-workshop of women and media, Kathmandu. Nepal

Acharya, Meena. (1995). **Twenty years of WID and Rural women of Nepal.** Asia-Pacific Journal of Rural Development 5 (1): 59.78

Aryal, Inu. (1979). **Nepal country paper.** Paper presented at the Regional preparatory conference for the world conference of the UN Decade for women November 5-9

Bennett, Lynn. (1979). **Tradition and change in the legal status of Nepalese women,** The status of women in Nepal. Vol.1. Background report part 2. Kathmandu: CEDA T.U.

Bennett, Lynn. (1983). **Dangerous wives and Sacred Sisters: Social and Symbolic Roles of High-caste woment in Nepal.** New York: Columbia University Press.

Bhasin, Kamala, **what is patriarchy ?** New Deli Kali for women.

Central Bureau of statistics (CBS): (2001). **Population census 2001** National report Kathmandu.

Central Bureau of statistice (CBS): (1991). **Population census.** Thapathali Kathmandu.

Dhakal and sheikh (1997). **Breaking Barriaens Building Bridges, A case study of USAID**. Women and Empowerment Programme, Kathmandu.

Kaur, Satman. (1987). **"Women in rural Devlopment:** A case study Mittal, "Deli: 120

Karki, Roshan (2003). **The Kathmandu Sunday Post,** January 5, 2003.

Luital, Samira (1992). **"Women and Devlopment"** published by BP Luital Kathmandu, Nepal.

**Nepal Human Development Report** (1998), Nepal South Asia, Kathmandu.

March, Kathryans. (1983). **Weaving Writing and Gender.** Cornell University.

Nepal and the World a Statistical Profile 2004 FNCCI, Kathmandu. OECD, 2010, **Gender equality and social institutions in Nepal,** France Research of Shtri Shakti (1993).

Ritzer, George (2000). **Modern Sociological theory.** New York: Mc Grow Hill Company.

Shtri Shakti. (1995). **Women development a case study of the socio-ecnomc change in the status of women in Nepal.**

UNDP. (1995). **" Nepal Human Devlopment Repot"**, New York: Oxford University Press.

# परिशिष्ट

## अन्तवार्ता सूचि

## घरायसी निर्णय प्रकृयामा महिलाको भूमीका : सिमीकोट गा.वि.स.का क्षेत्री महिलाहरूको एक समाजशास्त्रीय अध्ययन

१. उत्तरदाताको नाम :

उमेर : धर्म :

शिक्षा :

२. वैवाहिक स्थिति:

क. विवाहित ख. अविवाहित ग. एकल

घ. विधवा ङ) सम्बन्ध विच्छेद

३. उत्तरदाताको पारिवारिक संरचना

| क.स | नाम | घरमूलीसँगको नाता | उमेर | लिंग | धर्म | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |

४. विवाह गर्दाको उमेर 

५. पेशा :

क. नोकरी ख. कृषि ग. व्यापार घ. अन्य

६. तपाइको जमीन छ कि छैन ?

क. छैन ख. छ भने कति रोपनी 

७. तपाइको उत्पादनले कति समय खान पुग्छ ?

क. १-३ महिना  ख. ४-६ महिना

ग. ७-९ महिना  घ. १०-१२ महिना

८. बढि भएको अन्न के गर्नुहुन्छ ?

क. बजारमा लगेर बेच्ने  ख. पैचो दिने

ग. घरायसी काममा लगाउने

९. यदि पुग्दैन भने कहाँबाट ल्याएर व्यहोर्नु हुन्छ ?

क. सेवा  ख. व्यापार

ग. ज्यालादारी  घ. अन्य

१०. कृषि उत्पादनलाई बेच्ने/किन्ने काममा कसले निर्णय गर्छ ?

क. पुरुष  ख. महिला

ग. दुवै  घ. अन्य

११. कुन अन्न उत्पादन गर्ने भन्ने कुरा कसले निर्णय गर्छ ?

क. पुरुष  ख. महिला  ग. दुवै  घ. अन्य

१२. ऋण लिने/दिने प्रकृयामा कसको निर्णय हुन्छ ?

| परिणाम | पुरुष | महिला | दुवै | अन्य |
|---|---|---|---|---|
| रु. ५०० भन्दा तल | | | | |
| रु. १००० भन्दा तल | | | | |
| रु. १०००० भन्दा तल | | | | |
| रु. १००००० भन्दा तल | | | | |

१३. घरायसी सामान किन्ने काममा कसले निर्णय गर्छ ?

क. पुरुष  ख. महिला  ग. दुवै  घ. अन्य

१४. पैसा लिने र दिने काममा के महिलाको सहभागीता रहन्छ ?

क. हुन्छ  ख. हुँदैन

१५. घरायसी खर्चमा कसको निर्णय हुन्छ ?

क. पुरुष　　ख. महिला　　ग. दुवै　　घ. अन्य

१६. कृषि पेशा बाहेक तपाइसँग अन्य कुनै पेशा छ ?

क. छ　　ख. छैन

१७. यदि छ भने यस पेशाको निम्ती कसले निर्णय गरेको थियो ?

क. आफै　　ख. श्रीमान　　ग. सासु

घ. ससुरा　　ङ. अन्य ........................

१८. वर्षमा कति जति कमाउनु हुन्छ ?

क. ५०० भन्दा माथि　　ख. १००० भन्दा माथि

ग. ५००० भन्दा माथि　　घ. १०००० भन्दा माथि

१९. तपाईको कमाई कसले लिन्छ ?

क. आफै　　ख. श्रीमान　　ग. सासु

घ. ससुरा　　ङ. अन्य ........................

२०. आफनो कमाइको केहि अंश बचत गर्नुहुन्छ ?

क. गर्छु　　ख. गर्दिन

२१. दिनमा काम गने अवधि (घण्टा)

क. काम गर्ने समय (पुरुष)    

ख. कामगर्ने समय (महिला)    

२२. आफनो नाममा जमीन छ ?

क. छ　　ख. छैन

२३. यदि छ भने पैत्रीक सम्पत्ती हो की पछि किनेको ?

क. पैत्रीक सम्पती　　ख. किनेको

२४. यदि छ भने तपाईको नाममा जमिन किन्नलाई कसले निर्णय गर्छ ?

क. आफै    ख. श्रीमान    ग. सासू

घ. ससूरा    ङ. अन्य

२५. परिवारमा छोरा/छोरी कति बच्चा चाह्निछ भन्ने बारे कसले निर्णय गर्छ ?

क. आफै    ख. श्रीमान    ग. सासू

घ. ससूरा    ङ. अन्य

२६. परिवार नियोजनको साधनबारे सुन्नुभएको छ ?

क. छ    ख. छैन

२७. परिवार नियोजनको साधन प्रयोग गरेको छ ?

क. छ    ख छैन

२८. यदि स्थाई हो भने कसले गरेको छ ?

क. श्रीमान    ख. श्रीमती

२९. कसले निर्णय गर्छ ?

क. श्रीमान    ख. श्रीमती    ग. अन्य

३०. के तपाईलाई छोरा/छोरी स्कूल पठाउनु आवश्यक लाग्छ ?

क. लाग्छ    ख. लाग्दैन

३१. छोरा/छोरीलाई स्कूल पठाउने कुरामा कसले निर्णय गर्छ ?

क. महिला    ख. पुरुष    ग. दुवै    घ. अन्य

३२. तपाई कुने प्रौढ कक्षामा संलग्न हुनुहुन्छ ?

क. छ    ख. छैन

३३. यदि हुनुहुन्छ भने कसले यो निर्णय गर्छ ?

क. आफै    ख. श्रीमान    ग. दुवै    घ. अन्य

३४. तपाईको परिवारमा कोहि बिरामी हुँदा डाक्टर तथा जान्नेसँग सल्लाह लिनु हुन्छ ?

क. लिन्छु ख. लिदिन

३५. यदि लिनुहुन्छ भने कसको निर्णयबाट लिनुहुन्छ ?

क. पुरुष ख. महिला ग. दुवै घ. अन्य

३६. यदि हुँदैन भने किन डक्टरको सल्लाह लिनु हुँदैन ?

क. पैसाको कमीले

ख. समयको अभाव

ग. ज्ञानको कमीले

३७. तपाईको परिवारमा दाइजो दिने चलन छ कि छैन ?

क. छ ख. छैन

३८. यदि छ भने दाइजो कति दिने भनेर कसले निर्णय गर्छ ?

क. पुरुष ख. महिला ग. दुवै घ. अन्य

३९. गएको दश वर्षमा कसैले तपाईको घरबाट विवाह गर्नुभएको छ ?

क. छ ख. छैन

४०. त्यो विवाहको निम्ती कसले निर्णय गर्नुभएको थियो ?

क. आमा ख. बुबा ग. दुवै घ. अन्य

४१. तपाई कुनै सामुदायिक समूहमा सदस्य हुनुहुन्छ ?

क. आमा समुह

ख. सामुदायिक बन उपभोक्ता समुह

ग. अन्य

४२. के तपाई आफनो विचार सामुदायिक समुहमा व्यक्त गर्नुहुन्छ ?

क. गर्छु ख. गर्दिन

४३. तपाईले कुने तालीम लिनुभएको छ ?

क. छ　　　　　　　ख. छैन

४४. तालीम लिनमा कसले निर्णय गर्नुभएको थियो ?

क. श्रीमान　　　　　ख. आफै　　　　　ग. सासु

घ. ससुरा　　　　　ङ. अन्य

४५. घरायसी क्रियाकलापको निर्णय गर्दा तपाई स्वतन्त्रपूर्वक गर्नसक्नु हुन्छ ?

क. सक्छु　　　　　ख. सक्दिन

४६. यदि सक्नु हुँदैन भने किन ?

..........................................................................................

..........................................................................................

४७. घरायसी समस्यामा निर्णयगर्दा प्रभाव पार्ने तत्वहरू के के हुन् जस्तो लाग्छ ?

क. शिक्षाको कमी

ख. चेतनाको कमी

ग. आयस्तरमा कमी

ङ परम्परागत मूल्य मान्यता

च. अन्य